نيبالى

# كيفية الطهارة والصلاة
## فى ضوء الكتاب والسنة الصحيحة

# पवित्रता र नमाजको विधि
(पवित्र कुरआन र सही हदीसको आधारमा)


**إصدار**

إدارة المسجد الكبير

مراقبة الجاليات والمهتدين الجدد



**إعداد**

كرم الله منصور عبد الرؤف

خطيب باللغة الأردية بمراقبة الجاليات والمهتدين الجدد

ومدرس في المركز الثقافي الإسلامي بالكويت سابقاً



الإصدار الخامس

٢٠١٢م - ١٤٣٣ هـ

# विषय सूचि


पृष्ठ

भूमिका ........................................................५
इस्लाममा पवित्रताको महत्व ..........................७
पवित्रताका प्रकारहरु ......................................८
पवित्रता कसरी प्राप्त गरिन्छ?...........................९
पानीका प्रकारहरु ...........................................१०
अपवित्रताका प्रकारहरु.....................................१०
दिसा–पिसाब सम्बन्धी आवश्यक निर्देशनहरु..........११
वुजुको वर्णन .................................................१५
वुजुमा गर्नुपर्ने अनिवार्य कुराहरु.......................१८
वुजूका सुन्नतहरु.............................................१९
वुजुभंग गर्ने कुराहरु .......................................२०
वुजू नगरेको व्यक्तिकालागि जुन कुराहरु अवैध छन्.......२०
नुहाउन सम्बन्धी इस्लामी निर्देशनहरु...................२२
नुहाउँदा अनिवार्य कुराहरु.................................२३
नुहाउँदा सुन्नत कुराहरु.....................................२३
नुहाउँदा अप्रिय कुराहरु ...................................२४
नुहाउनको शुद्ध तरिका ....................................२४
सम्भोगीका लागि अवैध कुराहरु..........................२५
नुहाउनको "मुस्तहब" समय..............................२६
मासिक धर्म(हैज) प्रसवजन्य(नेफास) र इस्तेहाजा
(एकप्रकारको रगत) सम्बन्धमा इस्लामी निर्देशनहरु..........२७
प्रत्येक मुस्लिमले जान्नु पर्ने कुराहरु......................३०
इस्लामका पाँच आधार......................................३०
अजान र एकामतको वर्णन..................................३१
नमाज कहिले अनिवार्य गरियो? ..........................३५
पाँच तर पचास.................................................३५

इस्लाममा नमाजको महत्व ....................................३७
बेनमाजी (नमाज नपढ्ने व्यक्ति)का लागि दिर्घकालीन यातना ..............................................................................३९
नमाजका फाइदाहरु.............................................४१
नमाजको नाम र संख्या .....................................४२
नमाजका शर्तहरु ..............................................४३
नमाजका स्तम्भहरु.............................................४५
नमाज पढ्दा अनिवार्य कर्महरु.............................४९
नमाजका सुन्नतहरु ........................................५०
मस्जिदतिर लाग्नु .............................................५१
नमाजको वर्णन ...............................................५६
सलामपछि का बिन्तीहरु.......................................६७
आ'य'तुल्कुर्सी ...................................................६८
नमाजलाई भंग गर्ने कारणहरु .............................७०
नमाज पढ्दा मक्रुह(अप्रिय) कुराहरु.......................७१
नमाज पढ्दा अनुमति प्राप्त कर्महरु.......................७२
वित्रको नमाज ..................................................७४
इस्लाममा जुमा ................................................७६
नामाकरण .......................................................७७
इस्लामी इतिहासमा प्रथम जुमा ..............................७७
शुक्रवारका लाभहरु.............................................७८
जुमा सम्बन्धी आवश्यक निर्देशनहरु.........................८०
नमाजीहरुका त्रुटिहरु..........................................८४
वक्ताका त्रुटिहरु................................................८६

بسم الله الرحمن الرحيم

# भूमिका

अल्लाह तआलाले हामी सबैलाई आफ्नो भक्ति गर्नको लागि सृजना गर्नुभएको हो। इबादत अर्थात् भक्ति कतिपय प्रकारको हुन्छ, जसमध्ये नमाजलाई इस्लाम धर्ममा ठूलो महत्व प्राप्त छ। यसले मानिसको परिचय गराउँछ,किनकि नमाज मुस्लिमहरुको परिचायक चिन्ह हो। साथै यो इस्लाम धर्मको दोस्रो महत्वपूर्ण आधार पनि हो।

यसर्थ नमाज कसरी पढ्नुपर्छ? नमाज पढ्नुअघि के के गर्नुपर्छ? र हामी सबैको नमाज के गर्नाले स्वीकार गरिन्छ? उक्त सम्बन्धमा नमाज सम्बन्धी ज्ञान प्राप्त गर्नु हाम्रो प्रथम दायित्व हो।

नमाज मात्र उठ्नु-बस्नु औपचारिक कर्मको नाम होइन। यसअघि प्रत्येक प्रकारको पवित्रता प्राप्त गर्नुपर्छ, साथै मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले पढेर देखाउनुभएको जस्तै नमाज पढ्नुपर्छ। अनि मात्र अल्लाहको दरबारमा त्यसलाई स्वीकृति प्राप्त हुनेछ। जस्तै मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छः
"नमाज त्यसरी नै पढ, जसरी मलाई पढ्दा देखिरहेका छौ।''

(हदीसको संग्रहः बुखारी)

यो नै उद्देश्य मध्येनजर राखि सर्वसाधारणलाई नमाज सम्बन्धी जस्ताका त्यस्तै आवश्यक कुराहरुलाई जानकारी गराउनका लागि यो पुस्तक तयार पारिएको छ। यसलाई ध्यानपूर्वक पढ्नुहुनेछ भन्ने म दृढ विश्वास गरेको छु।

यहाँ यो कुरा पनि स्पष्ट पार्नु अति नै आवश्यक छ कि आदरणीय शैख अबू खालिद फलाह अलमुतैरी(अध्यक्ष इंडियन कौंटिनेन्टल कमिटि,जमीया एह्याउत्तुरास)ले इस्लामको मधुर सन्देश विशेषगरि नेपाली मुस्लिमहरुसम्म पुर्याउनका लागि मलाई नेपाली भाषामा केही साना-तिना पुस्तक तयार पार्न आदेश दिनुभयो। यसर्थ मैले अल्लाहको अपार कृपाले आफ्नो ज्ञानानुसार पवित्र कुरआन र सही हदीसको आधारमा इस्लाम सम्बन्धी पाँच ओटा(तपाईं पवित्र कुरआन कसरी पढ्नुहुन्छ? , पवित्रता र नमाजको विधि, इस्लामको परिचय, इस्लाममा चरित्र, र येशूको वास्तविकता) साना-तिना पुस्तक तयार

पारें। यसमा मलाई कहाँसम्म सफलता प्राप्त भएको छ यसको निर्णय त पाठकवर्गले नै गर्नेछन्। तापनि पाठक वर्गसित हार्दिक अनुरोध छ कि यदि तपाईं यसमा कुनै पनि प्रकारको त्रुटि पाउनुभयो भने उक्त सम्बन्धमा मलाई अवश्य जानकारी गराउनु होला, आगामी संस्करणमा त्यसलाई सच्याइ लिइनेछ।

स्पष्ट रहोस् कि यिनलाई तयार पार्दा विशेष गरी निम्नलिखित पुस्तकहरुबाट सहयोग लिइएको छ जुन यसप्रकार छन् :

१. पवित्र कुरआन

२. हदीस

३. अल्मुलख्खसुल् फेक्ही (अरबी) शैख सालेह अल्फौजान

४. मिन्हाजुल मुस्लिम (उर्दू) शैख अबू बक्र अल्जजाएरी

५. अल्मुख्तस्र फी शर्हे अर्कानिल ईमान (अरबी) औकाफ मन्त्रालय... साउदी अरब

६. अल्जुमा अह्काम आदाब फजाएल(अरबी) शैख खालिद अबू सालेह

७. सेफ्तुल् वुजु र सेफतुस्सलाह(अरबी)पूनरावलोकन: शैख अब्दुल्लाह इब्ने अब्दुर्रहमान अल्जिब्रीन

८. अल कौलुल मक्बूल र मस्नुन नमाज(उर्दू)शैख अब्दुर्रउफ मदनी

यसर्थ उपर्युक्त पुस्तकहरुका लेखकहरुप्रति आभार प्रकट गर्दछु। अन्त्यमा अल्लाहसित बिन्ती छ कि यसबाट पाठक वर्गलाई लाभ पुऱ्याऊन्। साथै लेखक, प्रकाशक र मलाई कुनै पनि प्रकारले सहयोग पुऱ्याउनुहुने सम्पूर्ण दाजु-भाइहरुलाई लोक तथा परलोक दुबै संसारमा अति नै पूण्य प्रदान गरुन्। आमीन

विनीत

करमुल्लाह अब्दुर्रउफ मदनी
शिक्षक
इस्लामी शैक्षिक तथा
सांस्कृतिक केन्द्र
औकाफ मन्त्रालय कुवैत
msd_abu@yahoo.com
Kalajya1979@gmail.com

शुरु अल्लाहको नामबाट जो अत्यन्तै दयालु तथा अपार कृपालु हुनुहुन्छ।

## أهمية الطهارة فى الإسلام

## इस्लाममा पवित्रताको महत्व

त'हारत्को शाब्दिक अर्थ हो "पवित्रता"

त'हारत्को परिभाषाः- प्रत्यक्ष र अप्रत्यक्ष दुबै प्रकारका अपवित्र चीज-वस्तुहरुबाट पवित्रता प्राप्त गर्नलाई "त'हारत्"भनिन्छ।

पवित्रताको आदेश

सर-सफाइ,स्वच्छता र पवित्रतालाई मानव समाजमा उच्च स्थान प्राप्त छ। यसैले प्रत्येक व्यक्तिले सकेसम्म आफूलाई सफा-सुग्घर राख्ने प्रयास गर्दछ। यो एउटा स्वभाविक कुरा पनि हो।

इस्लाम धर्ममा पवित्रताको ठूलो महत्व छ। पवित्र कुरआन र सही हदीसमा पवित्र बस्न,आफ्नो लुगा-कपडा सफा राख्न र स्वच्छ वातावरणको स्थापना गर्नप्रति विशेष जोड दिइएको छ। अपवित्र हुनाले हाम्रो दैनिक प्रार्थना"नमाज"जस्तो भक्ति पनि स्वीकार गरिने छैन। यसर्थ हामी सबैमाथि पवित्रता प्राप्त गर्न अनिवार्य गरिएको छ।

अल्लाहको आदेश छ : "وَثِيَابَكَ فَطَهِّرْ"

*"आफ्नो वस्त्रलाई पवित्र राख।"*

(पवित्र कुरआन : ७४/४)

अर्को ठाउँमा पवित्र कुरआनमा नै छ : "وَإِنْ كُنْتُمْ جُنُبًا فَاطَّهَّرُوا"

*"यदि तिमीहरु अपवित्र-संभोग गरेका-छौ भने पवित्रता प्राप्त गर।"*

(पवित्र कुरआनः ५/६)

यस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमले पनि भन्नुभएको छ :

"لاتُقْبَلُ صَلاةٌ بِغَيْرِ طَهُوْرٍ"

*"अपवित्रताको अवस्थामा नमाज स्वीकार गरिदैन।"*

(हदीसको संग्रह : मुस्लिम)

र एउटा अर्को हदीसमा छ :"الطَّهُوْرُ شَطْرُ الإِيْمَانِ"

*"पवित्रता आधा ईमान हो।"*

(हदीसको संग्रह : मुस्लिम)

यसको विपरीत अपवित्र हुनाले मानिस र अन्य प्राणीहरु विभिन्न प्रकारका रोगबाट पिडित हुन्छन्। स्वच्छ मानिसहरु तिनीहरुको नजिक बस्न मन पराउँदैनन् बरु यस्ता खालका मानिसहरुलाई घृणा पनि गर्छन्। यसैले अल्लाहको प्रसन्नता प्राप्त गर्नका लागि स्वच्छता तथा सर-सफाइ प्रति ध्यानदिनु अति नै आवश्यक छ।

आजको आधुनिक युगमा मानव समाज र अन्य प्राणीहरु जब कि विभिन्न प्रकारका रोगहरुले पिडित छन्। कतिपयको मृत्यु भइहाल्यो र अन्य केही जनाको जीवन-मरण एकै जस्तो भइसकेको छ। यस्तो दु:खद अवस्थामा मानिसहरु घरदेखि आफ्नो व्यापार-व्यवसायसम्म सर-सफाईप्रति निकै चासोलिन थालेका छन्।

इस्लामले त प्राचीन कालदेखि नै यसतर्फ हाम्रो मार्गदर्शन गरेको छ। खानाअघि हात धुने,दिसा-पिसाबपछि राम्ररी पवितत्रा प्राप्त गर्ने,उपासना-अर्चना गर्ने अघि मन-मस्तिष्क सहित पोसाकलाई सफा राख्ने र प्रत्येक प्रकारको कुलतबाट मनाही गरेको छ। ताकि मानिसलाई हानी नहोस्,वा उसले गर्नुपर्ने ईश्वरीय भक्तिमा बाधा-विघ्न नल्याओस्।

**पवित्रताको प्रकार : أنواع الطهارة**

पवित्रता दुई प्रकारको हुन्छ। प्रत्यक्ष पवित्रता र अप्रत्यक्ष पवित्रता

**प्रत्यक्ष पवित्रता : الطهارة الظاهرة**

अपवित्रताको अवस्थामा देखापर्ने प्रदुषित र फोहोर-मैलालाई इस्लामी नियम-कानुन अनुसार पवित्र पार्नु। जस्तै नुहाउने अवस्थामा नुहाउनू,धुने अवस्थामा धुनू र सार्ने अवस्थामा सार्नू आदि।

**अप्रत्यक्ष पवित्रता: : الطهارة الباطنة**

सर्वप्रथम आफ्नो हृदयलाई बहुईश्वरवादले मनमा इस्लाम विरुद्ध उत्पन्नहुने भावना,थरी थरीका घातक सोच-विचार र घृणित धारणाबाट पवित्र पारेर स्वच्छ हृदयले अल्लाहको आज्ञापालन र उहाँको अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको अनुसरण गर्ने उद्देश्यले पूर्ण विश्वासीहरु जस्तै ऐक्यबद्धता जनाउनलाई अप्रत्यक्ष पवित्रताको नामले जानिन्छ। जस्तै हृदयमा बहुईश्वरवादले इस्लाम विरुद्ध छलकपट र गलत दृष्टिकोर्ण उत्पन्न हुने अवस्थामा प्रायश्चित गर्नु।

## पवित्रता कसरी प्राप्त गरिन्छ? بم تكون الطهارة ؟

पवित्रता दुई प्रकारले प्राप्त गरिन्छ।

(१) पवित्र पानीले : यस्तो पानी जसमा कुनै अपवित्र वस्तु मिसाइएको छैन। बरु त्यो आफ्नो असली रुपमा नै छ। जस्तै वर्षाको पानी,समुद्र र धारा आदिको पवित्र पानी। अल्लाहले भन्नुभएको छ : "وَأَنْزَلْنَا مِنَ السَّمَآءِ مَاءً طَهُوراً"

*" हामीले आकाशबाट पवित्र पानी वर्सायौं। "*

*( पवित्र कुरआन २५/४८)*

र एउटा हदीसमा छ : "الماءُ طَهُوْرٌ لا يُنَجِّسُهُ شَئٌ"

*" पानी पवित्र हो जसलाई कुनै वस्तुले अपवित्र पार्दैन। "*

*(हदीसको संग्रह : अहमद र अबू दाऊद)*

यस्तो पानीको बारेमा यो आदेश छ जुन चाहिँ बगिरहेको होस् वा प्रशस्त होस्। किनकि पानी थोरै भएको अवस्थामा कुनै अपवित्र चीज त्यसमा मिसाउनाले यदि त्यसको रंग,स्वाद र गन्धमध्ये कुनै एकमा मात्र फरक परेको छ भने त्यो अपवित्र भइहाल्छ।

(२)पवित्र पृथ्वीमाथि पाइने पवित्र माटो,धुलो र पत्थर आदिले पवित्रा प्राप्त हुन्छ। नबी सल्लल्लाहु अलैहि व सल्लमको कथन छ :

" وَ جُعِلَتْ لِي الأَرْضُ طَهُوْراً وَمَسْجِداً"

*"मेरो लागि पृथ्वीलाई पवित्र र मस्जिद(नमाज पढ्ने ठाउँ) बनाइएको छ।"*

( हदीसको संग्रह : मुस्लिम )

स्पष्ट रहोस् कि पानी उपलब्ध नभएको अवस्थामा वा रोगको कारणले पानी प्रयोग गर्न नसकिने स्थितिमा पवित्र माटोले पवित्रता प्राप्त गर्न सकिन्छ। जस्तै पवित्र कुरआनमा छ :

" فَلَمْ تَجِدُوْا مَاءً فَتَيَمَّمُوْا صَعِيْداً طَيِّباً"

*"अत: पानी पाएनौ भने पवित्र माटोले तयम्मुम गर।"*

*(पवित्र कुरआन ४/४३)*

## पानीका प्रकारहरु - أقسام المياه

(१) सामान्य पानी(अल्माउल्मुत्लक्) यो स्वयं पवित्र हो र अपवित्र वस्तु आदिलाई पवित्र पनि पार्छ,जस्तै समुद्र,वर्षा,धारा,दमकल र पानीकल आदिका पवित्र पानी।

(२) प्रयोग गरिएको पानी(अल्माउल्मुस्तअ्मल्)यो स्वयं पवित्र हो तर यसले कुनै वस्तुलाई पवित्र पार्न सक्दैन, जस्तै वुजू गरेको पानी आदि।

(३) यस्तो पानी जसमा पवित्र वस्तुहरु मिश्रित छन् , जस्तै साबुन,रंग आदि, यदि पानीमा उक्त खालका पवित्र वस्तुहरुमध्ये केही मिश्रित भएमा त्यसलाई पानी नै भनिन्छ अर्थात् मिश्रित वस्तु कम मात्रामा छ भने पहिलो किसिम जस्तै स्वयं पवित्र हुन्छ र अन्य कुनै अपवित्र चीजलाई पवित्र पार्न पनि सक्छ। तर मिश्रित वस्तु पर्याप्त मात्रामा छ, यहाँसम्म कि त्यो पानीको सामान्य नामले जानिदैन भने त्यो स्वयं पवित्र हुन्छ तर कुनै वस्तुलाई पवित्र पार्न सक्दैन।
अर्को शब्दमा यदि पवित्र मिश्रित वस्तुले पानीको रंग,स्वाद र गन्धहरुमध्ये कुनै एक वा एक भन्दा बढीलाई परिवर्तन गरेको छ भने त्यसबाट पवित्रा प्राप्त गर्न सकिदैन तर त्यो स्वयं पवित्र हुन्छ।

## अपवित्रताका प्रकारहरु أنواع النجاسات

अपवित्रता धेरै प्रकारको हुन्छ। जस्तै दिसा–पिसाब,मल-मूत्र,छाद,मृतक जनावर आदि। इस्लाम धर्ममा कुन अवस्थामा के गर्नाले पवित्रता प्राप्त हुन्छ। उक्त सम्बन्धमा आवश्यक प्रत्येक कुराको वर्णन पवित्र कुरआन र हदीसमा पाइन्छ। यसर्थ नुहाउने अवस्थामा नुहाउनु र धुने अवस्थामा धुनुपर्छ। जस्तै स्त्री संभोग गर्नाले वा स्वप्नदोष हुनाले वा महिलाहरुलाई प्रत्येक महिना मासिक धर्मको रगत आउन बन्द भएपछि नुहाउन अनिवार्य हुन्छ। तल दिसा–पिसाब र नुहाउन सम्बन्धी केही आवश्यक कुराहरुको जानकारी गराइएको छ। तिनलाई ध्यानपूर्वक पढ्नुहोस् :

# दिसा-पिसाब सम्बन्धी आवश्यक निर्देशनहरु

## آداب قضاء الحاجة

इस्लाम एउटा यस्तो धार्मिक जीवनपद्धति हो। जसमा जीवनयापन गर्ने सम्बन्धी प्रत्येक कुराको व्याख्या गरिएको छ। खानपिन, भोग-विलास,सर-सफाइ,आवतजावत,मनोरञ्जन र अन्य दैनिक गतिविधिको सन्तोषजनक एवं विश्लेषणात्मक वर्णन पनि यसमा पाइन्छ। उल्लेखित विवरणमा दिसा-पिसाबबाट पवित्रता कसरी प्राप्त गरिन्छ? पानी उपलब्ध नभएको अवस्थामा पवित्रताका लागि के गर्नुपर्छ? र कसरी मानिसले आफूलाई अपवित्रताबाट सुरक्षित राख्नसक्छ? जस्ता केही महत्वपूर्ण कुराहरुको जानकारी गराउनका लागि उक्त सम्बन्धमा इस्लामी निर्देशनहरु प्रस्तुत गरिएका छन्। तिनलाई ध्यानपूर्वक पढेर आ-आफ्ना दैनिक जीवनमा प्रयोगमा पनि ल्याउनु हुनेछ भन्ने आशा गरेका छौं।

उक्त सन्दर्भमा विशेष गरी लेख्नुपर्ने कारण यो हो कि कतिपय अज्ञानी दाजुभाइहरुले यसलाई केही महत्व नदिकन धार्मिक क्रियाकलापमा संलग्न देखिन्छन्। दिसा-पिसाबलाई रोकेर हतार-हतार नमाज जस्तो दैनिक उपासना पनि गर्छन्। अनि उनीहरुलाई यति पनि थाहा हुँदैन कि यस्तो परिस्थितिमा नमाज स्वीकार हुँदैन। जस्तै एउटा हदीसमा छ:"यदि तिमीहरुमध्ये कसैलाई शौचालय जान आवश्यक छ र अर्कोतर्फ नमाज शुरु भइसकेको छ भने अगाडि शौचालय जाओस्।'' (अहमद,अबूदाऊद र नसाई)

(१) पानीबाट पवित्रता प्राप्त गर्नुहोस् अर्थात् दिसा-पिसाबपछि पानी प्रयोग गर्नुहोस्।

(२) पानी उपलब्ध नभएको अवस्थामा स-साना ढुङ्गा वा माटोको डल्ला सर-सफाइका लागि प्रयोग गर्नुहोस् जो तीन(३) भन्दा कम नहोस्।

(३) यदि पानी र माटोको डल्ला दुबै प्रयोग गर्नुहुन्छ भने पहिले माटोको डल्ला र त्यसपछि पानी प्रयोग गर्नुहोस्।

(४) हाड वा गोबरलाई पवित्रताका लागि प्रयोग नगर्नुहोस्। एउटा हदीसमा यसको कारण बताउँदै भनिएको छ :

"لاتَسْتَنْجَوْا بِالرَّوْثِ وَلابِالْعِظَامِ فَإِنَّه'زَادُ إِخْوَانِكُمُ الْجِنِّ " (رواه الترمذى)

"हाड र गोबरलाई पवित्रताका लागि प्रयोग नगर। किनभने त्यो तिम्रा भाइ जिन्न प्राणीको खाना हो।'' (तिर्मिजी)

(५) दिसा-पिसाब गर्ने बेला आफ्नो गुप्ताङ्गलाई दाहिने हातले नछुनुहोस्। बरु त्यसलाई दाहिने हातले घस्नबाट पनि मनाही गरिएको छ।

(६) दिसा-पिसाबपछि आफ्नो हातलाई साबुन-पानी आदिले धुनुहोस्।

(७) यदि खेत-खल्यान वा खुल्ला ठाउँमा दिसा-पिसाब गर्नुपर्ने आवश्यकता आईपऱ्यो भने मानिसहरुको आँखाबाट टाढा जानुहोस्। यहाँसम्म कि मानिसहरुले तपाईंलाई देख्न नसकुन्। जस्तै एउटा हदीसमा छ :

"أَنَّ رَسُوْلَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ كَانَ إِذَا أَرَادَ الْبَرَازَ انْطَلَقَ حَتَّى لايَرَاهُ أَحَدٌ"(ابوداود والترمذى)

"जब नबी सल्लल्लाहु अलैहि व सल्लम दिसा-पिसाब गर्न चाहनुहुन्थ्यो। तब यति टाढा जानुहुन्थ्यो कि उहाँलाई कसैले देख्दैनथ्यो।'' (अबूदाऊद र तिर्मिजी)

(८) शौचालयमा आफू सँगसँगै पवित्र कुरआन वा कुनै यस्तो धार्मिक ग्रन्थ लिएर नजानुहोस्,जसबाट उक्त ग्रन्थको अनादर होस्।

(९)दिसा-पिसाब गर्ने बेला कसैसँग कुराकानी नगर्नुहोस् र न अजानको नै जवाफ दिनुहोस्।

(१०)" किब्ला''तिर अनुहार वा पिठ्युँ गरेर दिसा-पिसाब नगर्नुहोस्,किनकि यसमा किब्लाको आदर-सम्मान हुँदैन र हामीलाई त्यसको आदर-सम्मान गर्न भनी आदेश दिइएको छ। जस्तै एउटा हदीसमा छः

"لاتَسْتَقْبِلُوْا الْقِبْلَةَ وَلاتَسْتَدْبِرُوْهَا بِغَائِطٍ أَوْ بَوْلٍ " (رواه البخارى ومسلم)

"दिसा-पिसाबको अवस्थामा किब्ला तिर मुख वा पिठ्युँ नगर।''

(बुखारी र मुस्लिम)

(११)कुनै यस्तो ठाउँमा दिसा-पिसाब नगर्नुहोस् जहाँ मानिसहरु राहत प्राप्तिका लागि बस्दछन्। जस्तै रुखहरुको क्षत्रछायाँ,घरको

वरिपरि,खेत-खल्यानमा भएका झोपडी,सफा-सुग्घर बाटोघाटो आदि। नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ :

"اتَّقُوْا اللاَّعِنَيْنِ " قَالُوْا : وَمَا اللاَّعِنَانِ يَارَسُوْلَ اللهِ ؟ قَالَ : "الَّذِىْ يَتَخَلَّى فِىْ طَرِيْقِ النَّاسِ أَوْ ظِلِّهِمْ" (رواه مسلم)

"लाएनैन''सित बाँच। सहाबीहरुले प्रश्न गरे : हे अल्लाहको रसूल! "लाएनैन''भनेको के हो? उहाँले उत्तर दिनुभयो :"जो मानिसहरुको बाटोघाटोमा वा क्षत्रछायाँ प्राप्त गर्ने ठाउँमा दिसा-पिसाब गर्छ।''

(मुस्लिम)

(१२) दिसा-पिसाबका लागि शौचालयमा प्रवेश गर्दाखेरि देब्रे खुट्टा अगाडि राख्नुहोस् र निस्कँदा दाहिने खुट्टा अगाडि राख्नुहोस्। शौचालय अपवित्र ठाउँ हुनाले यस्तो आदेश दिइएको छ।

(१३) शौचालयमा प्रवेश गर्नुअघि "बिस्मिल्लाह'' "*अल्लाहुम्म इन्नी अऊजोबि'क मिनल् खुब्से वल्खबाइस्''*भन्नुहोस्। हे अल्लाह म अपवित्र जिन्नहरु र उनीहरुकी श्रीमतिहरुसित तपाईको शरण चाहन्छु।

(१४)दिसा-पिसाब गरिसकेपछि शौचालयबाट बाहिर निस्केर भन्नुहोस्।*"गुफ्रा'न'क''*तपाईंको क्षमा चाहन्छु।

(१५)आफ्नो लुगा-कपडालाई जमिनबाट नजिक गराएर नै उठाउनुहोस् ताकि गुप्ताङ्ग नदेखिओस्। खासगरी खुल्ला ठाउँमा दिसा-पिसाब गर्दाखेरि अवश्य उक्त कुरालाई ध्यानमा राख्नुपर्छ।

(१६)दिसा-पिसाब छिद्र(प्वाल)मा नगर्नुहोस्। त्यो जीव-जन्तुको घर हुनसक्छ। यसबाट नबी सल्लल्लाहु अलैहि व सल्लमले मनाही गर्नुभएको छ।

(१७)पिसाबबाट राम्ररी पवित्रता प्राप्त गर्नुहोस्। पिसाबको थोपाबाट जोगिनुहोस् किनकि यसमा लापरवाही गर्नाले चिहानमा कडा यातना दिइन्छ। आदरणीय इब्ने अब्बास रजियल्लाहु अन्हुमाद्वारा वर्णित एउटा हदीसमा छ। अल्लाहको रसूल सल्लल्लाहु अलैहि व सल्लमले चिहानबाट जाने बेला भन्नुभयो:

"إِنَّهُمَا لَيُعَذَّبَانِ ، وَمَا يُعَذَّبَانِ فِيْ كَبِيْرٍ ؛ أَمَّا أَحَدُهُمَا فَكَانَ لاَ يَسْتَتِرُ مِنَ الْبَوْلِ"

"यी दुबै चिहानमा भएका मानिसहरुलाई यातना भइरहेको छ। तर यो कुनै ठूलो कारणले होइन। फेरि दुबैमध्ये एकको सम्बन्धमा भन्नुभयो : त्यो पिसाबको थोपाबाट जोगिदैनथ्यो।'' (बुखारी)

(१८) पिसाब नम्र जमिनमाथि गर्नुहोस् ताकि त्यसको छिटा फर्केर शरीरमाथि नपरोस्।

(१९) बालक भएको अवस्थामा शिशुको पिसाबमाथि पानीको थोपा खसाउनुहोस् र बालिका भएको अवस्थामा त्यसलाई धुनुहोस्।

(२०) पिसाब गरिरहेको मानिसलाई एक्कासी मनाही नगर्नुहोस्। किनकि पिसाब रोक्नाले रोगको सम्भावना बढी हुन्छ। नबी सल्लल्लाहु अलैहि व सल्लमको शुभकालमा एउटा गाउँलेले मस्जिदमा प्रवेश गरेर पिसाब गर्न थाल्यो। सहाबीहरुले त्यसलाई झपार्न थाले तर नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभयो:

"دَعُوْهُ وَأَهْرِيْقُوْا عَلى بَوْلِه ذَنُوْباً مِن مَّاءٍ"(رواه البخارى)

"त्यसलाई छोडी देऊ र उसले पिसाब गरेको ठाउँमा पानी हाली देऊ।''

इस्लाम धर्मका उक्त आदेश र उच्च शिक्षाहरुलाई गम्भिरतापूर्वक पढेर विचार गर्नुहोस् कि इस्लाम कस्तो ईश्वरीय धर्म हो जसमा जीव-जन्तुहरुलाई पनि हानि पु्याउनबाट मनाही गरिइएको छ। छिद्र (प्वाल)मा दिसा-पिसाबको अनुमति नदिएर हामीलाई एकअर्काको ध्यान राख्नेप्रति बिशेष जोड दिइएको छ। यसर्थ हाम्रो प्रथम दायित्व हो कि हामी स्वच्छ हृदयले इस्लाम सम्बन्धी आवश्यक कुराको जानकारी प्राप्त गरेर त्यस बमोजिम कर्म पनि गरौं।

# वुजुको वर्णन

## كيفية الوضوء


वुजु विना कुनै पनि नमाज स्वीकार गरिने छैन। नमाज पढ्नुअघि वुजु जसरी पनि गर्नुपर्छ। तर यो बेग्लै कुरा हो कि पानी उपलब्ध नभएको अवस्थामा वा हानिकारक रोगको कारणले तयम्मुम ( पवित्र माटोमाथि मात्र एक चोटि दुबै हातलाई स्पर्श गरी त्यसबाट अनुहार र दुबै हातलाई नाडीसम्म एक पटक घस्ने प्रक्रियालाई तयम्मुम भन्छि) गरी नमाज पढ्न सकिन्छ।

वुजु गर्नालि मानिसको पाप समाप्त हुन्छ र अल्लाहले वुजुकर्तालाई पर्याप्त पुण्य दिनुहुन्छ। वुजुको नै कारणले कियामतको दिन मानिसको दुबै हात,दुबै खुट्टा र निधार चम्किरहेका हुन्छन्। पवित्र कुरआन र हदीसमा यसका लागि विभिन्न प्रकारले प्रोत्साहित गरिएको छ, चाहे चर्को गर्मीको दिन होस् वा अति चिसो क्षण किन नहोस्।


यहाँ तपाईहरुको फाइदाको लागि फोटोसहित वुजु सम्बन्धि केही अत्यन्तै आवश्यक कुराहरु प्रस्तुत गरिएका छन्। यिनलाई ध्यानपूर्वक पढ्नुहोस् र फोटोलाई हेरी हेरी वुजु गर्ने प्रयास पनि गर्नुहोस्।

१. वुजु गर्नुअघि नियत गर्नुहोस् तर नियतको लागि केही भन्ने आवश्यकता छैन बरु हृदयमा उत्पन्न हुने अठोट भावनालाई नियत भनिन्छ।

२. वुजु गर्नुअघि शुरुमा विस्मिल्लाह भन्नुहोस् , जस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमको कथन छः "जसले वुजु गर्ने बखत अल्लाहको नाम भनेको छैन भने त्यसको वुजू नै शुद्ध हुँदैन।" ( رواه أحمد وحسّنه الألباني في الإرواء 81 ) तर बिर्सेको अवस्थामा उसमाथि केही दोष लाग्नेछैन।



३. दुबै हत्केलालाई तीन तीन चोटि धुनुहोस् अनि यसो गर्नु सुन्नत हो।



४. तीन तीन चोटि कुल्ला गर्नुहोस् अर्थात् मुखमा पानी हालेर भित्र घुमाउँदै बाहिर निकाल्नु पर्छ। मुखमा पानी हाल्नको साथ-साथै नाकले पनि पानी तानेर त्यसलाई बाहिर फ्याक्नुहोस्। ब्रत नबसेको अवस्थामा अत्यधिक जोडले नाकले पानी तान्नु मुस्तहब हो। तर ब्रतालुहरुका लागि पानी कण्ठ भित्र पस्ने सन्देह हुनाले त्यसो नगर्नु नै राम्रो हो। जस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमको आदेश छ: "नाकमा पानी हाल्ने प्रक्रियालाई ब्रत नबसेको अवस्थामा अति जोडले गर।" ( رواه أبو داود وصححه الألباني في صحيح أبي داود )



५. तीन तीन चोटि अनुहार धुनुहोस्। अनुहारको क्षेत्र: लम्बाईमा टाउकोमा कपाल निस्कने अघिल्लो जरोदेखि अनुहारमुनी(चिउँडो) र दाह्री हुनेसम्म र चौडाइमा एउटा कानदेखि अर्को कानसम्म।




अनुहारमा भएका रौं(कपाल)हरु यदि पातला छन् भने तिनको तल्लो छालालाई धुनु अनिवार्य हुन्छ र यदि थुप्रै छन् भने बाहिरको भागलाई धुनु अनिवार्य हुन्छ। अनि बाक्लो केशमा औंला हालेर खेलाल गर्नु (दल्नु) मुस्तहब छ। किनकि नबी सल्लल्लाहु अलैहि व सल्लमले वुजू गर्दाखेरि यस्तै गर्नु हुन्थ्यो।

(رواه أبو داود وصححه الألباني في الإرواء 92)



६.तीन तीन चोटि दुबै हातलाई कुहिनोसम्म धुनुहोस् ,पहिला

दाहिने हातलाई फेरी देब्रे हातलाई जस्तै अल्लाहको आदेश छ:" आफ्ना हातलाई कुहिनासम्म धोऊ '' ( 6 سورة المائدة)



७. एक पटक टाउकोसहित दुबै कानको मसह (घस्ने प्रक्रिया)गर्नुहोस्। जो टाउकोको सामुन्ने छेउदेखि शुरु हुन्छ,जसमा आफ्ना दुबै हातलाई टाउकोको मस्तिष्कको भागसम्म लैजानुपर्छ। फेरि हातमा बाँचेको पानीले आफ्ना दुबै कानलाई घस्नुपर्छ।



८. तीन तीन चोटि दुबै खुट्टालाई गोलीगाँठसम्म धुनुहोस्। जस्तै अल्लाह तआलाको आदेश छ : "आफ्ना दुबै खुट्टालाई गोली गाँठसम्म धोऊ।'' ( سورة المائدة (6



९. डुँडे मानिसले हात वा खुट्टामा वाँचेका अनिवार्य धुने अंगलाई धुनुपर्छ। यदि पूरा हात काटिएको छ भने त्यसको माथिल्लो भागलाई धुनुपर्छ।

"कअ्बान'' भनेको दुबै गोलीगाँठमा निस्केका हाड हुन्। जसलाई खुट्टासहित धुनुपर्छ।

<u>वुजु गरिसकेपछि यो बिन्ती गर्नुपर्छ।</u>

"أَشْهَدُ ألا إلَهَ إلا اللهُ وَحْدَهُ‘ لاشَرِيْكَ لَهُ‘وَأَشْهَدُ أَنَّ مُحَمَّداً عَبْدُهُ‘ وَرَسُوْلُهُ‘

اللَّهُمَّ اجْعَلْنِىْ مِنَ التَّوَّابِيْنَ وَاجْعَلْنِىْ مِنَ الْمُتَطَهِّرِيْنَ"( رواه مسلم أما لفظ ( اللهم اجعلني من التوابين ... الخ ) فرواه الترمذي وصححه الألباني في الإرواء (96).

" अश्हदु अल्लाइला'ह इल्लल्लाहु वह्दहू लाशारी'क'लहू व

अशहदु अन्न मुहम्मदन् अब्दुहू व रसूलुहू। अल्लाहुम्मज्अल्नी मिनत्तौव्वाबी'न वज्अल्नी मिनल् मोतत्तह्हेरीन।''
"म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन,उहाँ एक्लै हुनुहुन्छ, उहाँको कोही साझेदार छैन,र गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम अल्लाहका भक्त तथा सन्देष्टा हुन्। हे अल्लल्लाह! मलाई तोबा (प्रायश्चित) गर्नेहरुमध्ये र सफासुग्घर रहनेहरुमध्ये बनाउनुहोस्।''

## वुजुमा गर्नुपर्ने अनिवार्य कुराहरु — فرائض الوضوء

१ नियत गर्नु अर्थात् अल्लाहको प्रसन्नता प्राप्तिका लागि वुजु गर्दा हृदयमा अठोटको धारणा हुनु जस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमको कथन छ : "कर्महरु नियतमा आधारित छन्।''
(متفق عليه)

२ एक पटक अनुहारलाई धुनु अर्थात् निधारदेखि अनुहारमुनिसम्म र एउटा कानदेखि अर्को कानसम्म धुनु जस्तै अल्लाहको आदेश छ: "आफ्नो अनुहारलाई धोऊ ।'' (سورة المائدة 6)

३ दुबै हातलाई कुइनासम्म धुनु जस्तै अल्लाहको आदेश छ : "आफ्नो हातलाई कुहिनासम्म(धोऊ)।''( سورة المائدة 6 )

४ टाउकोको मसह गर्नु (घस्ने प्रक्रिया) निधारको माथिदेखि टाउकोको मस्तिष्कको भागसम्म पानीले भिजेको हातले घस्नु। जस्तै अल्लाहको आदेश छ:"र आफ्नो टाउको मसह गर।''(سورة المائدة 6 )

५ गोली गाँठसम्म दुबै खुट्टा धुनु। जस्तै अल्लाहको आदेश छ :"गोली गाँठसम्म दुबै खुट्टा धोऊ।'' ( سورة المائدة 6 )

६ धुनुपर्ने अंगप्रत्यङ्गलाई क्रमशः धुनु किनकि अल्लाहले यस्तै आदेश दिनुभएको छ।

७ मवालात अर्थात् एउटा अंग धोएपछि अर्कोलाई धुनु र अर्को अंग धुनमा यति ढिलो नगर्नु कि अगाडि धोएको अंग सुक्न थालोस्।

## वुजूका सुन्नतहरु                                                    سنن الوضوء

१.वुजू गर्नुअघि प्रत्येक मुसलमानका लागि दतिवन गर्नु सुन्नत हो। जस्तै मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ।''यदि मलाई आफ्नो समुदायलाई अप्ठयारोमा पार्ने सन्देह हुदैन्थ्यो भने म उनीहरुलाई हरेक चोटि वुजूगर्दा दतिवन गर्ने आदेश दिन्थें।''

( رواه أحمد وصححه الألباني في الإرواء (70 )

२-प्रत्येक मुसलमानका लागि वुजू शुरु गर्नुअघि आफ्ना हत्केलालाई तीन तीन चोटि धुनु सुन्नत हो। जस्तै तपाँईले अघिनै थाहा पाउनुभयो-तर सुतेर उठ्दाखेरि वुजु गर्नुअघि तिनलाई अनिवार्य रुपमा धुनुपर्छ। किनभने त्यसमा फोहोर लागेको हुनसक्छ र मानिसलाई थाहा पनि हुँदैन। जस्तै मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ:''तिमीहरुमध्ये कोही पनि सुतेर उठ्दाखेरि आफ्ना हातलाई नधोइकन भाँडोमा नहालोस्, किनभने त्यसलाई थाहा हुँदैन कि त्यसको हातले कुन ठाउँमा रात बिताएको छ।'' ( رواه مسلم )

३.माथिका कुराद्वारा यो पनि थाहा भयो कि नाकमा अति पानी हाल्नु (ब्रत नबसेको अवस्थामा) सुन्नत हो।

४ -अनुहार धुँदाखेरि दाह्रीको केश बाक्ला छन् भने औंला भित्र हालेर खेलाल गर्नु(दल्नु) सुन्नत हो।

५. प्रत्येक मुसलमानका लागि आफ्ना हात खुट्टा धुँदाखेरि औंलाहरुको खेलाल गर्नु सुन्नत हो। जस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमको कथन छ : ''आफ्ना औंलाहरुमा खेलाल गर।''

(رواه أبو داود وصححه الألباني في صحيح أبي داود (629 )

६.प्रत्येक मुसलमानका लागि वुजूगर्ने समय अगाडि दाहिने अंग-प्रत्यङ्ग फेरि देब्रे अंगलाई धुनु सुन्नत हो। अर्थात् अगाडि दाहिने हात त्यसपछि देब्रे, त्यस्तै अगाडि दाहिने खुट्टा अनि देब्रे खुट्टालाई धुनुपर्छ।

७-प्रत्येक मुसलमानका लागि यो सुन्नत हो कि वुजूमा धुने अंग-प्रत्यङ्गलाई दुई वा तीन चोटि धोओस् र तीन भन्दा बढी नधोओस्। तर टाउको घस्दा त्यो एक चोटि मात्रै गरिनुपर्छ।

८-प्रत्येक मुसलमानका लागि यो पनि सुन्नत हो कि वुजू गर्दाखेरि पानी धेरै बगाउनु हुदैन। किनभने मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ ।''जसले यस-तीन-भन्दा बढी गर्‍यो भने उसले नोक्सान पुर्‍यायो र अपराध गर्‍यो।''

( رواه أبو داود وصححه الألباني في صحيح أبي داود 123 )

## वुजुभंग गर्ने कुराहरु : نواقض الوضوء

निम्नलिखित कुराहरुमध्ये केही भएमा वुजूभंग हुन्छ ।

१-दिसा-पिसाब गर्ने प्वालबाट केही निस्कनाले।

२-दिसा गर्ने बाटोबाट हावा खुस्किनाले।

३.मानसिक बुद्धि समाप्त हुनाले चाहे त्यो बहुलापनले होस् वा बेहोसीपन वा अचेतनाले वा गहिरिएको निद्राले जसमा मानिसलाई आफ्नो शरीरबाट निस्कने वस्तूहरुको बारेमा थाहा हुँदैन। जहाँसम्म यति निद्रा( उङ)को अवस्था छ जसमा मानिसको बुद्धि-विवेक गुमाउँदैन भने त्यसले गर्दा वुजू भंग हुँदैन।

४-हातले इच्छा सहित गुप्ताङ्गलाई छुनु,चाहे त्यो आफ्नो होस् वा अन्य कसैको होस्। जस्तै मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमलको आदेश छ :"जसले आफ्नो गुप्ताङ्गलाई छोयो भने उसले वुजु गर्नुपर्छ।

( رواه أبن ماجه وصححه الألباني في الإرواء 117)

५-ऊँटको मासु खानाले। किनभने उहाँसित प्रश्न गरियो कि के हामीलाई ऊँटको मासुको कारणले वुजु गर्नुपर्छ भन्नुभयो गर।

( رواه مسلم )

यस्तै ऊँटको सानो बच्चाको मासु वा कलेजी,तिल्ली होस् वा आद्राभूँडी होस्। सबै मासु जस्तै भएको हुनाले त्यसले वुजूलाई भंग हुन्छ।

ऊँटको दूध पिउनाले वुजू भंग हुँदैन। किनकि मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले केही मानिसहरुलाई जकात (धर्मदान)मा पाइएका ऊँटको दूध पिउन आदेश दिनुभयो तर त्यसबाट वुजूगर्ने आदेश दिनुभएन। (متفق عليه)

ऊँटको मासुको झोल खाएपछि वुजु गर्नु उपयुक्त हुन्छ।

## वुजू नगरेको व्यक्तिकालागि जुन कुराहरु अवैध छन्।

## مايحرم على المحدث

यदि कसैले वुजु गरेको छैन भने निम्नलिखित कार्यहरु त्यसको लागि अवैध छन्।

१-पवित्र कुरआनलाई छुनु। मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको त्यो पत्र बमोजिम जसलाई यमनवासीहरुका लागि पठाउनुभएको थियो।"पवित्र कुरआनलाई पवित्र व्यक्तिले नै छोओस्।"

(رواه الدارقطني وصححه الألباني في الإرواء 122)

तर कुरआन नछुइकन पढ्नु उक्त व्यक्तिका लागि पनि वैध छ ।

२ -नमाज: वुजू भंगभएको व्यक्तिको लागि नमाज पढ्नु वर्जित छ, जब सम्मकि त्यो व्यक्तिले पुन: वुजु गर्दैन। जस्तै मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको कथन छ : "अल्लाहले बिना वुजुको नमाजलाई स्वीकार्नु हुन्न।'' (رواه مسلم)

उक्त व्यक्तिका लागि कुरआनमा आउने सज्दा वा खुशीयालीको अवसरमा गर्नुपर्ने सज्दा जायज (वैध)छ। किनभने यी दुबै नमाज होइनन्,तर सज्दा गर्नुअघि वुजु गर्नु नै राम्रो हो।

तवाफ: उक्त व्यक्तिका लागि वुजू नगरिकन काबाको तवाफ गर्नु वैध हुदैन। जस्तै मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको कथन छ: "काबाको तवाफ गर्नु नमाज हो।''

(رواه الترمذي وصححه الألباني في الإرواء 121)

अनि उहाँले पनि तवाफ गर्नुअघि वुजु गर्नुभएको थियो। (متفق عليه)

वुजूका लागि गुप्ताङ्ग धुनु शर्त छैन, किनभने त्यसलाई दिसा-पिसाब गरिसकेपछि धुनुपर्दछ। जसको वुजूसित कुनै सम्बन्ध छैन।

नोट :स्पष्ट रहोस् कि वुजु सम्बन्धी अधिकांश कुराहरु "सेफतुल वुजु''नामक अरबी पम्फलेटबाट अनुवाद गरी प्रस्तुत गरिएको छ। जसको पुनरावलोकन आदरणीय इस्लाम धर्मगरु शैख अब्दुल्लाह बीन अब्दुर्रहमान अल्जिब्रीनले गर्नुभएको छ।

## أحكام الغسل فى الإسلام

## नुहाउन सम्बन्धी इस्लामी निर्देशनहरु

गुस्लको शाब्दिक अर्थ हुन्छ "धुनू।"

परिभाषा : पवित्रता प्राप्त गर्ने उद्देश्यले शरीरमाथि पूर्णरुपले पानी हालेर नुहाउनलाई "गुस्ल"भनिन्छ।

### गुस्ल(नुहाउन)को धार्मिक महत्व

पवित्र कुरआन र सही हदीसको आधारमा गुस्ल गर्नु (नुहाउनु) पुण्यको काम हो। महान अल्लाहले भन्नुभएको छ :

*". . . यदि तिमीहरुले स्त्रीसंभोग गरेका छौ भने पवित्रता प्राप्त गर।"*

*(पवित्र कुरआन:सूरह माइदा/६)*

र नबी सल्लल्लाहु अलैहि व सल्लमको कथन छ :

*" लिङ्ग एकआपसमा मिलेपछि नुहाउन अनिवार्य हुन्छ।"*

( हदीसको संग्रह: बैहकी)

### नुहाउनलाई अनिवार्य गर्ने कारणहरु موجبات الغسل

निम्नलिखित कारणहरुले नुहाउनु अनिवार्य हुन्छ।

(१) निद्रा वा जागरणको अवस्थामा पुरुष र स्त्रीबाट यौन इच्छाले वीर्य निस्कनाले वा श्रीमान र श्रीमतिबीच यौन सम्पर्क हुँदा मात्र लिङ्ग एकआपसमा मिल्नाले नुहाउन अनिवार्य हुन्छ।

(२) मासिक धर्म र प्रसवजन्यको रगत बन्द भएपछि नुहाउनुपर्छ। जस्तै महान अल्लाहले भन्नुभएको छ :

*"मासिक धर्मको अवस्थामा महिलाहरुसित पर बस र सम्भोग गर्नका लागि तिनीहरु पवित्र नहुञ्जेल तिनीहरुको नजिक नजाऊ। अनि त्यसपछि अल्लाहको आदेश अनुसार तिनीहरुको नजिक जाऊ।"*

*(पवित्र कुरआन: २/२२२)*

यस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमले फातिमा पुत्री हब्शा रजियल्लाहु अन्हालाई भन्नुभएको थियो :

"मासिक धर्मको अवस्थामा नमाज छोडी देऊ र समाप्त भएपछि नुहाएर नमाज पढ।" (हदीसको संग्रह: बुखारी)

(३) मृत्यु हुनाले

मृत्युपछि मृतक व्यक्तिलाई स्नान गराउनु (नुहाइधुवाई गराउनु)अनिवार्य हुन्छ। जस्तै हदीसमा छः नबी सल्लल्लाहु अलैहि व सल्लमले आफ्नी जेठी छोरी आदरणीय जैनबलाई मृत्युपछि स्नान गराउन आदेश दिनुभएको थियो। तर शहीदलाई स्नान गराउनु (नुहाइधुवाई गराउनु) अनिवार्य गरिएको छैन।

(४) इस्लाममा प्रवेश गर्नाले

यदि कुनै गैर-मुस्लिम इस्लाममा प्रवेश गरिरहेको छ भने त्यसको लागि नुहाउनु अनिवार्य हुन्छ। जस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमले कैस पुत्र आसिमलाई इस्लाममा प्रवेश गर्दाखेरि नुहाउन आदेश दिनुभएको थियो।

## नुहाउँदा अनिवार्य कुराहरु فرائض الغسل

(१) नियत : ठूलो अपवित्रताबाट पवित्रता प्राप्त गर्ने उद्देश्यले हृदयमा अवश्य सही भावना राखिकन नुहानुपर्छ। किनकि हाम्रो कुनै पनि कार्य-कर्तव्यमा नियतले ठूलो भूमिका खेल्छ। जस्तै एउटा हदीसमा छः"कर्महरु नियतमा आधारित छन् र प्रत्येक व्यक्तिका लागि त्यो नै छ जसको उसले नियत गरेको छ।''

(हदीसको संग्रहःबुखारी र मुस्लिम)

(२) शरीरमाथि पूर्ण रुपले पानी हालेर घस्नु र जहाँ घस्न सम्भव छैन त्यहाँ पानी यति मात्रामा हाल्नु कि पानी शरीरको प्रत्येक ठाउँमा पुगिसकेको छ भन्ने पूर्ण विश्वास प्राप्त होस्।

(३) खास गरी टाउकोका कपालमा पानी हालेर जरोसम्म पानी पुऱ्याउनु।

## नुहाउँदा सुन्नत कुराहरु سنن الغسل

⇨"बिस्मिल्लाह''भन्नु।

⇨तीन चोटि दुबै हातलाई नाडीसम्म धुनु।

⇨लिङ्ग धुनु र फोहोर-मैलालाई सफा गर्नु।

⇨नमाजका लागि गरिने वुजू जस्तै वुजू गर्नु र स्नानको अन्त्यमा दुबै खुट्टालाई धुनु।

## नुहाउँदा अप्रिय कुराहरु مكروهات الغسل

⇨पानी अनावश्यक अत्यधिक खर्च गर्नु।

⇨अपवित्र स्थानमा नुहाउनु।

⇨बिना पर्दाको नुहाउनु। जस्तै एउटा हदीसमा छः"महान अल्लाह अति नै पर्दादायक जीवित हुनुहुन्छ र पर्दा एवं लाजलाई मन पनि पराउनु हुन्छ। यसर्थ तिमीहरुमध्ये कसैले पनि स्नान नुहाउन परेमा पर्दा लगाओस्।'' (हदीसको संग्रहः अबूदाउद र नसाई)

⇨जमेको पानीमा नुहाउनु। जस्तै एउटा हदीसमा छः"तिमीहरुमध्ये कसैले अपवित्रताको अवस्थामा जमेको पानीमा ननुहाओस्।''

(हदीसको संग्रहः मुस्लिम)

## नुहाउनको शुद्ध तरिका كيفية الغسل الصحيحة

⇨सर्वप्रथम गुस्लको नियत गर्दै बिस्मिल्लाह भन्नु।

⇨आफ्ना दुबै हातलाई नाडीसम्म तीन तीन चोटि धुनु।

⇨लिङ्ग र त्यसको वरिपरि लागेको वीर्यलाई धुनु।

⇨पूर्ण रुपले वुजू गर्नु र दुबै खुट्टालाई नुहाउनको अन्तमा धुनु।

⇨टाउकोमाथि पानी हालेर कपालको जरोमा पानी पुऱ्याउनु।

⇨टाउकोलाई दुबै कानसहित तीन चोटि धुनु।

पहिले दाहिनेतर्फ माथिदेखि तल्लसम्म र त्यसपछि देब्रेतर्फ माथिदेखि तल्लसम्म पानी हाल्नु।

यसमाथि प्रमाणका लागि आदरणीय आइशा रजियल्लाहु अन्हाको कथन छः

"كَانَ رَسُوْلُ اللهِ صَلَى اللهُ عَلَيْهِ وَسَلَّمَ إِذَا أَرَادَ أَنْ يَّغْتَسِلَ مِنَ الْجَنَابَةِ يَبْدَأُ
فَيَغْسِلُ يَدَيْهِ ثُمَّ يَفْرَغُ بِيَمِيْنِه عَلَى شِمَالِه فَيَغْسِلُ فَرْجَه، ثُمَّ يَتَوَضَّأُ
وُضُوْءَه، لِلصَّلَاةِ ثُمَّ يَشْرَبُ شَعره الماء ثُمَّ يَحْثِىْ عَلَى رَأسِه ثَلَاثَ حَثَيَاتٍ
ثُمَّ يَفِيْضُ الْمَاءَ عَلَى سَائِرِ جَسَدِه ثُمَّ يَغْسِلُ رِجْلَيْهِ"

(رواه البخارى ومسلم)

"नबी सल्लल्लाहु अलैहि व सल्लम सम्भोग गरिसकेपछि नुहाउने बेला सर्वप्रथम आफ्ना दुबै हातहरु,फेरि दाहिने हातले देब्रे हातमाथि पानी

हालेर लिङ्ग,त्यसपछि नमाजका लागि गरिने वुजू जस्तै वुजू,फेरि कपालमा पानी,फेरि हत्केलामा पानी लिएर टाउकोमाथि तीन पटक,फेरि आफ्नो शरीरमाथि पानी र फेरि आफ्ना दुबै खुट्टालाई धुनुहुन्थ्यो।'' (हदीसको संग्रह : बुखारी र मुस्लिम)

## सम्भोगीका लागि अवैध कुराहरु  مايحرم على الجنب

⇨नमाज पढ्नु : चाहे अनिवार्य नमाज होस् वा सुन्नत नमाज होस् वा नफ्ल नमाज होस्। अल्लाह तआलाले पवित्र कुरआनमा यसबाट मनाही गर्नुभएको छ: "बेहोसीको अवस्थामा नमाजको नजिक पनि नजाऊ यहाँसम्म कि तिमीहरुलाई थाहा होओस् , तिमीहरु के भनिरहेका छौ र न सम्भोगको अवस्थामा यहाँसम्म कि स्नान गरि लेऊ तर मात्र त्यहाँबाट जानुछ भने केही छैन।''(यो पनि विवश्ताको अवस्थामा छुट दिएको छ।) ( सूरह नेसा: ४३ )

नबी सल्लल्लाहु अलैहि व सल्लमको कथन छ:

"कुरआनलाई पवित्र व्यक्तिले मात्र छोओस्।''

(दारेकुत्नी र हाकिम)

⇨अल्लाहको पवित्र घर काबाको परिक्रमा(तवाफ)गर्नु।

⇨पवित्र कुरआन पढ्नु।

आदरणीय अली रजियल्लाहुको कथन छ:नबी सल्लल्लाहु अलैहि व सल्लम स्त्री "संभोग बाहेकको अवस्थामा हामीलाई कुरआन पढाउनु हुन्थ्यो।'' (अहमद र अबूदाउद)

⇨मस्जिदमा नै बस्नु। जहाँसम्म त्यहाँबाट जाने कुरा छ भने विवश व्यक्तिका लागि छुट छ।

## متى يستحب الغسل ؟

# नुहाउनको "मुस्तहब'' समय

मुस्तहब भन्नाले यस्ता खालका कर्महरु हुन् जसलाई गरेमा पुण्य प्राप्त हुन्छ र छोडेमा केही पाप लाग्दैन।

➩स्नानबाट सर-सफाइ र पवित्रता प्राप्त हुन्छ। यसर्थ पवित्र मानिसले पनि दिनहुँ नुहाउने गर्दछन्। इस्लाम धर्ममा केही दिन र समय शुभ घोषित गरिएका छन्। जसमा स्नान गर्नु पुण्यकारीहरुध्ये आउँछ। निम्न विवरणमा तिनको व्याख्या गरिएको छ।

➩शुक्रबारको दिन निकै महत्वपूर्ण दिन हो। यो एकअर्कासँग भेटघाट गर्ने शुभ दिन हुनका साथसाथै हामी मुसलमान दाजु-भाइ तथा दिदी बहिनीहरु र सम्पूर्ण मुसलमान समुदायका लागि पर्वको दिन पनि हो। यसले गर्दा यो शुभ दिनमा नुहाएर गरेर मस्जिदमा जानु मुस्तहब हो र केही विद्वानहरुको कथन बमोजिम अनिवार्य हो। एउटा हदीसमा छ:"शुक्रवारको स्नान प्रत्येक व्यस्कमाथि अनिवार्य छ।''

(हदीसको संग्रह: बुखारी र मुस्लिम)

➩मृतकलाई नुहाइधुवाइ गराउने व्यक्तिका लागि नुहाउनु अति उत्तम हो। जस्तै एउटा हदीसमा छ:"जसले मृतकलाई स्नान गरायो, उसले नुहाउनुपर्छ र जसले त्यसलाई उठाएको छ, उसले वुजू गर्नुपर्छ।''

(हदीसको संग्रह: अबूदाउद,तिर्मिजी र इब्नेमाजा)

➩हज या उम्राको लागि एहरामको पहिरन अघि नुहाउनु नबी सल्लल्लाहु अलैहि व सल्लमको कर्मबाट प्रमाणित छ। आफै गम्भीर भएर सोच्दाखेरि पनि हाम्रो मन मस्तिष्कले यो नै भन्छ कि यस्तो शुभ अवसरमा (जुन कतिपय मानिसलाई जीवनमा मात्र एक चोटि र केहीलाई त्यो पनि सौभाग्य हुँदैन)राम्ररी नुहाउनु लाभदायक हुनेछ।

➩मक्कामा प्रवेश गर्नुअघि र अरफामा रुक्ने बेला। यस माथि प्रमाणका लागि अब्दुल्लाह पुत्र उमर रजियल्लाहु अन्हुमासित प्रमाणित छ: उहाँ मक्कामा प्रवेश गर्नुअघि "जू त'वा''नामक स्थानमा रात बिताउनु हुन्थ्यो। अनि बिहान नुहाएर दिनमा मक्कामा प्रवेश गर्नुहुन्थ्यो र भन्नुहुन्थ्यो कि नबी सल्लल्लाहु अलैहि व सल्लमले यस्तै गर्नुभयो। (हदीसको संग्रह:मुस्लिम)

⇨इदुल्फित्र र इदुल्अज्हा पर्वको दिन उक्त सम्बन्धमा कुनै सही हदीस छैन तापनि धार्मिक विद्वानहरुले दुबै दिनमा नुहाउनलाई "मुस्तहब"'मानेका छन्।

## أحكام الحيض والنفاس والاستحاضة في الإسلام

## मासिक धर्म(हैज) प्रसवजन्य(नेफास) र इस्तेहाजा (एकप्रकारको रगत) सम्बन्धमा इस्लामी निर्देशनहरु

<u>मासिक धर्म(हैज)</u> एक प्रकारको रगत हो। जो महिलाहरुको गर्भाशयबाट प्रत्येक महिना निश्चित दिनसम्म आउँछ।

⇨यो रगत गर्भावती महिलाको गर्भमा रहेको शिशुका लागि खुराक हुन्छ र शिशु जन्मेपछि उसको निम्ति खानाको स्रोत दूधको रुप लिन्छ। यसैले गर्भावती र दूध खुवाउने महिलालाई मासिक धर्म पहिलेभन्दा कम आउँछ। यसको कारण यो हो कि वच्चालाई आवश्यक पर्ने खुराक आमाको खानाखुराकबाट गर्भाशयमा नै निर्भर हुन नपरोस्। जुन अवस्थामा उनलाई आफै शक्तिको आवश्यकता पर्छ।

⇨मासिक धर्मको रगत प्राय: ६ वा सात दिनसम्म आउँछ तर केही महिलालाई अलिक कम वा बढी पनि हुन्छ। किनकि अल्लाहले महिलाहरुलाई विभिन्न प्रकृतिमा जन्माउनुभएको छ।

<u>प्रसवजन्य(नेफास)</u> त्यो रगत हो,जो गर्भावतीहरुलाई गर्भाशयबाट बच्चाको जन्मअघि र पछि आउँछ।

प्राय: उक्त रगत महिलाहरुलाई बच्चाको जन्मपछि चालीस दिनसम्म आउँछ। तर यो कुनै सीमा होइन। बरु कसैको रगत यो भन्दा अघि पनि बन्द हुनसक्छ।

<u>उक्त रगत सम्बन्धी आवश्यक निर्देशहरु</u>:

(१) यस्तो अवस्थामा महिलाहरुलाई नमाज पढ्न र ब्रत बस्नबाट मनाही गरिएको छ। जस्तै हदीसमा छ कि नबी सल्लल्लाहु अलैहि व सल्लमले फातिमा पुत्री कैसलाई मासिक धर्मको अवस्थामा नमाज पढ्नबाट मनाही गर्नुभएको थियो। साथै यो पनि स्पष्ट रहोस् कि यस्तो अवस्थामा पढेको नमाज वा बसेको ब्रत स्वीकार गरिने छैन।

(२) मासिक धर्म वा प्रसवजन्यको रगतबाट पवित्र भएपछि मात्र

छुटेको ब्रत बस्नुपर्छ ,छुटेको नमाजलाई पढ्नुपर्दैन। आदरणीय आइशा रजियल्लाहु अन्हाले भन्नुभएको छ:"हामी नबी सल्लल्लाहु अलैहि व सल्लमको शुभकालमा मासिकमा हुँदा हामीलाई (मासिक धर्म सकेपछि) ब्रत बस्न आदेश दिइन्थ्यो तर नमाज पढ्ने होइन।

(हदीसको संग्रह:बुखारी र मुस्लिम)

(३)यस्तो अवस्थामा महिलाहरुलाई काबाको परिक्रमा गर्न, पवित्र कुरआनको पठन-पाठन गर्न र मस्जिदमा बस्नबाट मनाही गरिइएको छ।

(४) श्रीमानलाई यस्तो अवस्थामा यौन सम्पर्कबाट इस्लामले रोकेको छ। यहाँसम्म कि रगत आउन बन्द होओस् र तिनीहरु नुहाएर पवित्र होउन्। जस्तै महान अल्लाहले भन्नुभएको छ :

*"मासिक धर्मको अवस्थामा महिलाहरुसित पर बस र सम्भोग गर्नका लागि तिनीहरुको नजिक न जाऊ यहाँसम्म कि तिनीहरु पवित्र होउन्। अनि त्यसपछि अल्लाहको आदेश अनुसार तिनीहरुको नजिक जाऊ।"* पवित्र कुरआन:२/२२२

यस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ :"यौन सम्पर्क (जेमा) बाहेक जे पनि गर।"

(हदीसको संग्रह : मुस्लिम,अबूदाऊद र तिर्मिजी)

मासिक धर्मको अवस्थामा चुम्बन लिन पाइन्छ वा यस्तै साथमा बसेर खानपिन गर्न वा कुराकानी गर्नमा कुनै प्रकारको प्रतिबन्ध लगाएको छैन। जहाँसम्म केही समाजमा तिनीहरुलाई छुट्टै बस्न वा छुट्टै खानका लागि भनिन्छ भने यसमा महिलाहरुमाथि एक प्रकारको अत्याचार गरिन्छ। जसको वास्तविकतासँग कुनै सम्बन्ध छैन।

(५) यस्तो अवस्थामा पारपाचुकेबाट पनि मनाही गरिएको छ। बरु पवित्रताको अवस्थामा यसको अनुमति दिइएको छ। त्यो पनि श्रीमानले त्यसमा श्रीमतिसित यौन सम्पर्क नगरेको हुनुपर्छ।

<u>टिप्पणी</u>: मासिक धर्म वा प्रसवजन्यको अवस्थामा भएकी महिला सूर्यास्त अघि पवित्र भएकी छिन् भने जुहर र अस्र दुबै समयको नमाजलाई नुहाएर पढ्नुपर्छ र यस्तै उषाकालमा पवित्र भएकी छिन् भने मग्रिब र इशाको नमाज पढ्नुपर्छ।

नमाजको समय भयो तर नमाज पढ्नुअघि मासिक धर्म आउन

थाल्यो वा अनजानमा सूतिरहँदा मासिक धर्म आउन थाल्यो यस्तो अवस्थामा पनि त्यो नमाजलाई पछि पढ्नुपर्दैन।

कुनै महिलाको गर्भ तुहियो चाहे जेसुकै कारणले होस,त्यहाँ ध्यान दिनुपर्ने कुरो यो हो कि तुहिएको गर्भ कस्तो छ? जन्मलिने वच्चाको रुप धारण भइ सकेको छ वा मात्र मासुको डल्लो जस्तो छ, जो चाहिँ भर्खरै तयार भइरहेको थियो र जसलाई मात्र मासुको डल्लो भनिन्छ? यदि शिशुले रुप धारण गरेको छ(जुन चाहिँ प्राय:३ महिना वा कम्तिमा ८१दिनमा प्रष्ट हुन जान्छ) भने प्रसवजन्यको निर्देश त्यसमाथि लागु हुन्छ तर रुप धारण नगरेको अवस्थामा तुहिएर निस्कने रगतलाई प्रसवजन्यको रगत भन्न मिल्दैन। अनि यस्तो अवस्थामा यसर्थ नमाज र ब्रतलाई छोड्नु पनि प्रमाणित छैन, किनकि त्यो नेफासको रगत होइन।

<u>इस्तेहाजा(एक प्रकारको रगत)</u> एक प्रकारको रगत हो जुन चाहिँ महिलाहरुबाट प्राय: रोगको कारणल गर्दा विना कुनै निश्चित समयमा बग्दछ।

यस्तो अवस्थामा प्रत्येक नमाजका लागि वुजू गरेर नमाज पढ्नुपर्छ र ब्रत पनि बस्नुपर्छ। तर प्रश्न उठ्नसक्छ कि कसरी थाहा हुन्छ कि कुन रगत इस्तेहाजाको हो र कुन रगत हैजको हो?

(क)यस्तो अवस्थामा महिलाहरुलाई स्वयं थाहा हुनुपर्छ कि इस्तेहाजाको रगत आउनअघि कति दिनसम्म हैजको रगत आइरहेको थियो। यदि उनीहरुलाई थाहा छ कि ६ दिन वा ७ दिनसम्म आइरहेको थियो भने त्यति दिनसम्म नमाज पढ्दैनन् र ब्रत पनि बस्दैनन् । त्यसपछि नुहाएर पुन: पहिला जस्तै नमाज पढ्न र ब्रत बस्न थाल्छन् । अनि त्यो भन्दा अत्यधिक आउने रगतलाई इस्तेहाजाको रगत मानिन्छ।

(ख) यदि कुनै महिलालाई थाहा छैन कि मलाई कति दिनसम्म मासिक धर्मको रगत आउँछ तर मासिक धर्मको रगत चाहिं चिन्दछिन्। जो प्राय: कालो वा बाक्लो र गन्धवाला हुन्छ। जब कि इस्तेहाजाको रगत रातो,पातलो र विना गन्धको हुन्छ। यस्तो अवस्थामा जति दिनसम्म कालो रगत आउँछ त्यसलाई मासिक धर्मको रगत मानेर महिलाहरुले नमाज र ब्रत छोड्छन् तर त्यो समाप्त भएपछि नुहाएर नमाज पढ्नुपर्छ र ब्रत बस्ने दिनमा ब्रत पनि

बस्नुपर्छ।

(ग) तर यदि कसैलाई उपरोक्त कुराहरुमध्ये केही थाहा छैन भने ६ वा ७ दिनसम्म मासिक धर्मको रगत मान्नुपर्छ। जुन चाहिँ प्राय: महिलाहरुलाई आउँछ र महिनाको बाँकी दिनमा नमाज पढ्नु र ब्रत बस्नुपर्छ।

## प्रत्येक मुस्लिमले जान्नु पर्ने कुराहरु
## لابد لكل مسلم من معرفتها

इस्लाम नै वास्तविक ईश्वर "अल्लाह"को धर्म हो। अर्को शब्दमा यो नै स्वर्गको सत्य-तथ्य मार्ग हो। यसर्थ उक्त धर्म सम्बन्धी आवश्यक जानकारी प्राप्त गर्नु हामी सबैको प्रमुख जिम्मेवारी हो। अल्लाहको कृपाले निम्नलिखित भन्ने हो भने इस्लामका स्तम्भहरुमध्ये दोस्रो स्तम्भ नमाजको बारेमा पवित्र कुरआन र सही हदीस बमोजिम जानकारी गराइएको छ। तर त्यो भन्दा अघि हामीलाई थाहा हुनुपर्‍यो कि इस्लामका स्तम्भहरु कतिवटा छन् र ती के के हुन्?

यसको जवाफ यो हो कि इस्लामका स्तम्भहरु पाँच वटा छन् र ती निम्नलिखित हुन्।

## इस्लामका पाँच आधार أركان الإسلام الخمسة

(१)गवाहीको मूल मन्त्र(पवित्र कलमा,कलमा श'हा'दत्,श'हा'द'तैन,प्रथम पाइला)*अश्हदु अल्लाइला'ह इल्लल्लाहु व अश्हदु अन्'न मुहम्म'दन् अब्दुहू व रसूलुहू।*

<u>अर्थ :</u> म गवाही दिन्छु कि अल्लाह बाहेक अरु कोही पूजनीय छैन र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम(उहाँ माथि अल्लाहको कृपा र शान्ति होस्) अल्लाहका भक्त तथा सन्देष्टा हुन्।

(२) रात-दिनमा पाँच पटक नमाज पढ्नु।

(३) जकात (धर्मदान, इस्लामले तोकेको धन-सम्पत्ति,सून,चाँदी आदि बाट इस्लामी नियम-कानुन अनुसार २.५% (प्रतिशत) वार्षिक रुपमा निकालेर गरीब गुरुवालाई) दिनु।

(४) प्रत्येक वर्ष रमजानको शुभ महिनामा महिनाभरी ब्रतबस्नु।

(५) खर्च गर्न पुग्दा सम्पत्ति र स्वास्थ्य प्राप्त भएमा अल्लाहको पवित्र घर काबाको जीवनभरीमा अनिवार्य रुपमा एक पटक हज(दर्शन/तीर्थयात्राको साथसाथै अन्य गर्नुपर्ने कर्मलाई पूर्ण रुपमा) गर्नु।

## अजान र एकामतको वर्णन كيفية الأذان والإقامة

**अजान:** नमाजको समय हुँदा केही विशेष वाक्यहरुलाई नबी सल्लल्लाहु अलैहि व सल्लमको तालिम बमोजिम ठूलो स्वरमा भनी मानिसहरुलाई नमाजका लागि आमन्त्रित गर्ने प्रक्रियालाई अजान र अजान दिने व्यक्तिलाई मुअज्जिन भनिन्छ।

नमाजको समय हुँदा अजान दिनु अनिवार्य छ। अजान दिने व्यक्तिलाई अत्यन्तै पुण्य प्राप्त हुन्छ अनि जेजति प्राणीले अजान सुन्छन् कियामतको दिन त्यसको हकमा गवाही दिनेछन्। यस्तै उनको अजानको आवाज सुनेर जति जना मानिसहरु नमाज पढ्न आउँछन् त्यति बराबरको पुण्य उसलाई प्राप्त हुनेछ तर उनीहरुको पुण्यमा कमी गरिने छैन। अजानका वाक्हरु निम्न प्रकार छन्:

الله أكبر ،الله أكبر. الله أكبر ،الله أكبر. أشهد أن لاإله إلا الله . أشهد أن لاإله إلا الله . أشهد أنّ محمدا رسول الله . أشهد أنّ محمدا رسول الله. حيّ على الصلاة . حيّ على الصلاة . حيّ على الفلاح. حيّ على الفلاح. الله أكبر ،الله أكبر. لاإله إلا الله.

*अल्लाहु अक्बर अल्लाहु अक्बर, अल्लाहु अक्बर अल्लाहु अक्बर।*

अल्लाह सबभन्दा महान हुनुहुन्छ। अल्लाह सबभन्दा महान हुनुहुन्छ।

अल्लाह सबभन्दा महान हुनुहुन्छ। अल्लाह सबभन्दा महान हुनुहुन्छ।

*अश्हदु अल्लाइला'ह इल्लल्लाह, अश्हदु अल्लाइला'ह इल्लल्लाह।*

म गवाही दिन्छु कि अल्लाह बाहेक कोही वास्तविक पूज्य छैन।

म गवाही दिन्छु कि अल्लाह बाहेक कोही वास्तविक पूज्य छैन।

*अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह , अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह।*

म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम अल्लाहको सन्देष्टा हुनुहुन्छ। म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहु अलैहि व

सल्लम अल्लाहको सन्देष्टा हुनुहुन्छ।
*हैय्य अलस्सलाह, हैय्य अलस्सलाह।*
नमाजका लागि आऊ। नमाजका लागि आऊ।
*हैय्य अलल्फलाह, हैय्य अलल्फलाह।*
कल्याणका लागि आऊ। कल्याणका लागि आऊ।
*अल्लाहु अक्बर अल्लाहु अक्बर*
अल्लाह सबभन्दा महान हुनुहुन्छ। अल्लाह सबभन्दा महान हुनुहुन्छ।
*लाइला'ह इल्लल्लाह।*
अल्लाह बाहेक कोही वास्तविक पूज्य छैन।
नोट: (१) फज्रको अजानमा हैय्यअलल्फलाहपछि

الصَّلاةُ خَيْرٌ مِنَ النَّوْمِ ، الصَّلاةُ خَيْرٌ مِنَ النَّوْمِ

*अस्सलातु खैरुम्मेनन्नौम , अस्सलातु खैरुम्मेनन्नौम*(नमाज निद्रा भन्दा वेस हो, नमाज निद्रा भन्दा वेस हो) दुई चोटि भन्नुपर्छ।

(२) अजान दिने व्यक्तिले जसरी भन्छ उसको पछि पछि त्यसरी नै दोहऱ्याइ अजानको जवाफ दिइन्छ। तर हैय्य अलस्सलाह र हैय्य अलल्फलाहको सट्टामा लाहौ'ल व'ला कुव्व'त इल्ला बिल्लाह भनिन्छ।

(३) अजानको जवाफपछि नबी सल्लल्लाहु अलैहि व सल्लममाथि दरुद शरीफ पढेर निम्न प्रकार बिन्ती गर्नुहोस्:

"اللّهُمَّ رَبَّ هذِهِ الدَّعْوَةِ التَّامَّةِ وَالصَّلاةِ الْقَائِمَةِ آتِ مُحَمَّدًا الْوَسِيْلَةَ وَالْفَضِيْلَةَ
وَابْعَثْهُ مَقَاماً مَحْمُوْدا الَّذِىْ وَعَدتَّهُ" (البخارى)

*अल्लाहुम्म रब्ब हाजेहिद् दअ्'व'तित्ताम्मते वस्सलातिल् काएमते आते मुहम्म'द निल्वसी'ल'त वल्फजी'ल'ह् वब्अस्हो मकामम् महमू'द निल्लजी व'अत्तह्।*

हे अल्लाह सबै प्रकारका स्तुति प्रशंसाका पात्र र कायम गरिने नमाजको पालनकर्ता मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमलाई वसीलह् तथा महानता प्रदान गर्नुहोस् र उहाँलाई महमूद भन्ने ठाउँमा पुऱ्याउनुहोस् जसको सम्बन्धमा तपाईंले वचन गर्नुभएको छ।

जसले उक्त बिन्ती गर्छ उसलाई कियामतको दिन मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको सिफारिश प्राप्त हुनेछ। यस बाहेक अर्को पनि बिन्ती गर्नु प्रमाणित छ।

(४) अजानपछि औंला आँखामाथि राख्नु प्रमाणित छैन र न मुहम्मद

सल्लल्लाहु अलैहि व सल्लमको नाम आउँद नै बरु उहाँको नाम आउँदा उहाँ माथि दरुद पढ्नुपर्छ।
(५) हैय्य अलस्सलाह भन्दा मुअज्जिनले दाहिने तर्फ र हैय्य अलल्फलाह भन्दा देब्रे तर्फ गर्दन अलिकति घुमाउनुपर्छ तर पूर्ण रुपमा घुम्नु प्रमाणित छैन।

<u>एकामत</u>: अनिवार्य नमाज सामूहिक रुपमा वा एक्लै पढ्नुअघि केही विशेष वाक्यहरुलाई नबी सल्लल्लाहु अलैहि व सल्लमको तालिम बमोजिम भन्नलाई एकामत भनिन्छ। यसबाट यो बोध हुन्छ कि नमाज शुरु हुनलाग्यो। एकामत निम्न प्रकार भनिन्छ:

*अल्लाहु अक्बर अल्लाहु अक्बर।*

अल्लाह सबभन्दा महान हुनुहुन्छ। अल्लाह सबभन्दा महान हुनुहुन्छ।

*अश्हदु अल्लाइला'ह इल्लल्लाह।*

म गवाही दिन्छु कि अल्लाह बाहेक कोही वास्तविक पूज्य छैन।

*अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह।*

म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम अल्लाहको सन्देष्टा हुनुहुन्छ।

*हैय्य अलस्सलाह।*

नमाजका लागि आऊ।

*हैय्य अलल्फलाह।*

कल्याणका लागि आऊ।

*कदकामतिस्सलाह। कदकामतिस्सलाह।*

नमाज हुनलाग्यो, नमाज हुनलाग्यो।

*अल्लाहु अक्बर अल्लाहु अक्बर।*

अल्लाह सबभन्दा महान हुनुहुन्छ। अल्लाह सबभन्दा महान हुनुहुन्छ।

*लाइला'ह इल्लल्लाह।* अल्लाह बाहेक कोही वास्तविक पूज्य छैन।

एकामतको जवाफ पनि हैय्य अलस्सलाह र हैय्य अलल्फलाह बाहेक जस्ताका त्यस्तै भनिदिनुपर्छ। अनि हैय्य अलस्सलाह र हैय्य अलल्फलाहको जवाफमा लाहौ'ल व'ला कुव्व'त इल्लाबिल्लाह भन्नुपर्छ,जस्तै अजानको जवाफ दिंदा भन्नुभयो।

नोट: (१)जहाँसम्म कदकामतिस्सलाहको जवाफमा "अकामहल्लाहु व अदा महा''भन्ने कुरा हो भने यस विषयमा कुनै सही प्रमाण छैन।
(२) एकामतपछि सुन्नत नमाज पढ्न प्रमाणित छैन चाहे जुनसुकै

बेलाको नमाज किन नहोस्। जस्तै केही दाजु–भाइहरु फज्रको नमाज भईरहेको बेला पनि मस्जिदमा प्रवेश गर्दा पहिला सुन्नत नमाज नै पढ्छन्। तर यस विषयमा कुनै प्रमाण छैन बरु यसको विपरीत सुन्नत नपढिकन फर्ज नमाजमा सामेल हुनु अनिवार्य घोषित गरिएको छ। जस्तै हदीसमा छ:

إذا أُقِيمَتِ الصَّلاةُ فلاصلاةَ إلا المَكْتُوبَة (مسلم)

" एकामतपछि अनिवार्य बाहेक अन्य कुनै नमाज हुँदैन।''

यदि तपाई पहिलादेखि नै सुन्नत नमाज पढिराख्नुभएको छ र अन्तिम चरणमा हुनुहुन्छ भने सो नमाजलाई छिटो पढेर फर्ज नमाजमा सामेल हुनुपर्छ। तर रकात छुट्छ कि भन्ने संदेह छ भने सुन्नतलाई छोडी अनिवार्य नमाजमा सामेल हुनुपर्छ।

## متى فرضت الصلاة ؟

## नमाज कहिले अनिवार्य गरियो?

नमाज इस्लामका आधारहरुमध्ये दोश्रो अति नै महत्वपूर्ण एवं अभिन्न भाग हो।भन्ने हो भने पवित्र कलमापछि यो नै सर्वश्रेष्ठ स्तम्भ हो र प्रत्येक मुस्लिमको परिचायक चिन्ह पनि हो। जसलाई अल्लाहले "मेअ्राज" (अल्लाहले मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमलाई मदीना प्रवास गर्नुअघि जिब्रीलद्वारा आकाशको भ्रमण गराउनुभएको थियो। जसमा उहाँले स्वर्ग र नर्क देख्नुभयो। अनि फर्कने बेला सोही भ्रमणमा अल्लाहले उहाँमाथि दिन–रातमा पाँच पटकको नमाज) मा अनिवार्य गर्नुभयो।

## पाँच तर पचास — إنها خمسة ولكنها بمثابة خمسين

"मेअ्राज"मा महान अल्लाहले प्रथम चोटि रात–दिनमा पचास पटक नमाज पढ्नको आदेश मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमलाई दिनुभयो। जस्तै एउटा ठूलो हदीसमा यसको विवरण यसप्रकार छ :"...फेरि म माथि नित्य दिनको लागि पचास पटकको नमाज पढ्न अनिवार्य गरियो। म फर्कें,बाटोमा मूसा अलैहिस्सलासित भेट्भयो। उहाँले सोध्नुभयो कि के आदेश गरिएको छ? मैले जवाफ दिएँ कि प्रत्येक दिन पचास पटक नमाज पढ्न आदेश गरिएको छ। मूसा अलैहिस्सलामले भन्नुभयो कि निःसन्देह तपाईंको समुदायले प्रतिदिन यति नमाज पढ्न सक्दैनन्। अल्लाहको कसम मैले तपाईं भन्दाअघि नै मानिसहरुको बारेमा अनुभव गरिसकेको छु र बनु इज्राइलका साह्रै उपचार पनि गरिसकेको छु। तपाईं फर्केर जानुहोस् र अल्लाहसित यसमा कमी गर्नका लागि अनुरोध गर्नुहोस्। म फर्कें, मूसा(उहाँ माथि ईश्वरीय शान्ति होस्)को सल्लाह अनुसार विनम्र अनुरोध गरें। अल्लाहले त्यसमा दस कम गर्नुभयो। फेरि फर्किंदा मूसा–उहाँ माथि ईश्वरीय शान्ति होस्–सित भेट्भयो र वहाँले यसपाली पनि उक्त कुरालाई नै दोहऱ्याउनुभयो। फेरि म फर्कें,यसपाली पनि अल्लाहले दस कम गर्नुभयो। फेरि फर्किंदा मूसा–उहाँ माथि ईश्वरीय शान्ति होस–सित भेट्भयो र उहाँले यसपाली पनि उक्त कुरा नै भन्नुभयो। यसर्थ म तेस्रो चोटि फर्कें र अल्लाहले अझ दस कम गर्नुभयो। फेरि फर्किंदा मूसा–वहाँ माथि ईश्वरीय शान्ति होस्–सित

भेट्भयो र उहाँले यस पालीपनि उक्त कुरा नै भन्नुभयो। अब फेरि म फर्कें र अल्लाहले यस पालीपनि दस कम गर्नुभयो। यसरी नित्य दिनको लागि दस चोटि नमाज पढ्ने मलाई आदेश दिइयो। फेरि फर्किंदा मूसा–उहाँ माथि ईश्वरीय शान्ति होस्–ले त्यस्तै कुरा भन्नुभयो। फेरि म फर्कें र अब प्रत्येक दिनको लागि पाँच चोटि नमाज पढ्ने आदेश दिइयो। फेरि मूसा–उहाँ माथि ईश्वरीय शान्ति होस्–ले सोध्नुभयो,कति को आदेश गरिएको छ? मैले भनें प्रत्येक दिनको लागि पाँच चोटि नमाज पढ्ने आदेश दिइएको छ। मूसा–उहाँ माथि ईश्वरीय शान्ति होस्–ले भन्नुभयो निःसन्देह तपाईंको समुदायले प्रतिदिन पाँचपटक नमाज पढ्न सक्दैनन् र मैले तपाईं भन्दाअघि मानिसहरुको अनुभव गरिसकेको छु। बनु इज्राइलको निकै कडा उपचार पनि गरिसकेको छु। यसर्थ फेरि तपाईं फर्केर जानुहोस् र अझ उहाँसित यसमा कम गर्नका लागि अनुरोध गर्नुहोस्।
उहाँले भन्नुभयो कि मैले आफ्नो प्रभुसित प्रश्न गरें यहाँसम्म कि मलाई लाज लाग्न थाल्यो। म यतिमा सहमत छु र आत्म-समर्पण गर्छु। उहाँले भन्नुभएको छ कि म त्यहाँ बाटहिंडे अनि कुनै उद्घोषकले उद्घोषण गऱ्यो। जति अनिवार्य गर्नु थियो त्यति अनिवार्य गरिदिएँ र आफ्ना भक्तहरुका लागि कम गरिदिएँ।''

(हदीसको संग्रह : बुखारी)

उक्त हदीसबाट ज्ञात हुन्छ कि अल्लाहले सर्वप्रथम हामी सबैका लागि पचास पटकको नमाज अनिवार्य गर्नुभएको थियो। फेरि त्यसमा कम गरेर पाँच पटकको मात्र नमाज पढ्ने आदेश दिनुभयो। यसर्थ हामी नमाज त पाँच पटक नै पढ्छौं तर पुण्य चाहिँ पचास पटकको दिइन्छ। यो उहाँको हामीमाथि एक प्रकारको विशेष कृपा हो। जसलाई खास गरी बिर्सन सकिदैन।

## इस्लाममा नमाजको महत्व أهمّية الصلاة في الإسلام

नमाज इस्लामको अति नै महत्वपूर्ण र प्रसिद्ध दोस्रो आधार हो। बरु अल्लाहको तर्फबाट हामीलाई प्राप्त भएको यो एउटा ठूलो उपहार पनि हो। जसलाई जस्ताका त्यस्तै कायमगर्न हामी सबैलाई पवित्र कुरआन र सही हदीसमा बारम्बार आदेश दिइएको छ। नबी सल्लल्लाहु अलैहि व सल्लमले यसलाई आफ्नो आँखाको राहत भन्नुभएको छ। कुनै पनि अवस्थामा उहाँले यसलाई छोड्नुभएको छैन। युद्धमा पनि पढ्नुभयो र अरुलाई पनि पढ्न लगाउनुभयो। वहाँको दृष्टिमा नमाजको कति ठूलो महत्व थियो त्यो इस्लामी इतिहास पढ्दा अझ राम्ररी प्रष्ट हुन्छ। इतिहास गवाह छ कि एकचोटि नास्तिकहरुले उहाँ र उहाँका श्रद्धालु साथीहरुलाई युद्धको अवस्थामा व्यस्त पारिदिए कि जसले गर्दा उनीहरुको अस्रको नमाज कजा(निश्चित समय समाप्त भयो,प्रत्येक नमाजको समय तोकिएको छ,जुन सकेपछि पछि पढिने नमाजलाई कजा भनिन्छ) भयो। यसबाट उहाँ यति दु:खित हुनुभयो कि तिनीहरुको कूभलोका लागि प्रार्थना गरि दिनुभयो।

"مَلأَ اللهُ بُيُوتَهُمْ وَقُبُوْرَهُمْ نَاراً...." (البخارى)

'हे अल्लाह उनीहरुमध्ये जीवितको घर र मृतकको चिहानलाई आगोले भरिदेऊ।''

यहाँ ध्यान दिनुपर्ने कुरा यो हो कि उहाँलाई अज्ञानी र नास्तिक मानिसहरुले कुटपिट गरे,शहर निकाला गरे र उहाँको हत्या नै गर्नचाहे तर उहाँले कसैको कूभलोका लागि बिन्ती गर्नुभएन। यहाँसम्म कि ताएफको घटनामा ईशदूत (फरिश्ता)ले भने यदि तपाईं आदेश दिनुहुन्छ भने यिनीहरुलाई दुई पर्वतको बीचमा राखेर समाप्त नै पारिदिन्छु। तर उहाँले कसैको क्षतिग्रस्त र बरबादीका लागि केही नभनिकन यो नै प्रार्थना गर्नुभयो :

"اَللّٰهُمَّ اهْدِ قَوْمِى فَإِنَّهُمْ لاَيَعْلَمُوْنَ" (البيهقى)

'हे अल्लाह! यिनीहरुलाई मार्गदर्शन गर्नुहोस् किनकि यिनीहरुले मलाई जानिरहेका छैनन्।''

बरु यो इस्लामको एउटा यस्तो अभिन्न भाग हो जस बिना मानिस इस्लामको क्षत्र-छायामा मुस्लिम भई बस्न सक्दैन। नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ :

" بَيْنَ الرَّجُلِ وَبَيْنَ الْكُفْرِ وَالشِّرْكِ تَرْكُ الصَّلاةِ" (رواه مسلم)

"मानिस र कुफ्र तथा शिर्क(बहुईश्वरवाद)को बीच नमाज छोड्नाले फरक छ।''

एउटा अर्को हदीसमा भन्नुभएको छ :

" الْعَهْدُ الَّذِى بَيْنَنَا وَبَيْنَهُمُ الصَّلاةُ فَمَنْ تَرَكَهَا فَقَدْ كَفَرَ"( احمد والترمذى والنسائى وابن حبان والحاكم)

" हामीहरु र नास्तिकहरुमा अन्तर मात्र नमाजले हो,यसर्थ जसले नमजा छाड़ि दियो उसले कुफ्र गऱ्यो।''

यसै प्रकार नबी सल्लल्लाहु अलैहि व सल्लमले बालबालिकाहरुलाई नमाज पढाउन आदेश दिनुभएको छ। जस्तै वहाँको कथन छः

"مُرُوْا أَوْلادَكُمْ بِالصَّلاةِ وَهُمْ أَبْنَاءُ سَبْعَ سِنِيْنَ وَاضْرِبُوْهُمْ عَلَيْهَا وَهُمْ أَبْنَاءُ عَشْرَ سِنِيْنَ وَفَرِّقُوْا بَيْنَهُمْ فِى الْمَضَاجِعِ"(ابوداود)

"सात बर्षका बालबालिकाहरुलाई नमाज पढ्न आदेश देऊ र दस वर्षमा पिटेर नमाज पढ्न लगाऊ र उनीहरुको उछ्यान अलग गरिदेऊ।''  अल्लाहको कथन छ :

" وَأْمُرْ أَهْلَكَ بِالصَّلاةِ وَاصْطَبِرْ عَلَيْهَا" (طه/132)

यति नै मात्र होइन, बरु यदि कुनै उचित कारणले कोही उभेर नमाज पढ्न सक्दैन भने बसेर र त्यसको पनि क्षमता छैन भने पाखुरा टेकेर नमाज पढ्नको आदेश दिएको छ। जस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमको भनाई छः

"صَلِّ قَائِمًا فَإِنْ لَمْ تَسْتَطِعْ فَقَاعِداً فَإِنْ لَمْ تَسْتَطِعْ فَعَلَى جَنْبٍ"

**(رواه أحمد والبخارى وأبوداود والنسائى والترمذى وابن ماجه)**

"उभेर नमाज पढ र यदि सक्षम छैनौ भने बसेर तर यति पनि गर्नसक्दौनौ भने पाखुरामा टेकेर पढ।''

मृत्युपश्चात सर्वप्रथम मानिसहरुको कर्ममध्ये नमाजको सम्बन्धमा प्रश्न गरिनेछ। जस्तै एउटा हदीसमा नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ :

"أَوَّلُ مَايُحَاسَبُ بِهِ الْعَبْدُ يَوْمَ الْقِيَامَةِ الصَّلاةُ "(رواه ابوداود والترمذى وغيرهما)

"महाप्रलयको दिन सर्वप्रथम नमाजको सम्बन्धमा नै हिसाब गरिनेछ।''

## बेनमाजी(नमाज नपढ्ने व्यक्ति)का लागि दिर्घकालीन यातना

## عقاب لغير المصلين

इस्लाममा नमाजको कति महत्व छ ? यो त अब तपाईंलाई थाहा भयो। तर जुन दाजु-भाइ तथा दिदीबहिनीहरुले जानी बुझिकन विना कुनै उचित कारणले यसलाई छोड्छन् र निश्चित समयमा पढ्दैनन् , यस्ता व्यक्तिहरुका लागि अल्लाहले दिर्घकालीन यातना तयार पार्नुभएको छ। जस्तै एउटा हदीसमा छ:

"أَمَّاالَّذِیْ يُثْلَغُ رَأْسَهُ بِالْحَجَرِ فَإِنَّهُ يَأْخُذُ الْقُرْآنَ فَيرْفضُهُ وَيَنَامُ عَنِ الصَّلاَةِ الْمَكْتُوْبَةِ"(البخارى)

"जसको टाउको पत्थरले फोडिरहेको थियो त्यो कुरआन कण्ठ गरी बिर्सिन्थ्यो र अनिवार्य नमाज नपढिकन सुत्थ्यो।''

एउटा अर्को हीसमा छ :

"الَّذِیْ تَفُوْتُهُ صَلاَةُ الْعَصْرِ فَكَأَنَّمَا وُتِرَ أَهْلَهُ وَمَالُهُ"(متفق عليه)

"जसको अस्रको नमाज छुट्यो त्यसको अवस्था यस्तो व्यक्ति जस्तो छ जसको घर-परिवार र धन-माल नष्ट भयो।''

यसबाट पनि नमाजको महत्व प्रष्ट हुन्छ कि स्वर्गवासीहरु स्वर्गमा प्रवेश गरेपछि अपराधीहरुसित प्रश्न गर्नेछन् कि के गर्नाले तिमीहरु नर्कमा गयौ?

" قَالُوْا لَمْ نَكُ مِنَ الْمُصَلِّيْنَ"(المدثر: 43)

" उनीहरुले भन्नेछन् हामी नमाज पढ्नेहरुमध्ये थिएनौं।''

यसैप्रकार अल्लाहको यस कथनबाट पनि ज्ञात हुन्छ कि नमाज नपढ्नेहरुलाई नर्कमा दीर्घकालीन यातना दिइनेछ।

" فَخَلَفَ مِنْ بَعْدِهِمْ خَلْفٌ أَضَاعُوْا الصَّلاَةَ وَاتَّبَعُوْا الشَّهَوَاتِ فَسَوْفَ يَلْقَوْنَ غَيّاً" (مريم : 59)

"उनीहरु पश्चात यस्ता व्यक्तिहरु जन्म लिए, जसले नमाजको वास्ता गरेनन्-बर्वाद गरिदिए- र जथाभावी रुपले आफ्नो कुअभिलाषा र इच्छापूर्तिमा लागि रहे, यसर्थ उनीहरु नर्कमा प्रवेश गर्नेछन्।''

बरु यदि कसैले नमाज पढ्छ तर समयमा पढ्दैन। जथाभावी रुपमा आफ्नो इच्छा अनुसार कहिले पढ्छ र कहिले पढ्न ढिलो गर्छ वा नमाजको वास्ता नै गर्दैन। यस प्रकारका मानिसहरुको नमाज पनि सर्वनाश हुनेछ। जस्तै पवित्र कुरआनमा छ:

" فَوَيْلٌ لِلْمُصَلِّينَ • الَّذِينَ هُمْ عَنْ صَلاتِهِمْ سَاهُونَ • الَّذِينَ هُمْ يُرَاءُونَ •
وَيَمْنَعُونَ الْمَاعُونَ • (الماعون/ 4-7 )

"सर्वनाश होस् यस्ता नमाजीहरुको जो आफ्ना नमाजप्रति लापर्वाही गर्छन् देखाउनका लागि नमाज पढ्छन् र स–साना चीज–वस्तु दिनलाई पनि रोक्छन्।''

यसर्थ नमाज समयमा नै अल्लाहको प्रसन्नता प्राप्तिका लागि पढ्नुपर्छ।जस्तै वहाँले समयमा पढ्न आदेश दिनुभएको छ :

" إِنَّ الصَّلاةَ كَانَتْ عَلَى الْمُؤْمِنِيْنَ كِتَاباً مَّوْقُوْتاً" ( النسآء : 103 )

"नमाज पूर्ण विश्वासीहरुमाथि समय–समयमा नै अनिवार्य गरिएको छ।''

यस्तै सर्वोत्तम कर्महरुमध्ये नबी सल्लल्लाहु अलैहि व सल्लमले समयमा नमाज पढ्नु पनि भन्नुभएको छ :

" الصَّلاةُ عَلَى وَقْتِهَا " ( البخارى )

"समयमा नमाज पढ्नु।''

नबी सल्लल्लाहु अलैहि व सल्लमको समयका कपटी मानिसहरु जो नमाज पनि पढ्थे तर पनि उनीहरुको सम्बन्धमा अल्लाहले भन्नुभएको छ :

" إِنَّ الْمُنَافِقِينَ يُخَادِعُونَ اللَّهَ وَهُوَ خَادِعُهُمْ وَإِذَا قَامُوا إِلَى الصَّلاةِ قَامُوا
كُسَالَى يُرَاءُونَ النَّاسَ وَلا يَذْكُرُونَ اللَّهَ إِلاَّ قَلِيلاً " ( النسآء :142 )

"निश्चय नै मुनाफिकहरु अल्लाहसित धोकेबाजी गर्छन् जबकि अल्लाहले तिनीहरुलाई तिनको धोकेबाजीको बदला दिनेवाला छन्। तिनीहरु नमाजका लागि उभिंदा अल्छी गर्दै उभिन्छन् केवल मानिसहरुलाई देखाउनका लागि। अनि तिनीहरु अल्लाहको कमै स्मरण गर्छन्।''

## नमाजका फाइदाहरु: فضائل الصلاة

नमाज पढ्नाले पाप समाप्त हुन्छ र अल्लाहको निकट्ता प्राप्त हुन्छ । बरु नमाज पढ्ने व्यक्तिहरुलाई नर्कको आगोबाट मुक्ति पनि प्राप्त हुन्छ। जस्तै हदीसमा छ:

"مَنْ حَافَظَ عَلَيْهَا كَانَتْ لَهُ نُوْراً وَبُرْهَانًا وَنَجَاةً يَّوْمَ الْقِيَامَةِ وَمَنْ لَمْ يُحَافِظْ عَلَيْهَا لَمْ تَكُنْ لَهُ نُوْراً وَلاَبُرْهَانًا وَلاَ نَجَاةً وَكَانَ يَوْمَ الْقِيَامَةِ مَعَ قَارُوْنَ وَفِرْعَوْنَ وَهَامَانَ وَأُبَىِّ بْنِ خَلَفٍ"

(رواه أحمد والدارمى والبيهقى)

"जसले नमाजलाई नियमित रुपमा पढ्यो, त्यसको लागि नमाज दीप, प्रमाण र कियामतको दिन मुक्तिको सामान हुनेछ र जसले यसलाई नियमित रुपमा पढेन उसका लागि दीप, प्रमाण र मुक्तिजनक हुनेछैन बरु ऊ कारुन फिरऔन हामान र उबै बीन खलफको साथमा हुनेछ।''

एउटा अर्को हदीसमा छ :

"أَرَأَيْتُمْ لَوْ أَنَّ نَهْراً بِبَابِ أَحَدِكُمْ يَغْتَسِلُ فِيْهِ كُلَّ يَوْمٍ خَمْساً هَلْ يَبْقَى مِنْ دَرَنِهِ شَيْئٌ؟ قَالُوْا لاَيَبْقَى مِنْ دَرَنِهِ شَيْئٌ قَالَ فَذٰلِكَ مَثَلُ الصَّلَوَاتِ الْخَمْسِ يَمْحُوْاللهُ بِهِنَّ الْخَطَايَا"(متفق عليه)

"तिमीहरुको के विचार छ? यदि कसैको ढोकाको सामुन्ने नदी होला,जसमा दिनहुँ ऊ पाँच पटक स्नान गर्छ, के उसको शरीरमा केही मैला–गन्ध बाँकी रहन्छ? उनीहरुले भने बाँकी रहदैन। फेरी वहाँले भन्नुभयो त्यस्तो नै उदाहरण पाँच पटक पढिने नमाजको छ जसबाट अल्लाहले पापलाई समाप्त पार्नुहुन्छ।''

एउटा अर्को हदीसमा नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ :

"الصَّلَوَاتُ الْخَمْسُ وَالْجُمْعَةُ إِلَى الْجُمْعَةِ وَرَمَضَانُ إِلَى رَمَضَانَ مُكَفِّرَاتٌ لِمَا بَيْنَهُنَّ اِذَاجْتُنِبَتِ الْكَبَائِرُ" ( مسلم )

"ठुल–ठूला पापबाट जोगिएमा एक नमाजले अर्को नमाजसम्म,जुमाले अर्को जुमासम्म र रमजानले अर्को रमजानसम्म हुने पापलाई सखाप पारिदिन्छन्।''

यसैप्रकार नियमित रुपमा नमाज पढ्ने व्यक्तिहरु महाप्रलयको दिन जब कि मानिसहरु आ–आफ्ना पाप अनुसार पसीनामा डुबी रहनेछन्

त्यस्तो स्थितिमा पनि नमाजीहरु अल्लाहको अर्शको छायामुनि हुनेछन्। जस्तै एउटा हदीसमा छ :

"... وَرَجُلٌ قَلْبُهُ مُعَلَّقٌ فِى الْمَسَاجِدِ" ( البخارى )

"...र एउटा यस्तो व्यक्ति जसको हृदय मस्जिदमा लागिरहन्छ।''

अर्थात् जोहरको नमाज पढ्ेपछि अस्रको चिन्ता त्यसलाई हुन्छ र यस्तै एक समयको नमाज पढेपछि अर्को समयको नमाजको सम्बन्धमा सोच्छ कि त्यो पाइन्छ वा त्यो भन्दा अघि नै मेरो मृत्यु भइहाल्नेछ। यस्तो बानी बसालेपछि नमाज पनि सजिलो भइहाल्छ। जस्तै अल्लाहले भन्नुभएको छ :

"وَإِنَّهَا لَكَبِيْرَةٌ إِلا عَلَى الْخَشِعِيْنَ" ( البقرة / 45 )

"नि:सन्देह नमाज अत्यन्तै कठीन कार्य हो तर ईशभय राख्नेहरुका लागि कठीन कार्य होइन।''

## नमाजको नाम र संख्या أسماء الصلوات الخمسة وعدد ركعاتها

रात-दिनमा पाँच पटक नमाज पढिन्छ। यी नमाजहरु फज्र,जुह्र,अस्र,मग्रिब र इशा हुन्। प्रत्येक नमाजलाई त्यसको उचित समयमा नै जस्ताका त्यस्तै पढ्नु अनिवार्य छ। फज्रको नमाज २ रकात,जुह्रको नमाज४रकात,अस्रको नमाज ४ रकात मग्रिबको नमाज ३ रकात र इशाको नमाज ४रकात पढिन्छ।

नमाजको नाम र संख्या

| | |
|---|---|
| फज्र | २ |
| जोहर | ४ |
| अस्र | ४ |
| मग्रिब | ३ |
| इशा | ४ |

यसरी दैनिक रुपमा पढिने अनिवार्य(फर्ज) नमाजको संख्या १७ रकात(रकअ्त) हुन्छ।

जहाँसम्म सुन्नतको कुरा छ भने १२ रकात सुन्नत मुवक्कद: छन्, फज्रपूर्व २ जोहर पूर्व ४ र पछि २, मग्रिबपछि २ र इशापछि २ पढ्नलाई सुन्नत मुवक्कद: भनिन्छ। जसले यिनलाई नियमित रुपमा

पढ्छ , उसका लागि स्वर्गमा एउटा भवन निर्माण गरिनेछ। जस्तै हदीसमा छ:

"مَنْ صَلّى اثْنَتَىْ عَشْرَةَ رَكْعَةً فِىْ يَوْمٍ وَلَيْلَةٍ بُنِىَ لَهُ بِهِنَّ بَيْتٌ فِى الْجَنَّةِ"

(رواه مسلم وأبوداود والنسائى وابن ماجة)

"जसले दिन-रातमा १२रकात नमाज पढ्छ , उसका लागि स्वर्गमा यिनलाई पढ्नाले एउटा घर निर्माण गरिनेछ।''

## नमाजका शर्तहरु — شروط الصلاة

नमाज पढ्नुअघि ध्यान दिनुपर्ने केही अत्यन्तै आवश्यक कुराहरु छन् जस बिना नमाज नै हुँदैन। यिनलाई अरबी भाषामा शर्त भनिन्छ। यी निम्न प्रकार छन्।

१.इस्लाम अर्थात् नमाजी(नमाज पढ्ने व्यक्ति) मुस्लिम हुनुपर्छ।

२.बुद्धि-विवेक। बहुलालाई इस्लामले छुट दिएको छ । किनकि उसले कुन ठाउँमा के भन्नुपर्छ आफै थाहा पाउदैन अनि अल्लाहको गुण-गान कसरी गर्न सक्छ?

३.चेतनशिलता सत्य र असत्य यसै प्रकार भलो र कुभलोमा छुट्याउने क्षमता जो प्राय: वयस्क भएपछि मानिसमा पाइन्छ। तर यसको अर्थ कदापि यो होइन कि अवयस्क बालबालिकाहरुले नमाज पढ्न पाउँदैनन्, बरु सानो उमेरदेखि नै उनीहरुलाई यसको शिक्षा दिनु पुण्यकारीमध्ये आउँछ।

४. पवित्रता यसमा शरीर, आत्मा, वस्त्र र स्थान सबैको पवित्रता सामेल हुन्छ।

५. समय: कुनै पनि नमाज पढ्नुअघि ध्यान दिनुपर्ने कुरा के हो भने उक्त नमाजको समय भएको छ वा छैन? किनकि नमाजलाई समयमा नै पढ्नुपर्छ। तर यदि तपाईं यात्रामा हुनुहुन्छ भने इस्लामले दिएको सुविधा अनुसार जोहर र अस्र एक साथ र यस्तै मग्रिब र इशा एक साथ पढ्नुहुन्छ। साथै चार रकअ्त पढिने नमाजलाई दुई रकअ्त पढिन्छ। जस्तो कि यात्रामा कस्र-चार रकअ्तलाई दुई रकअ्त-पढ्नु प्रमाणित छ। तर तपाईं कुनै स्थायी व्यक्तिको अनुसरण गर्दै नमाज पढी राख्नुभएको छ भने पूरा नमाज पढ्नुपर्छ।

६. गुप्ताङ्गलाई ढाक्नु :पुरुषहरुले नाभीदेखि दुबै घुड़ासम्म र काँधलाई र स्त्रीहरुले अनुहार र दुबै हत्केला बाहेक शरीरका

सम्पूर्ण अंगलाई ढाक्नुपर्छ तर यदि त्यहाँ कुनै गैर-महरम(यस्तो व्यक्ति जोसँग विवाह गर्नु वैध छ)छ भने अनुहारलाई पनि ढाक्नु अति उत्तम हो।

७. नियत गर्नु : जस्तै तपाईलाई थाहा छ कि प्रत्येक कर्म नियतमा आधारित छन्।

८. किब्ला तर्फ अनुहार गर्नु।

९. अपवित्रतालाई सार्ने अवस्थामा सार्नु,धुने अवस्थामा धुनु , वुजुगर्ने अवस्थामा वजु गर्नु र स्नान गर्ने अवस्थामा स्नान गर्नु आदि।

# नमाजका स्तम्भहरु أركان الصلاة

नमाज एक प्रकारको महत्वपूर्ण उपासना हुनाले यसका केही आधारभूत स्तम्भहरु छन्। जसलाई अरबी भाषामा "रुक्न"भनिन्छ र यसको बहुवचन "अर्कान"हुन्छ। जसको अर्थ हो स्तम्भ,तर नमाजका अर्कान भन्दाखेरि तात्पर्य हुन्छ कि केही यस्ता कुरा र कार्यहरु जसलाई नमाजमा गर्नुपर्छ। र यदि मानिसले ती मध्ये तक्बीर तहरीमालाई बिर्सेर वा जानी बुझिकन गरेको छैन वा नमाजका अन्य स्तम्भहरुमध्ये केहीलाई जानी जानी छोडेको छ भने त्यसको नमाज नै हुँदैन,अनि नमाजलाई फेरि अर्को चोटि शुरुदेखि दोहऱ्याउनुपर्छ। तर नमाज पढ्दाखेरि तक्बीर तहरीमा बाहेक अन्य कुनै स्तम्भलाई बिर्सेर छोडेको छ,भने आफ्नो नमाजलाई पूरा गर्नेछ अनि त्यसको सट्टामा नमाजको अन्त्यमा "सज्दा स'हू"(नमाजमा बिर्सने अवस्थामा गरिने सज्दा)गर्नेछ जो चाहिँ कहिले सलामअघि र कहिले सलामपछि गर्न नबी सल्लल्लाहु अलैहि व सल्लमसित प्रमाणित छ। जस्तै जोहर,अस्र,मग्रिब र इशाको नमाज पढ्दा दुई रकातपछि तशह्हुदका लागि बस्न बिर्सेको छ,भने नमाजलाई समाप्त गर्ने प्रक्रिया सलाम अघि त्यसको सट्टामा दुईवटा सज्दा गर्नुपर्छ जसलाई सज्दा सहू भनिन्छ।

नमाजका स्तम्भहरु १४ वटा छन्। जो यस प्रकार छन्।

(१) <u>फर्ज (अनिवार्य) नमाजलाई उभिर पढ्नु</u>। चाहे जुनसुकै पनि समयको अनिवार्य नमाज होस्। क्षमता छ भने उभिर नै पढ्नुपर्छ। उक्त कुराको प्रमाण अल्लाहको यो कथन हो।

"وَقُوْمُوْا لله قَانِتِيْنَ" (البقرة/238)

"अल्लाहका लागि उभिने मानिसहरु जस्तै उभिनुहोस्।"

र नबी सल्लल्लाहु अलैहि व सल्लमको यो कथन अनुसार पनि

"صَلِّ قَائِمًا،فَإِنْ لَمْ تَسْتَطِعْ فَقَاعِدًا فَإِنْ لَمْ تَسْتَطِعْ فَعَلي جُنُبٍ" (البخاري)

"उभिर नमाज पढ,यदि क्षमता छैन भने बसेर र यदि यसको पनि क्षमता छैन भने पाखुरामाथि टेकेर नमाज पढ।"

माथिका दुबै प्रमाणबाट प्रष्ट हुन्छ कि मानिस चाहे पुरुष होस् वा स्त्री हुन् , क्षमता छ भने उसले उभिर नै फर्ज नमाजलाई

पढ्नुपर्छ। तर कुनै उचित कारणले उभिएर नमाज पढ्नसक्दैन भने बसेर वा सुतेर पनि नमाज पढ्न सकिन्छ। इस्लामले प्रत्येक समस्याको समाधान गरेको छ।

नोट :- एमामले जसरी नमाज पढ्छ त्यसरी नै नमाज पढ्नुपर्छ। उभिएर पढ्छन् भने उभिएर र बसेर पढ्छन् भने बसेर, किनकि एक चोटि मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले बिरामीको अवस्थामा नमाज पढाउनुभयो र आफ्नो पछि नमाज पढ्ने व्यक्तिहरुलाई बसेर नमाज पढ्ने आदेश दिनुभयो।

नफ्ल नमाज : उभिएर र बसेर दुबै तरिकाले पढ्न सकिन्छ, किनकि नबी सल्लल्लाहु अलैहि व सल्लमले कहिले काहीँ नफ्ल नमाजलाई बिना कुनै कारणले बसेर पनि पढ्नुभएको छ। तर प्राय: नफ्ल नमाजलाई पनि उभिएर नै पढ्नु प्रमाणित छ। यसैले नफ्ल नमाजलाई पनि उभिएर नै पढ्नु अति पुण्यको काम हो। स्पष्ट रहोस् कि विना कुनै कारणले नफल नमाजलाई बसेर पढ्दा आधी नमाजको पुण्यता प्राप्त हुन्छ।

(२) तक्बीर तह्रीमा :- नमाज शुरु गर्ने समय प्रारम्भमा "अल्लाहु अक्बर" भन्नलाई तक्बीर तह्रीमा भनिन्छ। जस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमको बारेमा आउँछ :

"ثُمَّ اسْتَقْبَلَ الْقِبْلَةَ وَ كَبَّرَ" (متفق عليه)

"फेरि किब्लातिर अनुहार गरेर अल्लाहु अक्बर भन्नुभयो।"

नामाकरण :यसलाई तक्बीर तह्रीमा यसर्थ भनिन्छ कि यो भनिसकेपछि कुराकानी, खानपिन र अन्य क्रियाकलापमा संलग्न हुनु प्रत्येक नमाजी(नमाज पढ्ने व्यक्ति)का लागि अवैध भइहाल्दछ।

(३) सूरह फातिहा पढ्नु :नमाजीले प्रत्येक रकातमा सूरह फातिहालाई अवश्य नै पढ्नुपर्छ। नबी सल्लल्लाहु अलैहि व सल्लमले यस बिषयमा हामीलाई यसरी प्रोत्साहित गर्नुभएको छ:

"لا صَلاةَ لِمَنْ لَمْ يَقْرَأْ بِفَاتِحَةِ الْكِتَابِ" (متفق عليه)

"सूरह फातिहा नपढ्ने व्यक्तिको नमाज नै शुद्ध हुँदैन।"

यसर्थ प्रत्येक रकातमा सूरह फातेहा पढ्नु अनिवार्य गरिएको छ। नबी सल्लल्लाहु अलैहि व सल्लमको पवित्र कर्म र कथनबाट उक्त

कुरा स्पष्ट हुन्छ। चाहे नमाज बाहिरी स्वरले पढिने होस्(जहरी नमाज जस्तै फज्र, मग्रिब र इशाको नमाज) वा मनमनै पढिने किन नहोस्(सिर्री नमाज जस्तै जोहर र अस्रको नमाज)।

(४) प्रत्येक रकातमा रुकू गर्नु, जस्तै अल्लाह तआलाले भन्नुभएको छ :

"يَأَيُّهَا الَّذِيْنَ ءَامَنُوْاارْكَعُوْاوَاسْجُدُوْا" ( الحج/77 )

'हे ईमानवालाहरु हो! रुकू र सज्दा गर।''

अनि नबी सल्लल्लाहु अलैहि व सल्लमको नमाज यसै प्रकार हुन्थ्यो।

(५) रुकूबाट उभिनु,रुकूबाट उभिएर नै सज्दामा जानुपर्छ। नउभिइकन सज्दामा गएपछि नमाज शुद्ध हुँदैन।

(६) रुकूबाट उभिएर सोझो खड़ा हुनु,यो होइन कि अलिकति टाउको मात्र उठाएर सज्दामा गइहाल्नु।

(७) सज्दा गर्नु :-

सज्दा भनेको भूईंमा गएर राम्ररी नतमस्तक भई टाउको जमिनमाथि टेकिराख्नु। नाक,निधार,दुबै हात, खुट्टा र घुँडा अवश्य जमिनमाथि हुनुपर्छ। सज्दा नमाजका अन्य स्तम्भहरुमध्ये निकै महत्वपूर्ण स्तम्भ हो। जसमा मानिसको टाउको भूईमा हुन्छ तर त्यसको हृदय वास्तवमा अल्लाहतर्फ आकर्षित हुन्छ। जस्तै एउटा हदीसमा छ :

"أَقْرَبُ مَا يَكُوْنُ الْعَبْدُ مِنْ رَبِّهِ وَهُوَ سَاجِدٌ" (مسلم)

" भक्त सर्वाधिक अल्लाहसित सज्दामा नजिक हुन्छ।''

(८) दुबै सज्दाको बीचमा बस्नु

प्रत्येक नमाजीलाई थाहा छ कि नमाज पढ्दाखेरि जुनसुकै पनि रकातमा दुई चोटि सज्दा गर्नुपर्छ। प्रथम सज्दापछि टाउको उठाएर एक क्षिणका लागि सोझो भई बसिराख्नु। जस्तै आदरणीय आइशा रजीयल्लाहु अन्हाको कथन छ :"नबी सल्लल्लाहु अलैहि व सल्लम जब प्रथम सज्दाबाट टाउको उठाउनु हुन्थ्यो तब एक क्षिण सोझो बसेर नै अर्को सज्दा गर्नुहुन्थ्यो।'' (मुस्लिम)

(९) प्रत्येक कर्मलाई शान्तिपूर्वक गर्नु

नमाज एक प्रकारको महत्वपूर्ण उपासना हो। जुन अल्लाहको दृष्टिमा ठूलो महत्वको छ। यसमा सांसारिक र पारलौकिक सफलताका लागि

मानिसले आराधना गर्छ। जहिले पनि आफ्नो मार्गदर्शनको बिन्ती गर्छ। यसैले यसलाई बिशेष ध्यान दिएर पढ्नुपर्छ। हतार गर्नालि हाम्रो नमाज पूर्ण रुपमा सही हुनेछैन।

(१०,११) <u>अन्तिम तशह्हुद र त्यसका लागि बस्नु</u>

(१२) <u>अन्ति तशह्हुदमा</u> नबी सल्लल्लाहु अलैहि व सल्लममाथि <u>दरुद शरीफ पढ्नु</u>

(१३) प्रत्येक कर्मलाई <u>क्रमशः</u> गर्नु

नमाज नबी सल्लल्लाहु अलैहि व सल्लमले सिकाएको तरिका अनुसार नै पढ्नुपर्छ। यसर्थ जे जति वहाँले अघि र पछि गर्नुभएको छ। तिनलाई जस्ताका त्यस्तै गर्नुपर्छ। आफ्नो मन मस्तिष्कको प्रयोग गरेर त्यसमा परिवर्तन गर्न मिल्दैन। उदाहरणका लागि रुकुपछि मात्र सज्दा आउँछ तर कसैले सज्दा गरेर रुकु गरिरहेको छ भने त्यसको नमाज हुँदैन किनकि उसले क्रमशः गरेन।

(१४) <u>सलाम गर्नु</u> : नमाज समाप्त गर्नुअघि सलाम गर्नुपर्छ। जसरी नमाज शुरु गर्ने बेला अल्लाहु अक्बर भनेर नमाज शुरु गरिन्छ र सबै प्रकारका खानपिन र कुराकानीलाई त्यागिन्छ, त्यसरी नै सलामपछि अब फेरि ती सबै प्रकारका मनाही गरिएका चीज-बस्तुहरुलाई फूकुवा पारिन्छ। अर्को शब्दमा यसबाट उसले आफूमाथि जे जति लगाएको थियो अब ऊ उक्त प्रत्येक प्रकारका प्रतिबन्धबाट मुक्त हुन्छ।

## नमाज पढ्दा अनिवार्य कर्महरु واجبات الصلاة

अनिवार्यलाई अरबी भाषामा प्राय: "वाजिब" भनिन्छ। तल केही यस्ता अनिवार्य कुराहरुको चर्चा गरिएको छ, जसलाई नमाजमा गर्नु अति नै आवश्यक हुन्छ। जसमध्ये केहीलाई यदि नमाज पढ्ने व्यक्तिले जानी जानी छोडेको छ भने त्यसको नमाज नै हुँदैन तर बिर्सेर छोडेको छ भने त्यसको सट्टामा २ सज्दा सहू गर्नुपर्छ। यी अनिवार्य प्रावधानहरु ८वटा छन्।

(१) तक्बीर तह्रीमा (नमाज शुरु गर्दाखेरि पहिलो पटक अल्लाहु अक्बर भन्नलाई तक्बीर तह्रीमा भनिन्छ) बाहेक अन्य जम्मै अल्लाहु अक्बर (तक्बीर) अनिवार्य हुन्। स्पष्ट रहोस् कि प्रथम तक्बीर नमाजका स्तम्भहरुमध्ये आउँछ। जुन तपाईंले अघि नै पढि सक्नुभएको छ।

(२)"तस्मीअ्"(समेअल्लाहु लिमन् हमिदह भन्नु ,अर्थात् अल्लाहले सुन्नुभयो जसले वहाँको प्रशंसा गर्‍यो) भन्नु। यो मात्र इमाम र एक्लै नमाज पढ्ने व्यक्तिको हकमा अनिवार्य हुन्छ। इमामको पछाडि नमाज पढ्ने नमाजीहरुले भन्नुपर्दैन।

(३)"तह्मीद"(रब्ब'ना व'ल'कल्हम्द"अर्थात अल्लाहका लागि नै सम्पूर्ण प्रशंसा छन्) यो सबैका लागि हो चाहे त्यो इमाम (नमाज पढाउने व्यक्ति) होस् वा मुक्तदी (इमामको पछाडि नमाज पढ्ने व्यक्ति) वा मुंफरिद(एक्लै नमाज पढ्ने व्यक्ति) जस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ :

"إِذَا قَالَ الإِمَامُ سَمِعَ اللهُ لِمَنْ حَمِدَهُ فَقُوْلُوْا رَبَّنَا وَ لَكَ الْحَمْدُ"(متفق عليه)

"इमामले समेअल्लाहु लिमन् हमेदह्ह भनेपछि "रब्ब'ना व'लकल्हम्द" भन्नुहोस्।

(४) रुकूमा "सुब्हा'न रब्बियल् अजीम्"(अर्थात पवित्र हुनुहुन्छ मेरो महान प्रभु) कम्तिमा एक पटक भन्नु। तर तपाईं तीन पटक वा त्यो भन्दा बढी भन्न सक्नु हुन्छ।

(५)सज्दमा "सुब्हा'न रब्बियल् आला"(अर्थात पवित्र हुनुहुन्छ मेरो अति महान प्रतिपालक) कम्तिमा एक पटक भन्नु। तर तपाईं तीन

पटक वा त्यो भन्दा बढी पटक पनि भन्न सक्नुहुन्छ।

(६)दुबै सज्दाको बीचमा बस्ने अवस्थामा "रब्बिग् फिर्ली" (प्रभु मलाई माफ गरिदिनुहोस्) भन्नु। एक पटक अनिवार्य हो र तीन पटक सुन्नत हो।

(७)पहिलो त'शह्हुदमा अत्तहीयात पढ्नु।

(८)त'शह्हुदका लागि बस्नु।

नबी सल्लल्लाहु अलैहे व सल्लम यस्तै गर्नुहुन्थ्यो र यसैको आदेश पनि दिनुभएको छ :

"صَلُّوْا كَمَا رَأَيْتُمُوْنِيْ أُصَلِّيْ" (البخاري)

"नमाज पढ जस्तै तिमीहरुले मलाई नमाज पढिरहेका देख्छौ।"

## नमाजका सुन्नतहरु سنن الصلاة

नमाजका सुन्नतहरु दुई प्रकारका छन्। कौली सुन्नत(मौखिक भन्नुपर्ने) फेअ्ली सुन्नत(अंग प्रत्यङ्गले गर्नुपर्ने) यी सुन्नतहरु यस्ता खालका छन् जसलाई छोडेपछि नमाज भंग हुनेछैन। तर गरेमा पुण्य पर्याप्त हुनेछ।

कौली सुन्नत(मौखिक भन्नुपर्ने) जस्तै स'ना, त'औव्वुज्(अउजुबिल्लाहि मिनश्शैतानि र्रजीम) बस्म'लह्(बिस्मिल्लाहिर्रह्मानिर्रहीम) जुहर,अस्र,मग्रिब,इशा र फज्रका अघिल्ला दुई रकातमा सूरह फातिहा पछि अन्य केही नपढ्नु।

फेअ्ली सुन्नत(अंग प्रत्यङ्गले गर्नुपर्ने) दाहिने हातलाई देब्रे हातमाथि राख्नु , उभिरहेको बेला सज्दाको ठाउँमा दृष्टि केन्द्रित गर्नु र रुकूमा पिठ्युलाई सोझो पारिराख्नु।

## المشي إلى المسجد

# मस्जिदतिर लाग्नु

मस्जिद मुस्लिमहरुको धार्मिक पवित्र स्थल हो। जहाँ हामी रात–दिनमा पाँच पटक सामूहिक रुपमा नमाज पढ्न जादछौं। प्राय: फर्ज(अनिवार्य) नमाज मस्जिदमा नै पढिन्छ। बिना कुनै उचित कारणले फर्ज नमाजलाई मस्जिदमा गएर नपढ्नु इस्लामको दृष्टिकोर्णमा सही होइन। नबी सल्लल्लाहु अलैहि व सल्लमले अजान सुन्ने व्यक्तिलाई फर्ज नमाजका लागि अनिवार्य रुपमा मस्जिदमा आउने आदेश दिनुभएको छ। तर प्रश्न उठ्छ कि के इस्लामले मस्जिद जानको लागि हाम्रो मार्गदर्शन पनि गरेको छ वा हामीलाई अनुशासनहीन रुपमा जानको अनुमति दिएको छ? इस्लाम वास्तवमा ईश्वरीय धर्म हुनाले यसमा प्रत्येक कुराको व्याख्या गरिएको छ। यसर्थ नमाज जस्तो दैनिक प्रार्थनाको सम्बन्धमा कसरी हुनसक्छ कि इस्लामले हामीलाई व्यर्थ छोडेको होला? अवश्य नबी सल्लल्लाहु अलैहि व सल्लमले उक्त सम्बन्धमा हाम्रो मार्गदर्शन गर्नुभएको छ। जसलाई जान्नु अति नै आवश्यक छ। तल केही आवश्यक कुराको जानकारी गराइएको छ। जसलाई ध्यानपूर्वक पढेर दैनिक व्यवहारमा ल्याउने प्रयास पनि गर्नुहुनेछ भन्ने आशा पाठक वर्गसँग गरेकोछु।

⇨मस्जिद जाँदाखेरि दगुरेर नजानुहोस् वा नमाज नपाउने संदेहले हतार–हतार गरिकन मस्जिदतिर नलाग्नुहोस्। बरु साधारण चालमा चल्नुहोस् चाहे सवारीमा गइराख्नु भएको छ वा हिंडेर नै किन नहोओस्। अनि जति नमाज पाउनुहुन्छ त्यति इमामको साथमा पढ्नुहोस् र जति छुटेको छ त्यतिलाई सलामपछि उभिएर आफै पूरा गर्नुहोस्। प्रमाणका लागि नबी सल्लल्लाहु अलैहि व सल्लमको कथन यस प्रकार छ :

"إذَاأُقِيْمَتِ الصَّلَاةُ وَ فِي لَفْظٍ إذَا سَمِعْتُمُ الإقَامَةَ فَامْشُوْاوَعَلَيْكُمُ السَّكِيْنَةُ فَمَا أَدْرَكْتُمْ فَصَلُّوْا وَ مَا فَاتَكُمْ فَأَتِمُّوْا (متفق عليه)

" जब नमाजको लागि इकामत भनिन्छ र अर्को शब्दमा छ, जब तिमीहरु इकामत सुन्छौ भने (नमाजका लागि) शान्तिपूर्वक जाऔ। अनि जति नमाज पायौ त्यति (इमामको साथमा) पढ र जति छुटेको छ त्यसलाई (सलामपछि) पूरा गर।

हदीसको संग्रह:बुखारी र मुस्लिम

⇨ नमाज(इशा वा गर्मीमा जुहरको नमाज बाहेक)लाई ढिलो गरेर नपढ्नुहोस्, चाहे जुनसुकै बेलाको नमाज किन नहोस्। जहाँसम्म इशाको नमाज छ भने त्यसलाई ढिलो गरेर नै पढ्नु प्रमाणित छ र यस्तै गर्मीको दिनमा जुहरको नमाजलाई पनि केही पर्खेर पढ्न सकिन्छ, किनकि गर्मी नर्कको तापमध्ये हो। जस्तै महान अल्लाहले पवित्र कुरआनमा भन्नुभएको छ :

"إِنَّ الصَّلٰوةَ كَانَتْ عَلَي الْمُؤْمِنِيْنَ كِتَابًا موْقُوْتًا" (النساء:103)

"नि:सन्देह नमाज मुमिन(पूर्ण विश्वासी)हरुमाथि समय समयमा अनिवार्य गरिएको छ।''

यसर्थ जानी जानी ढिलो गरेर नमाज पढ्नु उचित होइन। नबी सल्लल्लाहु अलैहि व सल्लमको पवित्र जीवनी पढ्दाखेरि थाहा पाइन्छ कि वहाँले जहिले पनि प्रत्येक नमाजलाई समयमा नै पढ्नुहुन्थ्यो।

⇨मस्जिदमा गएर अघिल्ला पंक्तिमा बस्नु। बरु हाम्रो अभिलाषा यो नै हुनुपर्‍यो कि हामी एकअर्का भन्दा अगाडी कसरी अघिल्ला पंक्तिहरुमा सवामेश हुनसक्छौं? जसको हदीसमा धेरै प्रशंसा गरिएको छ। जस्तै एउटा हदीसमा छ :

"إذا تَوَضَّأَ أحَدُكُمْ فَاحْسَنَ الوُضُوْءَ ثُمَّ خَرَجَ إلي المَسْجِدِ لا يُخْرِجُهُ إلا الصَّلاةُ لَمْ يَخْطُ خُطْوَةً إلاَّ رُفِعَتْ لَهُ بِهادَرَجَةٌ وَ حُطَّتْ بِها خَطِيْئَةٌ"

(متفق عليه)

"जब तिमीहरुमध्ये कोही राम्ररी वुजू गरेर मस्जिदको निम्ति मात्र नमाज पढ्नका लागि निस्किन्छ भने प्रत्येक पाइलाको सट्टामा उसलाई एउटा पुण्य प्राप्त हुन्छ र उसको एउटा पाप समाप्त गरिन्छ।''

(हदीसको संग्रह:बुखारी र मुस्लिम)

र एउटा अर्को हदीसमा छ :

"مَنْ صَلَّي لِلهِ أرْبَعِيْنَ يَوْمًا فِي جَمَاعَةٍ يُدْرِكُ التَّكْبِيْرَةَ الأوْلَي كُتِبَ لَهُ بَرَاءَتَانِ بَرَاءَةٌ مِنَ النَّارِ وَ بَرَاءَةٌ مِنَ النِّفَاقِ" (السلسة الصحيحةللألباني 4\629)

"जसले अल्लाहको प्रसन्नता प्राप्त गर्नको लागि चालीस दिनसम्म नमाजलाई सामूहिक रुपमा प्रथम तक्बीर (तक्बीर तह्रीमा)ले पढ्छ, त्यसलाई दुई प्रकारको मुक्ति प्राप्त हुन्छ। नर्कको आगोबाट र कपटीबाट।''

➪मस्जिदमा प्रवेश गर्ने बेला र त्यसबाट निस्किदा नबी सल्लल्लाहु अलैहि व सल्लमको आदेश अनुसार नियमबद्ध हुनुपर्छ। मस्जिद पवित्र स्थल हो। जुन तपाईंलाई राम्ररी थाहा छ। यसैले मस्जिदमा प्रवेश गर्नेबिला पहिले दाहिने खुट्टा र फेरि देब्रे खुट्टा राख्नुपर्छ र निस्कने बेला यसको विपरीत गरिन्छ। साथै प्रवेश गर्ने समय र निस्कने समयको बिन्तीलाई पनि ध्यानपूर्वक भन्नुपर्दछ। प्रवेश गर्ने बेलाको बिन्ती यो हो :

"اللَّهُمَّ افْتَحْ لِي أَبْوَابَ رَحْمَتِكَ " (ابوداود وصححه الألباني)

"अल्लाहुम्मफ्तह्ली अब्वा'ब रह्मते'क''

'हे अल्लाह! मेरो लागि आफ्नो कृपाको ढोका खोली दिनुहोस्।''

र निस्कने समय पढिन्छ :

"اللَّهُمَّ إِنِّي أَسْأَلُكَ مِنْ فَضْلِكَ"(ابوداود وصححه الألباني)

अल्लाहुर्म्म इन्नी अस्अलो'क मिन् फज्ले'क

'हे अल्लाह! म तपाईंसित (फज्ल) जीविकाको प्रार्थना गर्छु।''

फज्ल भनेको यहाँ जीविका हो। नमाजपछि प्राय: मानिसहरु आफ्नो कामकाजमा लाग्छन्। यसर्थ उक्त बिन्तीलाई खास गरी नबी सल्लल्लाहु अलैहि व सल्लमले सिकाएको नियम अन्तर्गत गरिन्छ। किनकि अल्लाहको कृपा बिना कुनै पनि व्यक्ति सफल हुन सक्दैन।

➪ मस्जिद भित्र बस्नुअघि दुई रकात नमाज पढ्नु :

मस्जिद अल्लाहको पवित्र घर हो। यसर्थ मस्जिदमा प्रवेश गरिसकेपछि त्यहाँ बस्नुअघि हामीलाई दुई रकात नमाज पढ्नको आदेश दिएको छ। जसलाई अरबी भाषामा "तहीयतुल् मस्जिद''भनिन्छ। जस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमको कथन छ :

"إِذَا دَخَلَ أَحَدُكُمُ الْمَسْجِدَ فَلَا يَجْلِسْ حَتَّى يُصَلِّيَ رَكْعَتَيْنِ" (متفق عليه)

"जब तिमीहरुमध्ये कोही मस्जिदमा प्रवेश गर्छ भने दुई रकात नमाज नपढिकन नबसोस्।''

➪समयको सदुपयोग :

मस्जिदमा बसिरहेको अवस्थामा अल्लाहको जप गर्नुहोस्,पवित्र कुरआनलाई मनमनै वा नमाजीलाई नबिथोल्ने स्वरमा पढ्नुहोस्। अनावश्यक कुराकानीमा लागेर आफ्नो बहुमूल्य समयलाई खेर नफाल्नुहोस् र औंलालाई नबजाउनुहोस्। साथै यो बुझिराख्नुहोस्

कि "इकामत" नहुन्जेल तपाईं नमाजमा हुनुहुन्छ। जस्तै एउटा हदीसमा छ :

"मानिस नमाजमा नै हुन्छ जबसम्म नमाजको प्रतिक्षामा बसी राख्छ र फरिश्ता(दूत)हरु उसको लागि बिन्ती गरी रहन्छन्।'

हदीसको संग्रहःबुखारी र मुस्लिम

⇨अघिल्ला पंक्तिमा बस्नु : यदि ठाउँ खाली छ भने अघिल्ला पंक्तिमा गएर बस्नुहोस्। तर ठाउँ खाली नभएको अवस्थामा मानिसहरुको घाँटीमा खुट्टा राखेर अघि जाने प्रयास नगर्नुहोस्। अघिल्ला पंक्तिमा नमाज पढ्नु पुण्यको काम हो अनि त्यसको लागि पहिलेदेखि नै तयार भएर उचित समयमा नै आउनुपर्छ। तर मानिसहरुलाई हानी पुऱ्याएर अघि जाने प्रयास गर्नु राम्रो बानी होइन। एउटा हदीसमा नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ :

"لَوْ يَعْلَمُ النَّاسُ مَا فِي النِّدَاءِ وَالصَّفِّ الأَوَّلِ ثُمَّ لَمْ يَجِدُوْا إِلاَّ أَنْ يَسْتَهِمُوْا عَلَيْهِ لاسْتَهَمُوْا" (متفق عليه)

"यदि मानिसहरुलाई थाहा भइहालोस् कि अजान र अघिल्ला पंक्तिमा कति पुण्य छ भने त्यसको लागि कौडा(चिट्ठा) हाल्ने अवस्था आई परेमा अवश्य नै कौडा(चिट्ठा) हाल्थे।"

र अर्को हदीसमा छ :

"خَيْرُ صُفُوْفِ الرِّجَالِ أَوَّلُهَا..."(مسلم)

"पुरुषहरुका लागि अघिल्ला पंक्ति सर्वोत्तम हुन्।"

⇨ इमाम र नमाजी दुबैको हकमा वेस हुन्छ कि पंक्तिलाई सोझो पारुन् र यसका लागि एकअर्कालाई परामर्श पनि देऊन्। सोझो उभिदा,खुट्टालाई खुट्टासँग र काँधलाई काँधसँग मिलाएर राख्नुपर्छ। यसरी नै दुई जनाको बीचमा खाली ठाउँ नछाड्नुहोस्। एउटा हदीसमा नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ :

"سَوُّوْا صُفُوْفَكُمْ فَإِنَّ تَسْوِيَّةَ الصُّفُوْفِ مِنْ تَمَامِ الصَّلاَةِ" (متفق عليه)

"पंक्तिहरुलाई सोझो पार किनकि तिनलाई सोझो पार्नु पूर्ण नमाजमध्ये आउँछ।"

र एउटा अर्को हदीसमा छ :

"أَقِيْمُوْا صُفُوْفَكُمْ وَ تَرَاصُّوْا"(البخاري)

"पंक्तिहरुलाई सोझो पार र एक आपसमा मिलेर उभ।''

➪जहाँसम्म महिलाहरुको कुरा छः इस्लामले तिनीहरुलाई पनि मस्जिद जानको अनुमति दिएको छ। तर श्रीमानसित अनुमति लिनु आवश्यक छ। जहाँ इस्लामले एकतर्फ श्रीमानसित अनुमतिलिन आदेश दिएको छ,त्यहाँ अर्कोतर्फ पुरुषहरुलाई दंगा–फसादबाट सुरक्षित एवं शान्त अवस्थामा प्रतिबन्ध लगाउनबाट मनाही गरेको छ। तर अनुमति प्राप्त भएको अवस्थामा तिनीहरुलाई स्वतन्त्र छोडेको छैन बरु प्रत्येक प्रकारको बनाव–सिँगारको(अशोभाविक) प्रयोगबाट मनाही गरेको छ जसले गर्दा बाटोघाटोमा वा अन्य स्थानमा कुनै प्रकारको समस्या उत्पन्न हुनसक्छ। जस्तै सुगन्धित अत्तरहरु लगाएर वा पातलो पहिरनमा मस्जिदको लागि जानु। यदि दंगा–फसादको खतरा छ वा स्थिति शान्त छैन भने यस्तो गम्भीर अवस्थामा मस्जिदमा जानु अवैध हुन्छ। जस्तै आइशा रजियल्लाहु अन्हाले भन्नुभएको छ :

"यदि नबी सल्लल्लाहु अलैहि व सल्लमले महिलाहरुले गरेको दुःखदायक अवस्थालाई देख्नुहुन्थ्यो भने तिनीहरुलाई मस्जिद जानबाट रोक्नुहुन्थ्यो जस्तै बनू इस्राइलकी महिलाहरुलाई रोकिएको थियो।''

(हदीसको संग्रहःबुखारी र मुस्लिम)

महिलाहरुका लागि घरमा नै नमाज पढ्नु सर्वोत्तम हो। अनि मस्जिद गएमा उक्त नियम–कानुन तिनीहरुका लागि पनि लागु हुन्छ। तर महिलाहरुका लागि पछिल्लो पंक्ति सवोत्तम हो। किनकि यस्तो अवस्थामा पुरुषहरुबाट तिनीहरु टाढा हुन्छन्।

मस्जिद गएमा त्यसको यथार्ततालाई बिर्सनुहुँदैन। यसले मानिसको ध्यान आकर्षण गर्छ र शान्तिपूर्ण रुपमा नमाज पढ्न दिदैन।

# كيفيّة الصلاة

# नमाजको वर्णन

नमाज कति महत्वपूर्ण उपासना हो। मलाई पूर्ण विश्वास छ कि उपर्युक्त प्रमाणहरुको आधारमा तपाईहरुलाई यस सम्बन्धी जानकारी प्राप्त गर्ने आवश्यक कुराहरुको ज्ञानको सँगसँगै इस्लाममा यसको महत्व पनि थाहा भइसकेको होला। अल्लाह र वहाँको अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले जीवन व्यतीत गर्ने स-साना कुराहरु सम्बन्धी हाम्रो मार्गदर्शन गर्नुभएको छ,अनि नमाज सम्बन्धमा वहाँले हामीलाई यसै व्यर्थ छोड्नुभएको होला त? के यस्तो पनि हुनसक्छ? कदापि होइन। नबी सल्लल्लाहु अलैहि व सल्लमले आफै नमाज पढ्नुभयो र सहाबीहरुलाई जस्ताका त्यस्तै पढ्ने आदेश पनि दिनुभयो। जस्तै वहाँको कथन छ :

"صَلُّوْا كَمَا رَأَيْتُمُوْنِىْ أُصَلِّىْ "(البخارى)

"नमाज त्यसरी नै पढौ जसरी मलाई पढ्दा हेर्छौ।

नमाज पढ्नुअघि वजु गर्नुहोस् जस्तै अल्लाहको आदेश छ :

" يَا أَيُّهَا الَّذِينَ آمَنُوا إِذَا قُمْتُمْ إِلَى الصَّلَاةِ فَاغْسِلُوا وُجُوهَكُمْ وَأَيْدِيَكُمْ إِلَى الْمَرَافِقِ وَامْسَحُوا بِرُءُوسِكُمْ وَأَرْجُلَكُمْ إِلَى الْكَعْبَيْنِ... "

अर्थ:'हे आस्थावानहरु हो! जब तिमीहरु नमाजका लागि उभिन्छौ, आफ्नो अनुहार,दुबै हात कुहिनासम्म,टाउकोको मसह र दुबै खुट्टालाई गोलीगाँठसम्म धोऔ।''

यस्तै पढेका अन्य कुराहरुलाई ध्यानमा राखी नमाज शुरु गर्नुहोस्। नियत गर्नुहोस् तर यसका लागि मौखिक रुपमा केही भन्नु प्रमाणित छैन।

<u>(१)तक्बीर तह्रीमा</u> :अल्लाहको पवित्र घर काबा तर्फ सोझो




उभिनुहोस् र अल्लाहु अक्बर भन्दै दुबै हातलाई काँध वा कान बराबरसम्म यसरी उठाउनुहोस् कि दुबै हत्केलाहरु काबातर्फ र औंलाहरु एकअर्कासँग मिलेका होऊन्।

यहाँ ध्यान दिनुपर्ने कुरा यो हो कि तक्बीर तह्रीमा भनिसकेपछि कुरा-कानी र खान-पीन गर्न सकिदैन। किनकि तह्रीमको अर्थ

हुन्छ हराम अर्थात् अवैध पार्नु। यसर्थ तक्बीर तह्रीमा भनेपछि पहिलादेखि हराम मानिएको कुरालाई मात्र होइन बरु हलाल अर्थात् वैधलाई पनि वर्जित गरिएको हुन्छ भन्ने बुझ्नुपर्दछ।

(२)सना: सनाको अर्थ हुन्छ प्रशंसा, नमाज पढ्दा हामी सर्वप्रथम अल्लाहको प्रशंसा गर्छौं, जस्तै कि हामीलाई आदेश गरिएको छ, वा यस्तै अन्य प्रमाणित प्रार्थनाहरु पढी अल्लाहको गुण-गान गर्छौं।

दाहिने हातको नाड़ीलाई देब्रे हातको नाड़ीमाथि राख्दै दुबै हात



छातिमाथि राख्दै सना पढ्नुहोस्। सना यस प्रकार छ :

सना "سُبْحَانَكَ اللّٰهُمَّ وَبِحَمْدِكَ وَتَبَارَكَ اسْمُكَ وَتَعَالٰى جَدُّكَ وَلَا إِلٰهَ غَيْرُكَ"

"सुब्हान'क अल्लाहुम्म व बेहम्दे'क व'तबा'र कस्मु'क व तआला जद्दु'क व लाइला'ह गैरु'क।''

अर्थ : अल्लाह तपाईं पवित्र हुनुहन्छ,सम्पूर्ण प्रशंसा तपाईंकै लागि छन् ,तपाईंको शुभ नाम बरकत वाला छ,तपाईंको आसन उच्चतम छ र तपाईं बाहेक कोही वास्तविक पूज्य छैन। वा निम्न प्रकार बिन्ती गर्नुहोस्:

" اللّٰهُمَّ بَاعِدْ بَيْنِى وَبَيْنَ خَطَايَاىَ كَمَا بَاعَدتَّ بَيْنَ الْمَشْرِقِ وَالْمَغْرِبِ ، اللّٰهُمَّ نَقِّنِىْ مِنْ خَطَايَاىَ كَمَا يُنَقَّى الثَّوْبُ الأَبْيَضُ مِنَ الدَّنَسِ ، اللّٰهُمَّ اغْسِلْنِىْ مِنْ خَطَايَاىَ بِالْمَاءِ وَالثَّلْجِ وَالْبَرْدِ "

अल्लाहुम्'म बाइद् बैनी व बै'न खताया'य कमा बाअत्त बैनल् मश्रिके वल् मग्रिब।अल्लाहुम्'म नक्केनी मिन् खताया'य कमा योनक्कस् सौबुल् अब्यजो मिनद्दनस।अल्लाहुम्'मग्सिल्नी मिन् खताया'य बिल्माए वस्सल्जे वल्ब्रद।

अर्थ : हे अल्लाह! मेरो र मेरो पापको बीचको दुरी त्यतिनै टाढा पारी दिनुहोस् जति पूर्व र पश्चिमको बीचमा भएको दुरी छ। हे अल्लाह!मलाई पापबाट त्यसरी नै पवित्र गरिदिनुहोस् जसरी सेतो लुगा फोहोरबाट सफा गरिन्छ। हे अल्लाह! पानी,बर्फ र असिनले मेरो पापलाई धोइदिनुहोस्। त्यसपछि पढ्नुहोस् :

अऊजु बिल्लाहि मिनश् शैतानिर्रजीम।
म धिकृत शैतानबाट अल्लाहको शरण चाहन्छु।
बिस्मिल्लाहिर्रह्मानिर्रहीम।
शुरु अल्लाहको नामबाट जो अत्यन्तै दयालु तथा अपार कृपालु हुनुहुन्छ। यसपछि सूरह फातिहा अनिवार्य रुपमा पढ्नुहोस्।

(३)सूरह फातिहा : सورة الفاتحة

الْحَمْدُ لِلَّهِ رَبِّ الْعَالَمِينَ • الرَّحْمَنِ الرَّحِيمِ • مَالِكِ يَوْمِ الدِّينِ • إِيَّاكَ نَعْبُدُ وَإِيَّاكَ نَسْتَعِينُ • اهْدِنَا الصِّرَاطَ الْمُسْتَقِيمَ • صِرَاطَ الَّذِينَ أَنْعَمْتَ عَلَيْهِمْ غَيْرِ الْمَغْضُوبِ عَلَيْهِمْ وَلَا الضَّالِّينَ •

"अल्हम्दु लिल्लाहि रब्बिल् आ'ल'मीन्।
अर्रह्मा निर्रहीम्। मालिकि यौमिद्दीन। इय्या'क'नअ़बुदु व इय्या'क'नस्तईन्। इह्दिनस्सिरा'त'ल्'मुस्तकीम्।
सिरा'त'ल्लजी'न'अन्अ़म्'त'अलैहिम्,गैरिल् मग्जूबि अलैहिम् व लज्ज़ा-ल्लीन्।

अर्थःसम्पूर्ण प्रशंसा अल्लाहकै लागि छन् जो सम्पूर्ण संसारका पालन–पोषणकर्ता हुनुहुन्छ। अत्यन्तै दयालु तथा अपार कृपालु हुनुहुन्छ। परलोका मालिक हुनुहुन्छ। हे अल्लाह हामी तपाईंकै उपासना गर्छौं र तपाईंसित नै सहयोग मांग्छौं। हामीलाई सोझो मार्ग(सत्य तथ्य मार्ग) डोर्‍याउनुहोस्। उनीहरुको मार्ग जसमाथि तपाईंले आफ्ना अनुकम्पा अवतरित गर्नुभयो। उनीहरुको मार्ग होइन जसमाथि तपाईंको क्रोध अवितरित भयो र नत उनका मार्ग जुन पथ–भ्रष्ट भए।

त्यसपछि जह्‍री नमाज(फज्र,मग्रिब र इशा)मा आमीन तान्नेर भन्नुहोस् किनकि सहाबीहरु आमीन भन्दा आफ्नो स्वर तान्नुहुन्थ्यो र सिर्री नमाज(जोहर र अस्र)मा विस्तारै मनमा नै आमीन भन्नुहोस्। नमाजमा सूरह फातिहा पढ्नु अनिवार्य छ यसर्थ यसलाई अवश्य नै पढ्नुपर्छ।

(४)यसपछि निम्नलिखित सूरहहरुमध्ये कुनै सूरह वा अन्य कण्ठस्त

सूरहलाई पढ्नुहोस्। तर त्यो भन्दा अघि "बिस्मिल्लाहिर्रहमानिर्रहीम" पढ्न नबिर्सनु होला।

## (१)सूरह अल् इख्लास : سورة الإخلاص

قُلْ هُوَ اللَّهُ أَحَدٌ • اللَّهُ الصَّمَدُ • لَمْ يَلِدْ وَلَمْ يُولَدْ • وَلَمْ يَكُنْ لَهُ كُفُواً أَحَدٌ •

"कुलहुवल्लाहु अहद्। अल्लाहुस्स'मद्। लम्'यलिद् व लम्'यूलद्। व लम्'यकुल्ल'हू कुफुवन् अहद्।"

'हे मुहम्मद भनिदेऊ अल्लाह एक्लै हुनुहुन्छ। अल्लाह निरपेक्ष तथा परिपूर्ण हुनुहुन्छ। अल्लाहको कोही सन्तान छैन र न वहा कसैका सन्तान हुन्। अनि कोही उहाँको समक्ष पनि छैन।"

## (२)सूरह अल् कौसर : سورة الكوثر

(बिस्मिल्लाहिर्रहमानिर्रहीम)

إِنَّا أَعْطَيْنَاكَ الْكَوْثَرَ • فَصَلِّ لِرَبِّكَ وَانْحَرْ • إِنَّ شَانِئَكَ هُوَ الأَبْتَرُ •

"इन्ना आअ्तैना कल्'कौसर्। फ'सल्लि लेरब्बि'क वन्'हर्।
इन्'न'शानिअ'क हुवल् अब्तर्।"

'हे मुहम्मद हामीले तिमीलाई कौसर(मृत्युपश्चात मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमलाई प्रदान गरिने पानीको विशेष कुवा) प्रदान गरेका छौं। यसर्थ आफ्ना पालन-पोषणकर्ताकै लागि नमाज पढ्ने गर र कुर्बानी गर्ने गर। वास्तवमा तिम्रा शत्रु नै जरा काटिएको हुनेछ।"

## (३)सूरह फलक سورة الفلق

(बिस्मिल्लाहिर्रहमानिर्रहीम)

قُلْ أَعُوذُ بِرَبِّ الْفَلَقِ • مِنْ شَرِّ مَا خَلَقَ • وَمِنْ شَرِّ غَاسِقٍ إِذَا وَقَبَ • وَمِنْ شَرِّ النَّفَّاثَاتِ فِي الْعُقَدِ • وَمِنْ شَرِّ حَاسِدٍ إِذَا حَسَدَ •

कुल्अऊजुबे रब्बिल् फलक्। मिन शर्रेमा खलक् व मिन् शर्रे गासेकिन् इजा व कब्। व मिन् शरिन्नफ्फासाते फिल्उकद्। व मिन् शर्रे हासेदिन् इजा हसद्।

"हे मुहम्मद भनिदेऊ म प्रातःकालका मालिकको शरण पर्छु। प्रत्येक वस्तुको दुष्टताबाट जोगिनको लागि जुन उनले सृष्टि गरेका छन्। र अन्धकारमय रात्रिको दुष्टताबाट जोगिनको लागि जब त्यो फैलिन्छ। र गाठोमा झारफुक गर्नेहरुको दुष्टताबाट।र ईर्ष्यालुको दुष्टताबाट जब त्यो डाहा गर्छ।''

## (४)सूरह नास

سورةالناس


(बिस्मिल्लाहिर्रह्मानिर्रहीम)

قُلْ أَعُوذُ بِرَبِّ النَّاسِ • مَلِكِ النَّاسِ • إِلَهِ النَّاسِ • مِنْ شَرِّ الْوَسْوَاسِ الْخَنَّاسِ • الَّذِي يُوَسْوِسُ فِي صُدُورِ النَّاسِ • مِنَ الْجِنَّةِ وَالنَّاسِ •

कुल्अऊजुबे रब्बिन्नास्। मलेकिन्नास्। इलाहिन्नास्। मिन् शर्रिल् वस्वासिल् खन्नास्। अल्लजी युवस्वेसु फी सुदुरिन्नास्। मिनल् जिन्नते वन्नास्।


" भनिदेऊ म मानवको पालनकर्ताको शरण पर्छु। मानवका वास्तविक सम्राटको। मानवका पूज्यको। भ्रम उत्पन्न गर्ने र सुटुक्क निस्कने शैतानको दुष्टताबाट जोगिनको लागि। जसले मानवहृदयमा भ्रम उत्पन्न गर्छ। चाहे त्यो जिन्न मध्येको होस् वा मानव मध्येको।''

(५)रुकूः (दुबै हात घुंडामाथि राखेर कम्मर र टाउको सोझो पारी निहुर्ने प्रक्रिया)




बेठीक





फेरि "अल्लाहु अक्बर'' भन्दै दुबै हातलाई काँध वा कानको बराबर उठाउँदै "रुकू''मा जानुहोस् र त्यसमा पढिने बिन्ती"सुब्हान रब्बियल् अजीम''–मेरो महान प्रभु पवित्र हुनुहुन्छ– तीन पटक वा त्यो भन्दा बढी पढ्नुहोस्। सुब्हान रब्बियल् अजीम पछि सुब्हानकल्लाहुम्म व बेहम्देक अल्लाहुम्मग्फिर्ली।–हे अल्लाह तपाईं पवित्र हुनुहुन्छ र तपाईंकै लागि सम्पूर्ण प्रशंसा छन्, मलाई क्षमा गरिदिनुहोस्– पढ्नु पनि प्रमाणित छ।

(६)कियाम त्यसपछि समिअल्लाहु लिमन् हमिदः अल्लाहले सुन्नुभयो जसले वहाँको प्रशंसा गऱ्यो–(एमाम वा एक्लै नमाज पढ्दा समिअल्लाहु लिमन् हमिदः भन्नुपर्छ तर एमामको अनुसरण कर्ता मामूमलाई समिअल्लाहु लिमन् हमिदः भन्ने आवश्यकता छैन)भन्दै आफ्नो दुबै हातलाई काँध वा कानको



बराबर उठाउँदै छातीमाथि पहिला जस्तै राख्नुहोस् र सोझो उभेर यो बिन्ती गर्नुहोस्।"रब्बना व ल'कल्हम्द हम्दन् कसरीरन्


तैयिबन् मुबारकन् फीह।हे अल्लाह तपाईंकै लागि अत्यन्तै असल प्रशंसा छन्।'' तर हातलाई माथितिर उठाइराख्नु प्रमाण्ति छैन।



बेठीक

**(७)सज्दा** :(टाउको भूईंमा राखेर गरिने एउटा विशेष प्रकारको प्रक्रिया) अब

"अल्लाहु अक्बर''भनेर सज्दाका लागि भूईंमा आफ्ना दुबै हात र



घुँडा राख्नुहोस्



र त्यसमा तीन पटक वा त्यो भन्दा बढी यस प्रकार बिन्ती गर्नुहोस।"सुब्हा'न रब्बियल् आला''मेरा प्रभु महान हुनुहुन्छ। त्यसपछि रुकू जस्तै यहाँ पनि उक्त बिन्ती "सुब्हानकल्लाहुम्म रब्बना व बेहम्देक अल्लाहुम्मग्फिर्ली''थप्नु प्रमाणित छ। सज्दामा ७ अंग अनिवार्य भूईंमाथि हुनुपर्छ। नाक सँगसँगै निधार,दुबै हात,दुबै घुँडा र दुबै खुट्टा। सज्दाको अवस्थामा ती मध्ये कसैलाई भूईंबाट उठाउनु प्रमाण्ति छैन।




बेठीक



बेठीक

तर कुनै व्यक्तिले रोग वा अन्य शारीरिक समस्याले गर्दा भूईंमा सज्दा गर्न सक्षम छैन भने उसले भूईंबाट सकभर नजिक हुने प्रयास गर्नुपर्नेछ।।



सज्दाको अवस्थामा दुबै पाखुरालाई भिन्नै उठाई राख्नुहोस्।
पेटलाई तिघ्र र घुँडालाई एकअर्कासँग छुट्टै राख्नुहोस्।
खुट्टाका औंलाहरु एकआपसमा मिलाएर उठाई राख्नुहोस्।



बेठीक

ठीक



(८)फेरि "अल्लाहु अक्बर"भन्दै भूईंबाट टाउको उठाउनुहोस् र देब्रे खुट्टा बिछाएर त्यसमाथि बस्नुहोस्। दाहिने खुट्टालाई ठाडो राख्नुहोस् र दुबै हातका पंजा दुबै तिघ्रा र घुँडामाथि राखेर यस प्रकार बिन्ती गर्नुहोस्।"रब्बिग्फिर्ली"–हे अल्लाह मलाई क्षमा गरिदिनुहोस्– यस बैठकलाई "जल्सा एस्तेराहत"राहतको बैठक भनिन्छ।
त्यसपछि "अल्लाहु अक्बर"भन्दै अर्को सज्दा पहिला सज्दा जस्तै गर्नुहोस् र जे जति त्यहाँ पढ्नुभएको थियो त्यो नै फेरि यहाँ दोहऱ्याउनुहोस्।
त्यसपछि अल्लाहु अक्बर भनेर सज्दाबाट टाउको उठाउँदै एकछिन बस्नुहोस् र तुरन्तै हात जमिनमा टेकेर पहिले दुबै घुँडा उभ्याएर त्यसपछि मात्र हात उठाउनुहोस्। यसरी तपाईंको एक रकात पूरा भयो। अब अर्को रकातमा पनि पहिला जस्तै "बिस्मिल्लाहिर्रह्मानिर्रहीम"देखि पढ्नुहोस्।


**नोट** (१)यदि एमाम(नमाज पढाउने व्यक्ति)ले नमाजमा पवित्र कुरआनलाई ठूलो स्वरले पढिरहेको छ भने तपाईले मात्र सूरह

फातिहालाई मनमनै पढेर एमामको केरअ्तलाई सुन्नुहोस्। जस्तै फज्र,मग्रिब र एशाको नमाजमा ठूलो स्वरले पवित्र कुरआनलाई पढिन्छ।

(२) यदि तपाई जोहर र अस्रको नमाजमा हुनुहुन्छ भने सुरह् फातिहापछि कुनै अर्को सूरह पनि पहिलाको दुई रकातमा पढ्न सक्नुहुन्छ।

(९) २ रकात पूरा भईसकेपछि बसेर प्रथम बैठकमा पढ्ने बिन्तीलाई पढ्नुहोस्, जो यस प्रकार छ।

" التَّحِيَّاتُ للهِ وَالصَّلَوَاتُ وَالطَّيِّبَاتُ السَّلامُ عَلَيْكَ أَيُّهَا النَّبِيُّ وَرَحْمَةُ اللهِ
وَبَرَكَاتُهُ السَّلامُ عَلَيْنَا وَعَلى عِبَادِاللهِ الصَّالِحِيْنَ ، أَشْهَدُ ألاإلهَ إلا اللهُ
وَأَشْهَدُ أنَّ مُحَمَّداً عَبْدُهُ وَرَسُوْلُهُ "



“अत्त’हि़य्यातु लिल्लाहि वस्सलवातु वत्तैयेबातु, अस्सलामु अलै’क
अय्योहन्नबीयो व रह्म’तुल्लाहि व बरकातुहु,अस्स’लामु अ़लैना व अ़ला इबादिल् लाहिस् सालेही़न,अश’ह’दु अल्ला इला’ह इल्लल्लाहु
व अश’ह’दु अन्न मुहम्म’दन् अब्दुहु व रसूलुह्।’’

अर्थः वचन,शरीर र सम्पत्ति सम्बन्धी सबै प्रकारका उपासनाहरु अल्लाहकै लागि छन्। हे सन्देष्टा तपाईंमाथि शान्ति,अल्लाहको कृपा तथा अनुकम्पा होस्। हामी माथि र अल्लाहका पवित्र असल भक्तहरु माथि पनि अल्लाहको कृपा होस्। म गवाही दिन्छु कि अल्लाह बाहेक

कोही वास्तविक पूज्य छैन र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम अल्लाहका भक्त तथा सन्देष्टा हुनुहुन्छ।


यदि नमाज ३ वा ४ रकातको छ भने दुबै हातलाई काँध वा कानको बराबर उठाउँदै उभिएर पहिले जस्तै बाँकी नमाजलाई पूरा गर्नुहोस्।

(१०) मग्रिबको नमाज छ भने ३ रकातपछि र जोहर,अस्र र एशाको नमाज छ भने ४ रकातपछि, तर फज्रको नमाजमा दुई रकात पछि –किनकि त्यसमा एउटै बैठक हुन्छ–अन्तिम बैठकका लागि बसेर **अत्तहिय्यात र दरुद शरीफ** पढ्नुहोस्।

यहाँ ध्यान दिनुपर्ने कुरा यो हो कि बस्नमा पहिलेदेखि अलिकति फरक छ। अनि त्यो यसप्रकार छ कि आफ्नो देब्रे खुट्टालाई दाहिने खुट्टाको तलबाट निकाल्नुहोस् र आफ्नो पूठो भूईंमा राख्नुहोस्।

**दरुद शरीफ :**

" اللّٰهُمَّ صَلِّ عَلَى مُحَمَّدٍ وَّعَلَى آلِ مُحَمَّدٍ كَمَا صَلَّيْتَ عَلَى ابْرَاهِيْمَ وَعَلَى آلِ ابْرَاهِيْمَ إِنَّكَ حَمِيْدٌ مَّجِيْدٌ ، وَبَارِكْ عَلَى مُحَمَّدٍ وَّعَلَى آلِ مُحَمَّدٍ كَمَا بَارَكْتَ عَلَى ابْرَاهِيْمَ وَعَلَى آلِ ابْرَاهِيْمَ إِنَّكَ حَمِيْدٌ مَّجِيْدٌ"




“अल्लाहुम्’म सल्लि अ़ला मुहृम्’मद वअ़ला आले मुहृम्’मद् कमा सल्लै’त अ़ला ईब्राही’म व अ़ला आले ईब्राही’म इन्न’क ह़मीदुम्’मजीद्। अल्लाहुम्’म बारिक् अ़ला मुहृम्’मद् व अ़ला आले मुहृम्’मद् कमा बारक’त अला ईब्राही’म व अ़ला आले ईब्राही’म इन्न’क ह़मीदुम्’मजीद्।

हे अल्लाह! मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम र उहाँको घर परिवारमाथि तपाईं त्यसरी नै कृपा गर्नुहोस् जसरी तपाईंले इब्राहीम र उहाँको परिवारमाथि कृपा गर्नुभएको थियो। निःसन्देह तपाईं नै प्रशंसाको पात्र र प्रतिष्ठित हुनुहुन्छ। हे अल्लाह! मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको घर-परिवारको त्यसरी नै कल्याण गर्नुहोस् जसरी तपाईंले इब्राहीम अलैहिस्सलाम र वहाँको परिवारमाथि गर्नुभएको थियो। निःसन्देह तपाईं प्रशंसाको पात्र र अति नै महान हुनुहुन्छ।

(११)फेरि त्यसपछि यो प्रार्थना गर्नुहोस:

"اللّٰهُمَّ إِنِّى ظَلَمْتُ نَفْسِى ظُلْماً كَثِيْراً وَلَايَغْفِرُ الذُّنُوْبَ إِلا أَنْتَ فَاغْفِرْلِى
مَغْفِرَةً مِّنْ عِنْدِكَ وَارْحَمْنِى إِنَّكَ أَنْتَ الْغَفُوْرُ الرَّحِيْمُ"

"अल्लाहुम्'म इन्नी ज़'लम्तु नफ्सी जुल्मन् कसीरा व'लायग् फिरुज्जुनू'ब इल्ला अन्'त फग्फिर्ली मगफि'र'तम् मिन् इन्दि'क वर्'ह्म्नी इन्न'क अन्तल् गफूरुर्रहीम्।"

अर्थः हे अल्लाह मैंले आफूमाथि अत्यधिक अन्याय गरेको छु। र तपाईं बाहेक अन्य कसैले पाप क्षमा गर्दैन,यसर्थ तपाईंले आफ्नो विशेष कृपाले मलाई क्षमा गर्नुहोस् र ममाथि कृपा गर्नुहोस्। निःसन्देह तपाईं क्षमावान तथा कृपालु हुनुहुन्छ।

यसै प्रकार अन्य प्रमाणित प्रार्थनालाई पढ्न सकिन्छ।

(१२) त्यसपछि"अस्'स लामु अलैकुम् व र"ह्'म'तुल्लाह" भन्दै पहिले दाहिनेतर्फ र त्यसपछि बायाँ तर्फ त्यो नै भन्दै सालम गरेर नमाजलाई समाप्त गर्नुहोस्।

الأذكار بعد الصلاة المفروضة

# अनिवार्य नमाजपछिका बिन्तीहरु

(१)*अल्लाहु अक्बर*(अल्लाह सबैभन्दा महान हुनुहुन्छ)

(२)*अस्तग्फेरुल्लाह* (म अल्लाहको क्षमा चाहन्छु)तीन पटक

(३)*अल्लाहुम्'म अन्तस्'स'लाम व मिन्कस्'स'लाम त'बारक्'त या जल्'ज'लाले वल्इक्राम।*

(हे अल्लाह तपाईं नै शान्तिवाला हुनुहुन्छ,र तपाईंको तर्फबाट नै शान्ति प्रदान गरिन्छ,हे प्रतिष्ठित तथा श्रेष्ठतायुक्त अल्लाह तपाईं धेरै सर्वसम्पन्न हुनुहुन्छ।)

(४)*रब्बे अइन्नी अला जिक्रे'क व शुक्रे'क व हुस्ने इबा'द'तिक।*

(हे अल्लाह! तपाईंको गुण-गान,कृतज्ञता र राम्ररी उपासना गर्नमा तपाईंले मलाई सहयोग गर्नुहोस्।)

(५)*लाइला'ह इल्लल्लाहु वह्'द'हू ला'शरी'क'ल'हू ल'हुल्मुल्कु व ल'हुल्हम्दु व हु'व अला कुल्ले शैइन् क'दीर। अल्लाहुम्'म ला माने'अ लेमा आअ्तै'त व'ला मुअ्ते'य लेमा मनअ्'त व'ला यन्'फ'ओ जल्जद्दे मिन्कल् जद्द।*

(अल्लाह बाहेक कोही वास्तविक पूजनीय छैन,वहाँ एक्लै हुनुहुन्छ,वहाँको कोही साझेदार छैन,वहाँकै लागि राज्य र सम्पूर्ण प्रशंसाहरु छन् र वहाँ हरेक कुराका लागि सक्षम हुनुहुन्छ। हे अल्लाह तपाईंले दिएको वस्तुलाई कसैले रोक्ने छैन, र तपाईंले नदिएको वस्तुलाई कसैले दिन सक्ने छैन र धनी मानिसलाई तपाईंको दण्ड-सजायबाट उसको धनले मुक्ति दिन सक्दैन।)

(६)*ला'हौ'ल व'ला कुव्'व'त इल्ला बिल्लाह,ला'इला'ह इल्लल्लाहु व'ला नअ्बुदु इल्ला इय्याहु,ल'हुन्नेअ्'म'तु व'ल'हुल्फज्लु व'ल'हुस्'स'नाउल्हस्नु, लाइला'ह इल्लल्लाहु मुख्लेसी'न लहुद्दी'न व'लौ करेहल्काफेरुन।*

(अल्लाहको सहयोग बिना नत बाँच्ने क्षमता हुन्छ र न केही गर्ने शक्ति रहन्छ,अल्लाह बाहेक कोही पूजनीय छैन र हामी अल्लाहकै

उपासना गर्छौं। वहाँकै लागि महिमा मान-सम्मान र राम्रो प्रशंसा छ, अल्लाह बाहेक कोही पूजनीय छैन,मात्र वहाँकै लागि हामी उपासना गर्छौं चाहे अवज्ञाकारीहरुलाई यो नराम्रो किन नलागोस्)

(७) *३३पटक सुब्हानल्लाह,*(अल्लाह पवित्र हुनुहुन्छ) *३३पटक अल्हम्दु लिल्लाह,*(सबै प्रशंसा अल्लाहकै लागि छन्) *३३पटक अल्लाहुअक्बर*(अल्लाह महान हुनुहुन्छ) र १ पटक *लाइला'ह इल्लल्लाहु वह्'द'हू ला'शरी'क'ल'हू ल'हुल्मुल्कु व ल'हुल्हम्दु व हु'व अला कुल्ले शैइन् क'दीर।*
(अल्लाह बाहेक कोही वास्तविक पूजनीय छैन,वहाँ एक्लै हुनुहुन्छ,वहाँको कोही साझेदार छैन,वहाँकै लागि राज्य र सम्पूर्ण प्रशंसाहरु छन् र वहाँ हरेक कुराका लागि सक्षम हुनुहुन्छ)

(८) आ'य'तुल्कुर्सी:- آية الكرسي

आयतुल्कुर्सी पवित्र कुरआनको अत्यन्तै महत्वपूर्ण आयत हो। यसलाई प्रत्येक फर्ज नमाजपछि पढ्नु अति नै पूण्यको काम हो। जस्तै एउटा हदीसमा भनिएको छ। ''जसले प्रत्येक अनिवार्य नमाजपछि आयतुल्कुर्सी पढ्छ उसलाई मृत्युबाहेक अन्य केहीले स्वर्गमा प्रवेश गर्नबाट रोक्नेछैन।''आयतुल्कुर्सी निम्न प्रकार छ:

اللَّهُ لا إِلَهَ إِلاَّ هُوَ الْحَيُّ الْقَيُّومُ لا تَأْخُذُهُ سِنَةٌ وَلا نَوْمٌ لَهُ مَا فِي السَّمَوَاتِ وَمَا فِي الأَرْضِ مَنْ ذَا الَّذِي يَشْفَعُ عِنْدَهُ إِلاَّ بِإِذْنِهِ يَعْلَمُ مَا بَيْنَ أَيْدِيهِمْ وَمَا خَلْفَهُمْ وَلا يُحِيطُونَ بِشَيْءٍ مِنْ عِلْمِهِ إِلاَّ بِمَا شَاءَ وَسِعَ كُرْسِيُّهُ السَّمَوَاتِ وَالأَرْضَ وَلا يَئُودُهُ حِفْظُهُمَا وَهُوَ الْعَلِيُّ الْعَظِيمُ

*अल्लाहु लाइला'ह इल्ला हु'वल्हैयुल्कैय्यूम ला'ता'खुजोहु से'न'तुं'व'ला नौम ल'हू'माफिस्'स'मावाते वमा फिल् अर्जे मन्जल्'ल'जी यश्'फ'ओ इन्'द'हू इल्ला बेइज्नेही यअ्'ल'मु माबै'न अैदीहिम् व'मा खल्'फ'हुम् व'ला योहीतू'न बेशैइन् मिन् इल्मेही इल्ला बेमा शा'अ व'से'अ कुर्सीयोहुस्'स'मावाते*

*वल्अर्ज व'ला यऊदुहू हिफ्जोहुमा व हुवल्अलीयुल्अजीम।*

अल्लाह बाहेक कोही पूजनीय छैन,वहाँ सधैं जीवित रहने र सबै वस्तूको निरीक्षक हुनुहुन्छ,वहाँलाई नत उंघ आउँछ नत सुत्नुहुन्छ। आकाश र पृथ्वीमा पाइने सबै वस्तुहरु वहाँकै हुन्। वहाँको अनुमति बिनी कसैको लागि सिफारिस गर्नसक्ने को छ?। वहाँ मानिसहरुको अगाडि र सामुन्ने हुने सबै वस्तुहरुलाई जान्नुहुन्छ। अनि उनीहरुले चाहिं वहाँको ज्ञानबाट केही पनि जान्न सक्दैनन् तर जति वहाँ चाहनुहुन्छ। वहाँको कुर्सीको विस्तृताले आकाश र पृथ्वीलाई घेरी राख्छ। र वहाँ उनीहरुको हेरचाहबाट थाक्नुहुन्न र वहाँ उच्च,उन्नत र महान हुनुहुन्छ।

(१०) फज्र र मग्रिबको नमाजपछि निम्न प्रार्थना दस–दस चोटि गर्नु पनि प्रमाणित छः

*लाइला'ह इल्लल्लाहु वह्'द'हू ला'शरी'क'ल'हू ल'हुल्मुल्कु व ल'हुल्हम्दु व हु'व अला कुल्ले शैइन् क'दीर।*

(अल्लाह बाहेक कोही वास्तविक पूजनीय छैन,वहाँ एक्लै हुनुहुन्छ,वहाँको कोही साझेदार छैन,वहाँकै लागि राज्य र सम्पूर्ण प्रशंसाहरु छन् र वहाँ हरेक कुराका लागि सक्षम हुनुहुन्छ)

(११) यसै प्रकार प्रत्येक अनिवार्य नमाजपछि सूरह इख्लास,सूरह फलक र सूरह नास एक एक चोटि र फज्र र मग्रिबपछि तीन तीन चोटि पढ्नु प्रमाणित छ।

## नमाजलाई भंग गर्ने कारणहरु:- مبطلات الصلاة

निम्न कारणले नमाज भंग हुन्छ, यसर्थ ध्यानपूर्वक नमाज पढ्नुहोस् र नमाजलाई भंग गर्ने कारणबाट आफूलाई सुरक्षित राख्नुहोस्।

▸जानी जानी केही खाना वा पिउनाले।

▸नमाजका लागि बिना कुनै उचित कारणले कुराकानी गर्नाले। जहाँसम्म इमामले बिर्सेको बेला उनलाई याद गराइदिने वा पवित्र कुरआन पढ्दाखेरि बिर्सने अवस्थामा सच्चियाइदिने हो भने यसोगर्नु प्रमाणित छ। यसले नमाजमा केही समस्या पार्दैन। एक चोटिको कुरा हो। नबी सल्लल्लाहु अलैहि व सल्लम जोहरको नमाज पढाई रहनुभएको थियो। अनि दुई रकअ्तमा नै बिर्सेर सलाम गरी नमाज समाप्त पार्नुभयो। त्यसपछि जुल्यदैनले सोध्यो : के तपाईंले बिर्सनुभयो वा नमाजै कम गरिइएको छ? नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभयो: न म बिर्सेको छु र न नमाजमा नै कमी गरिएको छ। फेरि वहाँले दोहऱ्याउँदै भन्नुभयो :बरु तपाई बिर्सनुभएको छ। त्यसपछि नबी सल्लल्लाहु अलैहि व सल्लमले अन्य नमाजीहरुसँग सोध्नुभयो। के जुल्यदैन सत्य भनिरहेको छ? उनीहरुले भने,सत्य हो। फेरि वहाँले छुटेका अन्तिम दुई रकअ्त पढ्नुभयो र (बिर्सनुको सट्टामा) अधिकमा दुईवटा सज्दा गर्नुभयो। (बुखारी र मुस्लिम)

▸ नमाजका स्तम्भ वा शर्तहरुमध्ये केही छोड्नु र नमाजमा हुने कमीको पूर्तिका लागि गरिने कर्मलाई नगर्नु। जस्तै एकचोटि हतार हतार नमाज पढ्ने व्यक्तिलाई नबी सल्लल्लाहु अलैहि व सल्लमले नमाज दोहऱ्याउने आदेश दिनुभएको थियो। किनकि उसले शान्तिपूर्वक वहाँको आदेश अनुसार नमाज पढेको थिएन।

▸अधिक अनावश्यक क्रियाकलापमा संलग्न रहनु। किनकि यसले मानिसको ध्यान अर्कोतर्फ आकर्षित गर्छ। तर सलामको मनमनै जबाफ दिनु वा कपडा सोझो पार्नु जस्ता आदिले नमाज भंग हुँदैन।

▸चर्को स्वरले हाँस्नु जसलाई अरबीमा "कह्‌कहा" भनिन्छ। तर मात्र मुस्कानले नमाज भंग हुँदैन।

▸ नमाजलाई क्रमशः नपढ्नु। जस्तै इशाको नमाज पढेर मग्रिबको नमाज पढ्नु।

▸ नमाजमा नहुने खालको गल्ती गर्नाले नमाज भंग हुन्छ। जस्तै इशाको नमाज चारको सट्टामा आठ रकअ्त पढ्नु। किनकि यसबाट यस कुराको पुष्टिहुन्छ कि नमाजीले ध्यानपूर्वक नमाज पढिरहेको छैन।

## नमाज पढ्दा मक्रुह(अप्रिय) कुराहरु:– مكروهات الصلاة

▸ आकाशतिर आँखा उठाउनु : जस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ:"मानिसहरुलाई के भएको छ उनीहरु आकाशतिर आँखा उठाई राख्छन्? अब त यसोगर्न छाडि देऊन् नत्र उनीहरुका आँखा नै उठाई लिइनेछन्।'' (बुखारी)

▸ कमरमाथि हात राख्नु किनकि यसबाट नबी सल्लल्लाहु अलैहि व सल्लमले मनाही गर्नुभएको छ।

▸ नमाजमा यताउता ध्यान गर्नु, बिना कुनै उचित कारणले टाउको वा आँखा घुमाई राख्नु। यसो गर्नलाई नबी सल्लल्लाहु अलैहि व सल्लमले "एख्तेलास''भन्नुभएको छ। यहाँ यसको अर्थ यो हुन्छ कि यसो गर्नाले शैतानले मानिसको नमाजमा कमी गराउँछ र उसलाई नमाजबाट नै अर्को तर्फ ध्यान आकर्षण गराउँछ।

▸ यस्ता क्रियाकलापमा आफूलाई व्यस्त राख्नु जसबाट नमाजमा हुने अमन–चैन र शान्ति प्रक्रियालाई हानि होस्। जस्तै बारम्बार कपडा,वा कपाल सुमसुम्याउनु,दाह्रीमा हात लैजानु,शरीरलाई अनावश्यक हल्लाइरहनु र आँखा मिच्नु। जस्तै एउटा हदीसमा छ:"मलाई सात अंगमाथि कपडा वा कपाल नसमातिकन सज्दागर्ने आदेश दिइएको छ।'' (बुखारी र मुस्लिम)

▸ एकभन्दा बढी पटक सज्दाको ठाउँबाट स–साना ढुङ्गा हटाउनु। जस्तै नमाज पढ्नुअघि हटाउन पाइएन, कारण जे सूकै होस्। सज्दा गर्दा सज्दा गरिने जमिनमा ढुङ्गा छन् भने एक चोटि हटाउन सकिन्छ। नबी सल्लल्लाहु अलैहि व सल्लमले उक्त सम्बन्धमा भन्नुभएको छ : यदि तिमी गर्छौ भने मात्र एक पटक गर । (बुखारी र मुस्लिम)

▸ मुखमाथि हात राख्नु वा कपडा भूंईसम्म झुंड्याई राख्नु। नमाजमा हाछिँय्यू आउँदा हातलाई मुखमाथि राख्नु प्रमाणित छ तर बिना कुनै कारणले हातलाई मुखमाथि राख्नु सही होइन। यस्तै

सिद्लबाट नबी सल्लल्लाहु अलैहि व सल्लमले मनाही गर्नुभएको छ। जसको अर्थ धार्मिक विद्वानहरुले यस प्रकार लगाएका छन्: भूंईसम्म कपडालाई छाडिराख्नु वा एउटै कपडामा आफूलाई यसरी लपेट्नु कि हात भित्रबाट नै हाल्नु परोस्। अनि रुकू र सज्दा गर्दा पनि यो नै अवस्था रहिरहोस्।

▸ दिसा-पिसाब लागेको अवस्थामा वा खाना अगाडि राखिएको अवस्थामा नमाज पढ्नु जसले नमाजीको मनलाई अर्कैतर्फ आकर्षित गरिराख्छ। जस्तै एउटा हदीसमा छ:"खानाको उपस्थितिमा नमाज हुँदैन र त्यसैगरी दिसा-पिसाब लागेको अवस्थामा पनि नमाज हुदैन।
(मुस्लिम)

▸ साह्रै निद्राको अवस्थामा जस्तै हदीसमा छ:"नमाज पढ्दा कसैलाई निद्रा आईरहेको छ भने ऊ सुत्न जाओस् यहाँसम्मकि निद्रा समाप्त होस्। किनकि यस्तो अवस्थामा नमाजीले क्षमा माग्नको सट्टामा आफूलाई गाली गर्न नथालोस्।'' (बुखारी र मुस्लिम)

## नमाज पढ्दा अनुमति प्राप्त कर्महरु:- مايباح فى الصلاة

▸ इमामले पवित्र कुरआन पढ्दा बिर्सेका अवस्थामा बिर्सेको आयतलाई नमाजीले मुखले पढेर सच्चयाई दिनु। एकचोटिको कुरा हो: नबी सल्लल्लाहु अलैहि व सल्लमले नमाज पढ्दा बिर्सनुभयो। नमाजपछि उबै नामक सहाबीसित सोध्नुभयो : के तिमीले हामीसँगै नमाज पढ्यौ? उनेले भने हो। फेरि नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभयो:"मलाई स्मरण गराइदिन कसले तिमीलाई रोक्यो?''
(अबू दाऊद,हाकिम र इब्ने हिब्बान)

▸ इमामले अन्य केही बिर्सेको अवस्थामा पुरुषहरुले सुब्हानल्लाह भनेर र महिलाहरुले चाहिं ताली बजाई हेक्का पारी दिनु। जस्तै तीन वा चार रकअ्तको नमाजमा दुई रकअ्तपछि नबसेर उठ्दा पुरुषहरुले सुब्हानल्लाह भन्नु र महिलाहरुले ताली बजाउनुपर्छ।

▸ सर्प र बिच्छीलाई हत्या गर्नु।जस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ:"नमाजमा काला (प्रायः सर्प नै कालो हुन्छ तर अरबीमा बिच्छीलाई पनि कहिलेकाही यसै भनिन्छ।)सर्प र बिच्छीको हत्या गर।'' (अहमद, अबू दाऊद र तिर्मिजी)

▸ नमाजीको सामुन्नेबाट जानेलाई रोक्नु। जस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छः"जब तिमीहरुमध्ये कोही सुत्रा -अर्थात् नमाज पढ्दा आफ्नो अगाडि एउटा ईंटा बराबरको केही राखेर वा दिवाल आदिको आडमा पढ्नु- राखेर नमाज पढिरहेको छ अनि कोही त्यहाँबाट छिर्न चाहन्छ भने त्यसलाई नमाजीले रोकोस्। यदि त्यसले मानेन भने त्यससित युद्ध गरोस् किनकि त्यो शैतान हो।"

(बुखारी र मुस्लिम)

उक्त हदीसमा नमाज एक्लै पढ्दा जस्तै सुन्नत,नफ्ल वा सामूहिक रुपमा नपाएर एक्लै पढिने फर्ज नमाज पढिरहेको बेला कोही व्यक्ति नमाजीको अगाडिबाट गईरहेको छ जसले आफ्नो अगाडि सुत्रा राखेको छ भने यस्तो अवस्थामा त्यसलाई मनाही गर्ने आदेश छ तर त्यतिले पनि सचेत नहुँदा जोडले त्यसलाई मनाही गर्ने आदेश दिएको छ, किनकि त्यस्तो कर्म शैतानको कर्ममध्ये आउँछ। जहाँसम्म मक्काको कुरा हो भने त्यहाँ पनि सकेसम्म कुनै नमाजीको अगाडिबाट नजानुहोस्।

▸ नमाज पढ्दा यदि कसैले सलाम गरिरहेको छ भने त्यसको उत्तर हातको इसाराले वा औंलाले दिन सकिन्छ।

## वित्रको नमाज صلاة الوتر

वित्रको नमाज रात्रिको अन्तिम नमाजलाई भनिन्छ। यसलाई नबी सल्लल्लाहु अलैहि व सल्लमले यात्राको अवस्थामा पनि पढ्नुहुन्थ्यो। यसर्थ यसको महत्वलाई ध्यानमा राखी अवश्य पढ्नुपर्छ। यदि तपाईं तहज्जुद पढ्नुहुन्छ वा रातीमा जागरण गरेरे पढ्नु हुन्छ भने अझ पुण्यको काम हो तहज्जुदपछि वित्र पढ्नुहोस् तर यदि संदेह छ कि राती निद्रा खुल्न सक्दैन भने वित्रको नमाज पढेर सुत्नुहोस्।

वित्रको नमाज विषम पढिन्छ,किनकि अल्लाह एक्लै हुनुहुन्छ,र नबी सल्लल्लाहु अलैहि व सल्लमसित यसै प्रकार पढ्नु प्रमाणित छ। १ वा ३ वा ५ ... मध्ये जति सक्षम हुनुहुन्छ,पढ्न सक्नुहुन्छ। उदाहरणका लागि जस्तै ३ रकात पढ्नु पर्नेछ भने त्यो दुई प्रकारले पढिन्छ।

प्रथम तरीका: तीन रकात एकै साथमा पढ्नुहोस् र तीन रकातपछि मात्र तशह्हुदका लागि बस्नुहोस्।

द्वितीय तरीका: दुई रकात पछि सलाम गरी फेरी एक रकात छुट्टै पढ्नुहोस् र यो तरीका नै श्रेष्ठ हो।

वित्रको प्रथम रकातमा सूरह आला र दोस्रो रकातमा सूरह काफेरुन र तेस्रो रकातमा सूरह एख्लास पढ्नु प्रमाणित छ।

वित्रको तेस्रो रकातमा(यदि तीन पढ्नुहुन्छ भने नत्र अन्तिम रकातमा)सूरह एख्लासपछि विन्ती गरिन्छ। जुन यस प्रकार छ:

اَللّٰهُمَّ اهْدِ نِىْ فِيْمَنْ هَدَيْتَ،وَعَافِنِىْ فِيْمَنْ عَافَيْتَ ، وَ تَوَلَّنِىْ فِيْمَنْ تَوَلَّيْتَ ،
وَبَارِكْ لِىْ فِيْمَا أَعْطَيْتَ ، وَقِنِىْ شَرَّمَا قَضَيْتَ،فَإِنَّكَ تَقْضِىْ وَلَايُقْضٰى
عَلَيْكَ،إِنَّهُ لَايَذِلُّ مَنْ وَّالَيْتَ ، وَلَايَعِزُّ مَنْ عَادَيْتَ، تَبَارَكْتَ رَبَّنَا
وَتَعَالَيْتَ"(ابوداود والترمذى والنسائى وابن ماجه والبيهقى)

*अल्लाहुम्महदेनी फीमन हदैत। व आफेनी फीमन आफैत। व तवल्लनी फीमन तवल्लैत।व बारिक्ली फीमा आअ्तैत। व केनी शर्रमा कजैत। फइन्नक तक्जी वला युक्जा अलैक। इन्नहू लायजील्लु मव्वालैत। वला यइज्जु मन आदैत। तबारक्त रब्बना वतआलैत।*

अर्थ:हे अल्लाह तपाईंले मार्गदर्शन गरेका व्यक्तिहरु जस्तै मेरो मार्ग दर्शन गर्नुहोस् ,शान्ति प्रदान गरेका व्यक्तिहरु जस्तै शान्ति प्रदान गर्नुहोस्,तपाईंले सहयोग गरेका व्यक्तिहरु जस्तै मेरो सहयोग

गर्नुहोस्,तपाईंले मलाई दिएका चीज–वस्तुमा वरदान–वृद्धि प्रदान गर्नुहोस्,तपाईंले निर्णय गरेको प्रत्येक कुभलोबाट मलाई जोगाउनुहोस् ,किनकि तपाईंले नै निर्णय गर्नुहुन्छ, अनि कसैले तपाईंमाथि निर्णय गर्दैन। जसलाई तपाईंले चाहनुहुन्छ त्यसलाई कसैले अपमानित गर्न सक्दैन,जसलाई तपाईंले शत्रु बनाउनुभयो त्यसलाई कसैले सम्मान दिने छैन ,हे अल्लाह तपाईं वरकतवाला हौ र अति महान छौ।

तर विन्तीका लागि अल्लाहु अक्बर भन्ने आवश्यकता छैन र न वित्रमा विन्ती गर्दा हातनै उठाउनु प्रमाणित छ ,बरु जसरी तपाई उभिराख्नुभएको छ त्यो नै अवस्थामा सूरह एख्लासपछि विन्ती गर्नुहोस्। फेरी अल्लाहु अक्बर भनेर रुकूमा जानुहोस् , अनि पहिला जस्तै नमाजलाई पूरा गर्नुहोस्।

वित्रको नमाज सकेपछि *सुब्हानल् मलेकिल् कुद्दूस* तीन चोटि भन्नुहोस् तर तेस्रो पटक तानेर अलिकति जोडले भन्नुहोस्,अनि त्यसपछि *रब्बुल् मलाएकते वर्रुह* एक पटक भन्नुहोस्।

यदि वित्रको नमाज रातीमा पढ्न भ्याएको छैन,भने त्यसलाई कजा पनि पढ्न सकिन्छ। जस्तै तपाईं वित्रको नमाज तीन रकात पढ्नुहुन्छ भने चार रकात पढ्नुहोस् र १ रकात पढ्नुहुन्छ भने दुई पढ्नुहोस् ,तर विषम पढिदैन। अब त्यसलाई जोडा गरी पढ्नुपर्छ। जस्तै नबी सल्लल्लाहु अलैहि व सल्लमले एक पटक तहज्जुद छुटेको अवस्थामा सूर्योदयपछि १२ रकात पढ्नुभएको थियो। अनि यो प्रष्ट छ कि नबी सल्लल्लाहु अलैहि व सल्लम प्रायः८ रकात तहज्जुद र ३ रकात वित्र पढ्नुहुन्थ्यो।

# الجمعة فى الإسلام

# इस्लाममा जुमा

इस्लाम धर्ममा शुक्रवारको ठूलो महत्व छ। यो मुस्लिहरुका लागि हप्ताको शुभ र महत्वपूर्ण दिन हो। जसमा मुस्लिमहरु प्रायः मस्जिदमा ठूलो सङ्ख्यामा भेला भएर सामूहिक रुपमा जुमाको नमाज पढ्छन्। जुमाको नमाज पढ्नुअघि वक्ताहरुले मानिसहरुलाई सम्बोधन गर्छन्(प्रवचन दिन्छन्)। जसलाई श्रोताहरु ध्यानपूर्वक सुनेर साप्ताहिक रुपमा आफूलाई अति नै धार्मिक मानिस बनाउने प्रयास पनि गर्छन्।

शुक्रवार मुस्लिमहरुको पर्वको पनि दिन हो। जसलाई इस्लाम धर्ममा साप्ताहिक ईद अर्थात् पर्व भनिन्छ। अल्लाहको दृष्टिमा यसको अति नै महत्व छ। जस्तै अल्लाह तआला(महान अल्लाह)ले उक्त सम्बन्धमा आदेश दिदै भन्नुभएको छः

"يَا أَيُّهَا الَّذِينَ آمَنُوا إِذَا نُودِيَ لِلصَّلَاةِ مِنْ يَوْمِ الْجُمُعَةِ فَاسْعَوْا إِلَى ذِكْرِ اللَّهِ وَذَرُوا الْبَيْعَ "(الجمعة/9)

'हे आस्थावानहरु हो! तिमीहरुलाई शुक्रवारको दिन नमाज(जुमुअ़ह्)को लागि पुकारिँदा अल्लाहाको स्मरणतर्फ दौड र व्यापार छोडिदेऊ।'' (पवित्र कुरआन ६२/९)

यहाँ दौड्नको अर्थ त्यसप्रति अति नै चासो लिनु,नमाजभन्दा पूर्वको भाषण(प्रवचन सन्देश)लाई ध्यानपूर्वक सुन्नु र समयमा नै नमाजलाई पढ्नु हो, किनकि साधारण नमाजका लागि पनि दौडेर जानबाट मनाही गरिएको छ।

जुमाको महत्व यसबाट पनि प्रष्ट हुन्छ कि पवित्र कुरआनमा जुमुअ़ह् नामक एउटा सूरह छ। जसलाई नबी सल्लल्लाहु अलैहि व सल्लमको आदेश अनुसार जुमाको नमाजमा पढ्नु प्रमाणित छ।

आदरणीय इब्ने कैयिमले भन्नुभएको छः"जुमा भक्तिको दिन हो,अन्य दिनहरुमध्ये यसको हैसियत ज्यादै महत्त्वको छ, जस्तै महिनाहरुमा रमजानको महत्व बढी छ। यसमा प्रार्थना स्वीकार गरिने समयको महत्व रमजानमा हुने शुभ कदरको रातिको जस्तै छ।

(जादुल्मआद १ /३९८)

## नामाकरण وجه التسمية

हाफिज इब्ने कसीरले भन्नुभएको छ:"जुमालाई जुमा यस प्रकार भनिन्छ कि यो जम्अन्बाट लिइएको छ (जसको अर्थ हुन्छ भेला हुनु)किनकि मुस्लिमहरु हप्तामा कम्तिमा एक पटक ठुल-ठूला मस्जिदमा अवश्य भेला हुन्छन्। जस्तै अल्लाहले आफ्ना भक्तहरुलाई यसको आदेश पनि दिनुभएको छ:'हे आस्थावानहरु हो! तिमीहरुलाई शुक्रवारको दिन नमाज(जुमुअ़ह्)को लागि पुकारिँदा अल्लाहाको स्मरणतर्फ दौड र व्यापार छोडिदेऊ।'' (पवित्र कुरआन ६२/९)

यसबाट ज्ञात भयो कि जुमुअ़ह् अरबी भाषाको क्रिया ज'म'अ यज्मउ जम्अन्बाट लिएको हो,जसको अर्थ हुन्छ,भेला हुनु। अनि यो दिनमा प्राय: मुस्लिमहरु कुनै मस्जिदमा भेला भएर जुमाको नमाज सामूहिक रुपमा पढ्छन् र एक आपसमा उनीहरुको भेटघाट पनि हुन्छ, यसर्थ यसलाई जुमुअ़ह् भनिन्छ।

एउटा अर्को कारण हाफिज इब्ने कसीरले यो पनि लेख्नुभएको छ कि अल्लाह तआलाले आकाश र पृथ्वीको सृष्टि ६ दिनमा सम्पन्न गर्नुभयो र छैटो दिन जुमाको नै दिन थियो,यसर्थ पनि यसलाई जुमा भनिन्छ।(तफसीर इब्ने कसीर ४/३८५-३८६)

पवित्र कुरआनमा सूरह अल् जुमुअ़ह्को नामाकरण यस प्रकार छ कि यसमा अल् जुमुअ़ह् शब्दको प्रयोग गरिएको छ।

## इस्लामी इतिहासमा प्रथम जुमा

## أول جمعة فى التاريخ الإسلامي

मक्काबाट मदीना प्रवास गर्दा नबी सल्लल्लाहु अलैहि व सल्लम सोमवारदेखि बिहीवारसम्म चार दिन कुबामा रोकेर एउटा मस्जिदको स्थापना गर्नुभयो। जुन अहिले कुबा-मस्जिदको नामले विश्वभरि नै प्रसिद्ध छ। फेरि शुक्रवारको दिन कुबाबाट मदीना गइरहेको बेला(बनी सालिम पुत्र औफमा भएका)वादी(उपत्यका)को मस्जिदमा नमाजको समय हुँदा प्रथम चोटि जुमुअ़ह्को भाषण दिएर नमाज पढाउनुभयो। जसमा १०० जना सहभागी थिए।(अर्रहीकुल्मख्तूम)

(१) मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छः
"خَيْرُيَوْمٍ طَلَعَتْ عَلَيْهِ الشَّمْسُ يَوْمُ الجُمُعَةِ ، فِيْهِ خُلِقَ آدَمُ ، وَفِيْهِ أُدْخِلَ الجَنَّةَ ، وَفِيْهِ أُخْرِجَ مِنْهَا ، وَلاتَقُوْمُ السَّاعَةُ إِلاَّ فِيْ يَوْمِ الجُمُعَةِ "(رواه مسلم)
“सर्वोत्तम दिन जसमा सूर्य उदायो,त्यो शुक्रवारको दिन हो। यसै दिनमा आदमको रचना गरियो,स्वर्गमा वहाँलाई प्रवेश गराइयो र यसै दिनमा वहाँलाई स्वर्गबाट निकालियो र यसै दिनमा कियामत आउनेछ।'' (हदीसको संग्रह : मुस्लिम)

(२) यो दिनमा जुमाको नमाज पढिन्छ। जुन इस्लाममा गरिने अनिवार्य कर्महरुमध्ये आउँछ। यसलाई विना कुनै उचित कारणले छोड्नु ठूलो पाप हो। एउटा हदीस बमोजिम यसमा लापरवाही गर्नाले अल्लाहले हृदयमा छाप लगाई दिनुहुन्छ।जस्तै हदीसमा छः“जसले अल्छीपनका कारणले तीन जुमा छोडिदिन्छ,अल्लाहले उसको हृदयमा छाप लगाइ दिनुहुन्छ। (हदीसको संग्रह :तिर्मिजी र अबूदाउद)

(३) शुक्रवारको केही समय अति महत्वपूर्ण र शुभ हुन्छ। जसमा अल्लाहले प्रार्थीहरुको प्रार्थनालाई अवश्य स्वीकार गर्नुहुन्छ। उक्त समयको सम्बन्धमा दुई प्रकारका भावनाहरु पाइन्छन्।
(क)खतीब अर्थात् वक्ताले भाषण दिने मेम्बर(काठले तयार पारेको एक प्रकारको सामग्री)मा बस्नेदेखि जुमाका नमाज समाप्त नहुञ्जेल।
(ख)अस्रको नमाजपछि त्यो शुभ अवसर हुन्छ।
आदरणीय इब्ने कैयीम्ले अन्तिमलाई नै श्रेष्ठ भन्नुभएको छ।
(जादुल्मआद १ /३८९-९०)

अन्य केही धार्मिक विद्वानहरुले उक्त दुबै कथनमा यसप्रकार निकास(जुक्ति) निकालेका छन् कि यो सर्वोत्तम समय दुबै अवस्थामा परिवर्तन भइरहन्छ। कुनै जुमामा अस्रपछि र कुनै जुमामा वक्ताको मेम्बरमा बस्नेसमयदेखि नमाज नसकिदासम्म। हाफिज इब्ने हजरले यसैलाई सर्वोत्तम भन्नुभएको छ।(फत्हुल्बारी २/४१६-४२२) र (मिरआतुल्मफातीह ४/४२४)

(४) शुक्रवारको सद्का अर्थात् दान अन्य दिनमा गरेको दानभन्दा अति नै बेस हुन्छ।

(५)शुक्रवार मुस्लिमहरुको साप्ताहिक पर्व हो।नबी सल्लल्लाहु अलैहि

व सल्लमको कथन छः

"إنَّ هذا يَوْمُ عِيْدٍ جَعَلَه‘ اللهُ لِلْمُسْلِمِيْنَ فَمَنْ جَآءَه‘ الْجُمُعَةُ فَلْيَغْتَسِلْ ..."

(ابن ماجه – صحيح الترغيب 1/ 298)

"नि:सन्देह अल्लाहले यसलाई पर्वको दिन बनाउनुभएको छ। यसर्थ जसले यो दिन पायो,उसले स्नान गरोस्।'' (सहीहुत्तर्गीब१/२९८)

यहाँ एउटा कुरा स्पष्ट होस् कि यदि जुमाको नै दिन इदुल्फित्र र इदुल्अज्हामध्ये कुनै ईद आइपरेमा जुमाको नमाज पढ्न र छोड्न पनि सकिन्छ।(जुमाको नमाज नपढेको अवस्थामा जोहरको नमाज चार रकात पढ्नुपर्छ।) तापनि पढ्नु नै उत्तम हो, जस्तै एउटा हदीसमा छ:"आज दुइवटा पर्व भेला भइहाले,जसले मात्र ईदको नमाज पढ्न चाहन्छ भने त्यो उसको लागि पर्याप्त हुनेछ तर हामी दुबै(ईद र जुमुअ़ह) पढ्नेछौं।"(हदीसको संग्रह : अबू दाऊद)

(६) शुक्रवारको पापहरु क्षमा गरिन्छन्। एउटा हदीसमा छः

"जसले शुक्रवारको दिन नुहाउँछ, सकेसम्म पवित्रता प्राप्त गर्छ,तेल लगाउँछ वा आफूसँग भएको सुगन्धित अत्तर प्रयोग गर्छ,अनि फेरि नमाजको लागि जान्छ र दुई जनामा फरक पार्दैन (अर्थात् खाली ठाउँमा बस्छ र अगाडि जानको लागि अघिदेखि बसेका मानिसहरुको काँध नाघ्दैन।)फेरि भ्याएसम्म नमाज पढ्छ र चुप लागेर ध्यानपूर्वक भाषण(धार्मिक प्रवचन) सुन्छ भने त्यो जुमादेखि आगामी जुमासम्म उसबाट हुने (स-साना)पापहरु क्षमा गरिने छन्।

(हदीसको संग्रह : बुखारी)

(७)जुमाको लागि हिंडेर जानु नै अति पुण्यको काम हो। एउटा हदीसमा नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ :

"مَنْ غَسَّلَ وَاغْتَسَلَ يَوْمَ الْجُمُعَةِ ، وَبَكَّرَ وَابْتَكَرَ، وَدَنَا مِنَ الإِمَامِ فَأَنْصَتَ ، كَانَ لَه‘ بِكُلِّ خُطْوَةٍ يَخْطُوْهَا صِيَامُ سَنَةٍ وَقِيَامُهَا ، وَذٰلِكَ عَلَى اللهِ يَسِيْرٌ"

(رواه أحمد وأصحاب السنن وصححه ابن خزيمة والألبانى –صحيح الترغيب (693)

"जसले जुमाको दिन स्वयं नुहायो र आफ्नी श्रीमतीलाई पनि नुहाइधुवाइ गरायो र नमाजका लागि आफ्नो परिवारसँगसँगै प्रथम समयमा गएर इमामको नजिकै चुपचाप बस्यो भने त्यसलाई प्रत्येक पाइलाको सट्टामा एक वर्षसम्म ब्रत बस्ने र नमाज पढिराख्ने बराबरको पुण्य प्राप्त हुनेछ। अनि यसोगर्नु अल्लाहको लागि धेरै सजिलो छ।''(सहीहुत्तर्गीब :६९३)

(८)शुक्रवार बाहेक अन्य दिनहरुमा नर्कको आगोको ज्वाला अति नै दन्काइन्छ। अनि यस्तो मात्र अल्लाहको तर्फबाट शुक्रवारको आदर-सम्मान गर्नालि हुन्छ।

(९)शुक्रवारको रात-दिनमा मृत्युहुनु शुभ समाप्तिको चिन्ह हो। यसमा मर्ने व्यक्तिहरु चिहानको यातनाबाट सुरक्षित रहन्छन्। एउटा हदीसमा नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ:

"مَامِنْ مُسْلِمٍ يَمُوْتُ يَوْمَ الْجُمُعَةِ أَوْ لَيْلَةَ الْجُمُعَةِ إِلاَّ وَقَاهُ اللهُ تَعَالَى فِتْنَةَ الْقَبْرِ" (رواه أحمد والترمذى وصححه الألبانى)

"जुन मुसलमानको मृत्यु शुक्रवारको दिन वा रातीमा हुन्छ , अल्लाहले उसलाई चिहानको यातनाबाट जोगाउनुहुन्छ।''

(हदीसको संग्रह : अहमद र तिर्मिजी)

## जुमा सम्बन्धी आवश्यक निर्देशनहरु

## أحكام يوم الجمعة وآدابها

जुमाको नमाज दुई रकात हो। जो चाहिँ फज्रको नमाज जस्तै पढिन्छ। इमामले दुबै रकातमा केरात अर्थात् सूरह फातेहापछि सूरह आला र सूरह गाशीया वा सूरह जुमुअह् र सूरह मुनाफेकून ठूलो स्वरले पढ्छ। यसको समय जोहरको नै समय हो। यसलाई मात्र सामूहिक रुपमा पढ्नु प्रमाणित छ।

(क) शुक्रवारको फज्रको नमाजमा सूरह सज्दा र सूरह दहर पढ्नु नबी सल्लल्लाहु अलैहि व सल्लमको सुन्नतहरुमध्ये आउँछ।

(ख) यो दिनमा नबी सल्लल्लाहु अलैहि व सल्लममाथि अत्यधिक दरुद(वहाँको लागि चीर-शान्तिको प्रार्थना) पढ्नु शुभकार्यहरुमध्ये आउँछ। जस्तै एउटा हदीसमा छ:

"إِنَّ مِنْ أَفْضَلِ أَيَّامِكُمْ يَوْمَ الْجُمُعَةِ ، فِيْهِ خُلِقَ آدَمُ ، وَفِيْهِ قُبِضَ ، وَفِيْهِ النَّفْخَةُ ، وَفِيْهِ الصَّعْقَةُ ، فَأَكْثِرُوْا عَلَيَّ مِنَ الصَّلاَةِ فِيْهِ ، فَإِنَّ صَلاَتَكُمْ مَعْرُوْضَةٌ عَلَيَّ" (رواه أحمد وأصحاب السنن)

"नि:सन्देह शुक्रवार सर्वश्रेष्ठ दिन हो। यसैमा आदमलाई जन्माइयो,वहाँको देहान्त भयो,यसैमा नरसिङ्गा फूकिनेछ,र यसैमा मानिसहरु वेहोस हुनेछन् यसर्थ म माथि अत्यधिक दरुद पढ किनकि तिमीहरुको दरुद म माथि पेश गरिनेछ।'' (हदीसको संग्रह: अहमद)

(ग) जुमाको नमाज प्रत्येक स्वतन्त्र,वयस्क,स्थायी पुरुष मुसलमानमाथि अनिवार्य छ। यात्री,महिला,बालक,दास(युद्धबन्दी) माथि अनिवार्य छैन तर यिनीहरुमध्ये जसले पढ्न चाहन्छ , पढ्न सक्छ। भय र रोगको कारणले पनि जुमाको अनिवार्यता समाप्त हुन्छ।

(घ)शुक्रवारको दिन नुहाउनु नबी सल्लल्लाहु अलैहि व सल्लमका सुन्नतहरुमध्ये आउँछ। जस्तै एउटा हदीसमा छ:

"إذَاجَاءَ أَحَدُكُمُ الجُمُعَةَ فَلْيَغْتَسِلْ " (متفق عليه)

“जब तिमीहरुमध्ये कोही जुमाको नमाजको लागि आउँछ भने अवश्य नुहाएर जाओस्।’’ (बुखारी र मुस्लिम)

(ङ) शुक्रवारको दिन दतिवन गर्नु, सुगन्धित अत्तर लगाउनु,राम्रा राम्रा लुगा लगाउनु,जुमाको आदर-सम्मान गर्नेमध्ये आउँछ। जस्तै एउटा हदीसमा छ:

"غُسْلُ يَوْمِ الْجُمُعَةِ وَاجِبٌ عَلَى كُلِّ مُحْتَلِمٍ وَسِوَاكٌ وَيَمَسُّ مِنَ الطِّيْبِ مَا قُدِرَ عَلَيْهِ"( مسلم)

“जुमाको दिन नुहाउनु,दतिवन गर्नु,शक्ति अनुसार सुगन्धित अत्तर लगाउनु प्रत्येक वयस्कमाथि अनिवार्य छ।’’(मुस्लिम)

(च)जुमाको नमाजका लागि छिटो गर्नु मुस्तहब छ(पुण्यको काम हो)। एउटा हदीसमा छ:

"إذَا كَانَ يَوْمُ الجُمُعَةِ وَقَفَتِ المَلَائِكَةُ عَلى أَبْوَابِ المَسْجِدِ، فَيَكْتُبُوْنَ الأَوَّلَ فَالأَوَّلَ، فَمَثَلُ المُهجِرِ إلى الجُمُعَةِ كَمَثَلِ الَّذِي يَهْدِي بَدَنَةً، ثُمَّ كَالَّذِيْ يَهْدِي بَقَرَةً، ثُمَّ كَالَّذِي يَهْدِي كَبشاً، ثُمَّ كَالَّذِيْ يَهدِيْ دُجَاجَةً، ثُمَّ كَالَّذِيْ يَهْدِيْ بَيْضَةً، فَإذَا خَرَجَ الإمَامُ وَقَعَدَ عَلى المِنْبَرِ، طَوَوْا صُحُفَهُمْ وَجَلَسُوْا يَسْمَعُوْنَ الذِّكْرَ" (متفق عليه)

“शुक्रवारको दिन ईशदूतहरु (फरिश्ताहरु)मस्जिदका ढोकाहरुमा उभिएर मस्जिदमा प्रवेश गर्नेहरुको नाम लेख्छन्। जुन व्यक्ति सर्वप्रथम पुग्छ त्यसको पुण्य एउटा ऊँट दान गरेको बराबर हुन्छ,फेरी त्यसपछि आउने व्यक्तिको पुण्य एउटा गाई दान गर्नु बराबर हुन्छ। फेरि आउने व्यक्तिको पुण्य एउटा भेडा दान गर्नको जति हुन्छ। फेरि आउने व्यक्तिको पुण्य कुखुरा दान गरेको जति हुन्छ। फेरि आउने व्यक्तिको पुण्य अण्डा(फुल) दान गर्ने व्यक्तिको बराबर हुन्छ। अनि जब इमाम भाषण दिने मेम्बरमाथि बस्छ तब ईशदूतहरुले रजिस्टर

(वही)बन्द गरेर भाषण सुन्न लाग्छन्।'' (बुखारी र मुस्लिम)
(छ) वक्ताले भाषण दिइरहेको बेला चुपलागेर त्यसलाई ध्यानपूर्वक सुन्नु अनिवार्य छ। नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ:

"إذَا قُلْتَ لِصَاحِبِكَ: أَنْصِتْ يَوْمَ الْجُمُعَةِ وَالإِمَامُ يَخْطُبُ فَقَدْ لَغَوْتَ"
(متفق عليه) وزاد أحمد في روايته"ومن لغا فليس له في جمعته تلك شيء"

"शुक्रवारको दिन इमामले भाषण दिने बेला यदि तिमीले आफ्नो साथीलाई मात्र चुप लाग भन्यौ भने तिमीले व्यर्थ कुरा गर्‍यौ।" (बुखारी र मुस्लिम)
र मुस्नद अहमदमा छ: "जसले जुमामा यसो गर्‍यो भने त्यसलाई जुमाको पुण्य प्राप्त हुँदैन।''
(ज) शुक्रवारको दिन सूरह क'हफ् पढ्नु मुस्तहब छ। एउटा हदीसमा भनिएको छ

"مَنْ قَرَأَ سُوْرَةَ الْكَهْفِ يَوْمَ الْجُمُعَةِ أَضَاءَ لَهُ مِنَ النُّوْرِ مَا بَيْنَ الْجُمُعَتَيْنِ" (الحاكم والبيهقي وصححه الألباني)

"जसले शुक्रवारको दिन सूरह क'हफ पढ्यो त्यसलाई प्रकाश प्राप्त हुनेछ। जसले आगामी जुमासम्म उसलाई प्रकाश दिइरहन्छ।'' (हाकिम र बैहकी)
(झ)जुमाको समय भएपछि स्थायी व्यक्तिहरुका लागि नमाज पढ्ने अघि यात्रा गर्नु अवैध घोषित गरिएको छ।
(ञ) शुक्रवारको रातीलाई त'हज्जुद्को नमाज र शुक्रवारको दिनलाई ब्रतको लागि खास (निश्चित) गर्नु प्रमाणित छैन। एउटा हदीसमा छ:नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छ:

"لا تَخُصُّوْا لَيْلَةَ الْجُمُعَةِ بِقِيَامٍ، وَلا تَخُصُّوْا يَوْمَ الْجُمُعَةِ بِصِيَامٍ مِنْ بَيْنِ الأَيَّامِ، إلا أنْ يَكُوْنَ فِيْ صَوْمٍ يَصُوْمُهُ أَحَدُكُمْ" (مسلم)

"त'हज्जुद्को लागि जुमाको रातीलाई र ब्रतको लागि जुमाको दिनलाई खास (निश्चित) नगर। यस बाहेक कि त्यो ब्रत बसेको दिनहरुमध्ये आइहालोस्।'' (मुस्लिम)
(त)जसले शुक्रवारको ब्रतबस्न चाहन्छ भने त्यसको लागि एक दिन अघि वा पछि थपेर ब्रतबस्नु अनिवार्य छ।

(ठ)जुमाको अगाडी जति पनि नफ्ल नमाज पढ्न सकिन्छ तर जहाँसम्म जुमापछि पढिने सुन्नत नमाजको कुरा छ , त्यो दुई वा चार रकातको संख्यामा दुबै प्रकारले पढ्नु प्रमाणित छ। धार्मिक विद्वानहरुले यसमा यसप्रकार छुट्याएका छन् कि मस्जिदमा सुन्नत पढ्नेहरुले चार रकात पढ्छन् र घरमा गएर पढ्नेहरुले दुई रकअ्त पढ्छन्। तर आदरणीय अब्दुर्रह्मान मुबारकपूरीले भन्नुभएको छ कि मेरो नजिक चार रकात पढ्नु नै सर्वोत्तम हो चाहे मस्जिदमा पढून् वा घरमा पढून् , किनकि नबी सल्लल्लाहु अलैहि व सल्लमसित यो नै प्रमाणित छ र उहाँले हामीलाई यही आदेश दिनुभएको छ।

(तुहफतुल् अह्वजी ३/५९)

स्पष्ट होस् कि दुई रकात पढ्नु उहाँको कर्महरुमध्ये आउँछ जबकि चार रकात पढ्नु चाहिं आदेश हो। अनि यस्तो अवस्थामा आदेशको अनुसरण गर्नुपर्छ जस्तै धार्मिक विद्वानहरुले भनेका छन्: उहाँको कथनलाई कर्ममाथि प्राथमिकता प्राप्त छ।

(ड) इमामले धार्मिक सन्देशको प्रवचन दिइरहेको बेला मस्जिदमा प्रवेश गर्ने व्यक्तिका लागि दुई रकअ्त नमाज(तहीय्यतुल् मस्जिद) पढेर बस्नु अनिवार्य हुन्छ। एक चोटिको कुरा हो, नबी सल्लल्लाहु अलैहि व सल्लमले प्रवचन दिइराख्नुभएको थियो। त्यासै बेला सुलैक गत्फानी मस्जिदमा प्रवेश गरेर सुन्नत नपढिकनै बस्नुभयो। त्यसपछि नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभयो:

" إذَا جَاءَ أَحَدُكُمْ يَوْمَ الْجُمُعَةِ وَالإمَامُ يَخْطُبُ، فَلْيُصَلِّ رَكْعَتَيْنِ، ثُمَّ لِيَجْلِسْ "(مسلم)

"इमामले भाषण(प्रवचन)दिरहेका बेला तिमीहरुमध्ये कोही मस्जिदमा प्रवेश गर्छ भने २ रकअ्त(रकात) नमाज पढेर मात्र मस्जिदमा बसोस्।''  (मुस्लिम)

(ढ) जुमाको नमाजमा सूरह जुमुअ़ह् र सूरह मुनाफेकून वा सूरह आला र सूरह गाशीया पढ्नु मुस्तहब(पुण्यको काम) छ।

(न) जुमाको नमाज प्राय: मस्जिदमा पढिन्छ। तर कुनै उचित कारणले अन्य कुनै पवित्र ठाउँमा सामूहिक रुपमा भेला भएर इस्लामी विधिविधान अनुसार पढ्न सकिन्छ।

कुनै विशेष कारणवस जुमाको नमाज अन्यत्र पढ्नुपर्दा मस्जिदमानै पढ्नुपर्दछ भन्ने बन्देज (शर्त) लगाइएको छैन र न सहरको नै,यसर्थ कुनै पवित्र ठाउँमा चाहे सहरमा होस् वा गाउँमा जुमा पढ्न सकिन्छ। प्रथम जुमा नबी सल्लल्लाहु अलैहि व सल्लमले कुबाबाट मदीना जाँदा(बनी सालिम पुत्र औफमा भएका वादी)उपत्यकामा पढ्नुभएको थियो। त्यस्तै मस्जिद नबवीपछि प्रथम जुमा साउदी अरबको बहरैनको जोवासा नामक गाउँको अब्दुल्कैस नामक मस्जिदमा पढ्नुभएको थियो।

## नमाजीहरुका त्रुटिहरु — أخطاء المصلين

➲जुमाको नमाज छोड्नाले वा यसमा लापरवाही गर्नाले ठूलो पाप हुन्छ तर पनि केही दाजुभाइहरुले यसलाई केही महत्व नदिइकन यो दिनलाई पनि सामान्य दिन जस्तै बिताउँछन्,यसोगर्नु वास्तवमा एक प्रकारको ठूलो गल्ति हो।

नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नुभएको छः

"لَيَنْتَهِيَنَّ أَقْوَامٌ عَنْ وَدْعِهِمِ الْجُمُعَاتِ أَوْ لَيَخْتِمَنَّ اللهُ عَلَى قُلُوْبِهِمْ ثُمَّ لَيَكُوْنَنَّ مِنَ الْغَافِلِيْنَ" (مسلم)

"मानिसहरुले जुमा छोड्नलाई छोडि देउन् नत्र अल्लाहले उनीहरुको हृदयमाथि छाप लगाई दिनुहुन्छ। फेरी उनीहरु सत्य मार्गबाट वञ्चित हुनेछन्।'' (मुस्लिम)

➲जुमाको नमाजको लागि नियत नगर्नु जस्तै केही मानिसहरु मात्र परम्परागत यसलाई पढ्छन् , जबकि कुनै पनि शुभ कर्ममा नियत गर्नु अनिवार्य हुन्छ।

➲जुमाको राती अबेरसम्म जागरण गर्नु यहाँसम्म कि फज्रको नमाज पढ्न नभ्याओस्। एउटा हदीसमा छः

"أَفْضَلُ الصَّلَوَاتِ عِنْدَ اللهِ صَلاةُ الصُّبْحِ يَوْمَ الْجُمُعَةِ فِيْ جَمَاعَةٍ"(الصحيحة:1566)

"अल्लाहको दृष्टिमा सबभन्दा उत्कृष्ट नमाज शुक्रवारको फज्र नमाजलाई सामूहिक रुपमा पढ्नु हो।''(सहीहा :१५६६)

➲जुमाको लागि ढिलो गरेर आउनु यहाँ सम्मकि भाषण(प्रवचन)नै

समाप्त हुन लागोस्।

➲जुमाको लागि ननुहाउनु, सुगन्धित अत्तर नगाउनु, दतिवन नगर्नु र सफासुग्घर लुगा नलगाउनु।

➲जुमाको अजानपछि पनि किनवेच गर्नु जस्तो व्यापार व्यवसायमा नै लागिरहनु।

➲शुक्रवारको दिन केही पापगर्दै अल्लाहको भक्तिका लागि तयारी गर्नु जस्तै दाह्री काट्नु , अनि यसलाई पनि पवित्रता र सरसफाइमध्ये नै मान्नु।

➲अघिल्ला पंक्तिमा खाली ठाउँ भएको अवस्थामा पनि पछाडि वा मस्जिदबाट बाहिर बस्नु।

➲कोही अरु व्यक्ति बसिरहेको ठाउँबाट उसलाई उठाएर त्यस स्थानमा आफै बस्नु। हदीसमा यसो गर्नबाट मनाही गरिएको छ।

➲अरु मानिसहरुको काँध नाघेर अगाडि जानु। जसले गर्दा मानिसहरुलाई समस्या हुनजान्छ। नबी सल्लल्लाहु अलैहि व सल्लमले यस्तो व्यक्तिको बारेमा भन्नुभएको छ:

"اِجْلِسْ فَقَدْ آذَيْتَ وَآنَيْتَ " ( صحيح الترغيب والترهيب وصحيح ابن ماجه)

“बस तिमीले मानिसहरुलाई हानि पुऱ्यायौ र उनीहरुलाई समस्यामा पाऱ्यौ।’’ (सही इब्ने माजा)

➲मस्जिदमा ठूलो स्वरले कुराकानी गर्नु र पवित्र कुरआनलाई पढ्नु जसले नमाजीहरुलाई विथोलोस् र शान्तिपूर्ण नमाज पढ्नमा अप्ठेयारो पारोस्।

➲विना कुनै कारण अजानपछि मस्जिदबाट बाहिर निस्कनु।

➲भाषण(धार्मिक प्रवचन)भइरहेको बेला अन्य कुनै काममा व्यस्त हुनु र ध्यानपूर्वक भाषण(धार्मिक प्रवचन)लाई नसुन्नु।

➲प्रथम भाषण(खुत्बा/प्रवचन)पछि वक्ता बसेको अवसरमा दुई रकात नमाज पढ्नु जब कि उक्त समयमा प्रार्थना गर्नु प्रमाणित छ।

➲नमाजको अवस्थामा हिंडडुल गर्नु र सलामपछि प्रमाणित प्रार्थना नगरिकन मस्जिदबाट छिटो निस्कनु। नमाज पढिरहेका व्यक्तिहरुको अगाडिबाट जानु र मस्जिदको ढोकामा भीड लगाउनु।

## वक्ताका त्रुटिहरु أخطاء الخطباء

➲भाषण लामो र नमाज छोटो पढाउनु। आदरणीय अम्मारले भन्नुहुन्छ:मैले अल्लाहको रसूललाई भन्दै सुनें"नमाजलाई लामो र भाषण छोटो गर्नु वक्ताको तत्वदर्शिताको चिन्ह हो। नमाज लामो गर र भाषण छोटो गर। नि:सन्देह केही भाषण जादू जस्तै हुन्छ।''(मुस्लिम)

➲आवश्यक अनुसार प्रवचन नगर्नु। जस्तै हजको शुभ अवसरमा मानिसहरुलाई जानकारी गराउनुपर्ने सम्बन्धित विषय सन्दर्भलाई ध्यान नदिइकन अन्य असम्बन्धित सन्दर्भलाई लिएर प्रचार भाषण दिनु।

➲भाषणमा जईफ(निम्न स्तरको) र मौजू(मनगढन्त) हदीसलाई प्रमाणको लागि पेश गर्नु।

➲भाषणमा (प्रवचन) पवित्र कुरआन नपढ्नु। जब कि नबी सल्लल्लाहु अलैहि व सल्लम जुमाको भाषाणमा सूरह काफ पढ्नुहुन्थ्यो।

➲दोश्रो भाषाण(खुत्बा)मा मात्र प्रार्थना गर्नु र यसैमाथि दोश्रो भाषणलाई समाप्त पार्नु।

➲प्रवचनको चरणमा अपनाउनुपर्ने वक्ताले उचित शैली र ढाँचाको प्रयोग नगर्नु।

स्पष्ट होस् कि यसलाई तयार पार्नमा खासगरी शैख खालिद अबू सालेहले अरबी भाषमा तयार पारेको पम्फलेटबाट ठाउँ-ठाउँमा सहयोग लिइएको छ।

पाठकवर्ग : पवित्र कुरआन र सही हदीसको आधारमा अल्लाहको अत्यन्तै कृपा तथा विशेष अनुकम्पाले सकेसम्म मैले संक्षेपमा नमाज सम्बन्धी तयार पारेको आफ्नो यस सानो पुस्तकको माध्यमले इस्लामको दोस्रो आधार नमाजको सम्बन्धमा तपाईंलाई सत्य-तथ्य जानकारी गराउन प्रयास गरेको छु। यसर्थ नमाज र अन्य जुनसुकै पनि प्रकारको प्रमाणित उपासना सम्बन्धमा पवित्र कुरआन र सही हदीसबाट प्रमाण प्राप्त भएमा त्यसै बमोजिम कर्म गर्नु प्रत्येक मुसलमानको प्रथम दायित्व हो। कसरी नमाज पढ्नुपर्छ? कुन बखतको नमाज कति रकात हो? र कुन अवस्थामा के कस्तो बिन्ती गर्नु प्रमाणित छ? यसप्रकारको सम्पूर्ण आवश्यक कुरालाई मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले विशलेषनात्मक रुपमा व्याख्या गरी आफ्ना श्रद्धालु सहाबीहरुलाई सिकाउनुभएको छ। बरु उहाँले आफूले नमाज पढेको जस्तै नमाज पढ्न आदेश दिनुभएको छ। यसर्थ हाम्रो कल्याण यसैमा छ कि हामी उहाँको आज्ञापालन गरौं र नमाज पनि त्यसरी नै पढौं जस्तै उहाँ पढ्दै हुनुहुन्थ्यो।

अल्लाहले हामी सबैलाई इस्लाम धर्मलाई राम्ररी जान्ने र त्यसका गतिविधिहरुलाई जस्ताका त्यस्तै अनुसरण गर्ने क्षमता प्रदान गरुन्।

(आमीन)

शुरु र अन्त्यमा सम्पूर्ण प्रसंशा अल्लाहकै लागि छन्। मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम, र वहाँका सम्पूर्ण अनुयायीहरुमाथि सदासर्वदा चीर-शान्ति होस्।

आमीन

विनीत

करमुल्लाह अब्दुर्रउफ मदनी
शिक्षक
इस्लामी शैक्षिक तथा
सांस्कृतिक केन्द्र
औकाफ मन्त्रालय कुवैत
kalaiya1979@gmail.com